# अध्याय–एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

संसारमा मानव विकासको क्रममा मानव जाति लाखौ वर्ष पहिलेदखि पृथ्विमा बसोबास गर्दै आएको छ । विभिन्न अनुसन्धानहरुबाट प्राप्त जानकारीहरुका आधारमा ब्रह्माण्डबाट पृथ्विको उत्पत्तिपश्चात् लाखौ वर्षपछि पृथ्विमा मानवको उत्पति भएको कुराहरुको बारेमा विद्धानहरुले जानकारी दिएका छन् । वास्तवमा समयको विकास क्रममा मानव समुदायले विभिन्न कालहरु पार गर्दै आयो र कालान्तरमा उसको बौद्धिक विकासमा पनि वृद्धि हुदै आयो । प्रारम्भमा मानिस असंगठित रूपमा थियो । आदिम शिकारी तथा कन्दमूल बटुल्ने मानव समाज नितान्त घुमन्ते प्रकृतिको थियो । जुन प्राकृतिक उत्पादनमा नै आश्रित हुने गर्दथ्यो । (एङ्गेल्स,१९८६:२८) । मानव समुदाय पशुपालन युग तथा कृषि युगमा आइपुगेपछि जनसङ्ख्यामा पनि अत्याधिक वृद्धि हुदै गयो । मानव समुदायमा वंशअनुसारको समुदायको नयाँ रुप आयो । यो वंश अनुसारको समुदायमा पनि वृद्धि हुदै जादा धेरै वंशहरु देखापर्दै आए र त्यसले जातीय समुदाय वा समूहको रुप लिन थाल्यो । यो जातिय समुदाय वा समुह धेरै वंशहरुको सङ्गठन हो (जोतोभ,१९८५:१३६) । प्रारम्भिक कालमा शिकारी र कन्दमुल बटुल्ने समयमा महिला र पुरुषको भूमिका बराबरी थियो । समाज दासयुगमा प्रवेश गरेपछि सम्पत्तीमा निजी स्वामित्वको सवालले महत्व पायो । त्यसपछि नै महिलाको अवस्था पुरुषको तुलनामा कमजोर बन्यो । ती समुदाय वा सङ्गठनभित्र अनुशासन कायम गर्न, सामाजिक मूल्य र मान्यताहरुको अवलम्वन गर्न, समुहिक वा व्यत्तिगत कामहरु गर्न तथा गराउन नेतृत्वको आवश्यकता हुन गयो । त्यस्तो नेतृत्वको रुपमा ती जातीय समूहमा 'प्रमुख' निर्वाचित भएर प्रशासन चलाउने परिपाटीको विकास भयो । यही वंशानुगत जातीय समूह व्यवस्थामा व्यत्तिगत सम्पत्तिको अवधारणाको विकास र कार्यान्वियन हुने क्रममा समाजका टाठाबाठाहरु ठूलो सम्पत्तिका मालिकका रुपमा स्थापित हुन गए । यसले गर्दा मानिसहरुमा असमानता बढ्दै गयो । धनी र गरिब अर्थात शोषक र शोषित वर्गको समेत स्थापना हुन गयो (जोतोभ,१९८५:१३७) । त्यसैगरी तथाकथित जन्मको आधारलाई अगाडि तेर्स्याएर पनि मानिसहरुका बीचमा भेदभावको रुप सिर्जना भयो ।

नेपाली समाजको सन्दर्भमा चर्चा गर्नुपर्दा दलित  शब्द संस्कृतबाट नामाकरण भई आएको हो । यसको अर्थ दलीयको, हेपिएको वा पिसिएको भन्ने बुझिन्छ । दलितहरु सामाजिक, आर्थिक, धार्मिक, सास्कृतिक रुपमा दमित वा अपहेलित छन् । परम्परागत रुपमा दलित भन्नाले तथाकथित माथिल्लो जातिका समुदायबाट दबाइएका, पछाडि पारिएका वा अछुत भनिने जातिलाई बुझिन्छ । सामन्तवादी हिन्दु संरचना भित्र आधारभूत पेसा,सीप तथा कला क्षेत्रमा संलग्न रहदै आएका कारण चरम जातिय विभेद र अमानविय छुवाछुतको उत्पीडन भोग्दै आएको समुदाय नै दलित हो । नेपाली समाजमा दलित वर्णव्यवस्थामा आधारित छ । यस समाजभित्र जातियभेदभाव तथा छुवाछुत प्रथाले डेरा जमाएको छ । अझ भन्ने हो भने हातमा विभिन्न सीप भएका शिल्पकर्मीहरु जसले मानिसका विविध आवस्यकता पूर्ति गर्दछन् तिनीहरुलाई अछुत बनाईएको छ । यो विडम्बनाको विषय हो । यहाँको समाजमा कामी, दमाई, सार्की, गाइने आदि विभिन्न जातिका मानिसहरुलाई दलित तथा अछुत जातिको रुपमा लिइएको छ । यी विभिन्न जातिभित्र अनेकौ थरहरु रहेको पाइन्छ ।  देशका बिभिन्न भागमा बसोबास गर्ने उच्च जातका हिन्दुहरु अझैपनि दलितहरुले दिएको पानी र खाना स्वीकादैनन् । यी समुहको भाषा, संस्कृति र धर्ममा विभिन्नता रहेको पाइन्छ । दलित आयोगले दलितहरुलाई क्षेत्रगत आधारमा दुईवटा विशाल समुहमा विभाजित गरेको छ । पहाडिया दलितहरुमा कामी, सार्की, दमाई, गाइने, वादी पर्दछन र तराई दलितहरुमा बातर, चमार, धोवी, डुम,  दुसाध, हल्खोर, खत्वे, मुसहर, पत्थरकट्टा, तत्मा, सतार, तेली आदि जातिहरु बसोबास गरेको पाइन्छ (नेपाल राष्टिय दलित समाज कल्याण संघ,२००६)।

पितृसत्तात्मक समाजमा सधै पुरुषको उच्च स्थान हुने हुदा निर्णय प्रक्रियामा महिलाहरुको अति न्युन स्थिति रहेको पाइन्छ जवकी प्रत्येक परिवार वा घरमा पुरुषको वर्चश्व देखिन्छ । यसको मुख्य कारण हाम्रो समाजमा रहेको पितृसत्तात्मक व्यवस्थालाई लिन सकिन्छ । जेहोस् महिला निर्णय प्रक्रियामा रहेको भूमिकाको बारेमा चर्चा गर्दा यसको लामो इतिहास छ । जब प्रारम्भिक युगबाट मानिसहरु दास युगमा प्रवेश गरे तब महिलाहरुलाई निर्णय प्रक्रियाबाट अलग राखिएको पाइन्छ । विश्व परिवेशमा आधा आकास ढाकेका महिलाहरु विश्वको इतिहासमा उच्च पदहरुमा महिलाहरुको नाम निकै कम सुनिन्छ । आज शिक्षित र अधिकार सम्पन्न महिलाहरुमा पनि प्रशस्तै लैङ्गिक विभेदको अवस्था छ । उनिहरु घरायसी काम गर्ने दर पुरुषको तुलनामा बढि रहेको छ । एकै किसिमको काममा लागेका श्रीमान र श्रीमती को कामको तुलना गर्ने हो भने पुरुषले घरबाहिरको काम गरेपछि घरमा

आएर आराम गर्छन, टिभी हेर्ने, मनोरञ्जन आदि काममा समय विताएको पाईन्छ भने महिला घरधन्दाको काममा समय विताइरहेको पाइन्छ । त्यसोत वर्तमानको विश्व बजारमा पनि महिलाहरुलाई आकर्षणका वस्तुका रुपमा प्रस्तुत गराइएको छ र उनिहरुको इच्छा, चाहना तथा निर्णयलाई वेवास्ता गरिएको छ । आर्थिक, सामाजिक, राजनीतिक आदि क्षेत्रमा उनिहरुको निर्णय अनुसार परिवार चल्न सकेको छैन । राज्यले लागु गरेको नीति नियम अनुसार हरेक क्षेत्रमा ३३ प्रतिशत महिला पहुँचको सुनिश्चितता गर्ने भनेकोमा हाल संविधान सभामा महिला सभासदको सङ्ख्या १७२ (२९.९प्रतिशत) जना हुनु एकत महिलाहरुको निर्णय प्रक्रियामा कम पहुँच हुनु साथै राज्यले महिलाहरुको उत्थानमा न्युन कार्य गरेको पाईन्छ । जबकि कुल जनसङ्ख्याको ५१.५० प्रतिशत महिलाको त्यो स्थिति उनिहरुको निर्णय प्रक्रियामा कम पहुँच रहेको स्थिति देखिन्छ ।

विश्व परिवेशमा महिलाहरु पछि परिरहेको सन्दर्भ अझ नेपालको परिबेशमा महिला मुनिका पनि महिला जुन दलित महिला छन् निर्णय प्रक्रियामा यिनीहरुको भूमिका कतिको प्रभावकारी छ होला ? जवकी नेपालमा अन्य उच्च जात कहलिएका महिलाहरुको विकास प्रक्रियामा सहभागि हुन सकेका छैनन् । परापूर्व कालदेखि हिन्दु धर्मको अधिनता रहेको नेपालमा दलितहरुलाई दोस्रो दर्जाको नागरिक तथा दासको रुपमा व्यवहार गरिएका तथ्यहरु हाम्रा सामुनै छन् । यसबाट कोही अज्ञात छैंन भन्दा पनि हुन्छ । दलित महिलाहरु प्राय अशिक्षित छन्  अरुको घरमा खेतालो गएर , मजदुरी गरेर , भारी बोकेर आफ्नो जिवनगुजारा गरिरहेको हामी पाउँछौ । सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरुले दलित महिलाहरुको विकासका लागि विभिन्न प्रभावकारी कार्यक्रमहरु ल्याएको पाइदैन र ल्याएको कार्यक्रमले पनि दलित महिलाहरुको जिवनस्तरमा खासै परिवर्तन आएको पाइदैन । अझैपनि दलित महिलाहरु अशिक्षा, भोकमरी र गरिबिको चपेटामा परेको हामी पाउँछौ । दिउसो मेला गएर बेलुकी चामल, पिठो, गुन्द्रुक आदि ल्याएर बेलुकीको छाक टार्नुपरेको स्थिति देखिन्छ । देशको संविधानमा उल्लेखित मौलिक हक र अधिकारको ज्ञात नभएको स्थिति छ । पुरुषहरुको खेलौना बन्नु, बच्चा पाउने मिसिनको रुपमा प्रयोग गरिनु ज्यादैनै दु:खद स्थिति हो भन्न सकिन्छ ।

## १.२ समस्या कथन

विश्वका आधा आकास ओगटेका महिला विरुद्ध विभिन्न किसिमका शोषण भएको पाइन्छ । यस्ता शोषणहरुले महिलाको अवस्था निकै जर्जर र दुःखप्रद एवं पिडादायी अवस्थामा गुज्रिरहेको छ । पुरुषले महिलाको इच्छा विना आफ्नो शक्तिलाई सामर्थवान बनाउने अरुको कमजोरीबाट बढी भन्दा बढी फाइदा लिएको स्थिति छ अर्थात् कुनै न कुनै प्रयासबाट महिलामाथि पीडा उत्पन्न गराइराखेको हुन्छ ।

विश्व मानवीय ब्रमाण्डको समाज महिला पुरुषको संयुक्त संयोजनबाट सिर्जना भएको हुन्छ भने पुरुषले महिलाको सम्पूर्ण क्रियाकलापलाई आफ्नो नियन्त्रणमा राखेको पाइन्छ । वैवाहिक कार्यमा महिलाको सानै उमरेमा गरिएको बालविवाह, बहुविह, गर्भपतन गर्नमा दवाव, बहुपति विवाह, महिला बन्ध्याकरण, महिलाको बुढो मानिससँग विवाह, यौन क्रियामा दवाव, पारपाचुकेको दवाव, इच्छा विरुद्धको यौन सम्बन्ध, जवरजस्ती विवाह, छोरा पाउने आशमा सुत्केरी दोहऱ्याउने क्रम, पाठेघर खसेको अवस्था र त्यसले जन्माउने अपहेलना आदि समस्याहरुले समाजलाई नराम्ररी जकटेको पाइन्छ ।

नेपालको सन्र्दभमा महिलाहरुको शिक्षा, निर्णय र नेतृत्व क्षमता कमजोर रहेको पाईन्छ । उच्च सरकारी ओहदाहरुमा महिलाको प्रतिनिधित्वमा कमि रहेको छ । त्यसमा पनि दलित महिलाहरुको अवस्था अझ दयनिय छ । उत्पादनको प्रकियामा चर्चा गर्नुपर्दा महिलाहरुलाई अनुत्पादनशिल क्षेत्रमा र पुरुषले उत्पादनशिल क्षेत्रमा अधिकार जमाएको देखिन्छ । महिलाहरुमाथि विवाहको निर्णय प्रक्रियादेखि नै अलग गरिएको पाईन्छ । त्यसमा पनि दलित महिलाहरुको अवस्था अझ दयनिय छ । महिलाहरुले केही भन्योकि पोथी बासेको राम्रो हुदैन जस्ता शब्दावलीको प्रयोग पूरुषप्रधान समाजका नाईकेहरुले लगाएको पाइन्छ । यसैक्रममा अर्मला–६ मा उक्त यावत कारणबाट दलित महिलाको आर्थिक र सामाजिक पक्षमा निर्णय प्रक्रियामा भूमिका के कस्तो छ भन्ने जान्ने उत्सुकताले गर्दा यसबारे अध्ययन, खोजबाट वास्तविकतालाई समाजसमक्ष उजागर गर्न उपयुक्त हुने भएकोले यस अध्ययनलाई प्राथमिकता दिई अगाडि बढाउने जमर्को गरिएको हो । यस सन्दर्भमा निम्न अनुसन्धानमूलक प्रश्नहरु सान्दर्भिक ठानिएको छ ।

क) अर्मला–६ का दलित महिलाहरुको आर्थिक तथा सामाजिक पक्षमा निर्णयको भूमिका कस्तो छ ?

ख)  आर्थिक र शैक्षिक स्थितिले निर्णय प्रक्रियामा कस्तो भूमिका खेलेको छ ?

ग)  दलित महिलाहरुको वर्तमान अवस्था कस्तो छ ?

## १.३ अनुसन्धानको उद्देश्यहरु

यस अध्ययनको सामान्य उद्देश्य दलित महिलाहरुको निर्णय प्रक्रियाको अध्ययन गर्नु हो भने विशिष्ट उद्देश्य अन्तर्गत निम्न उद्देश्यहरु रहेका छन् :-

क) दलित महिलाहरुको पारिवारीक र आर्थिक अवस्थामा निर्णय क्षमताको पहिचान गर्नु ।

ख) निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

यस शोध कार्यले दलित महिलाहरुको निर्णयक्षमताको स्थितिलाई उजागर गरेको छ । दलित महिलाहरुको आर्थिक र सामाजिक अवस्थाको खोजि गरिएको छ । नेपालमा जातिय भेदभाव र दलित आन्दोलनका बारेमा चर्चा गरिएको छ । यस अध्ययनबाट पत्ता लागेको परिणामले समेत भविश्यमा दलित महिलाहरुको निर्णय क्षमतासम्बन्धित समाजशास्त्रीय अनुसन्धानमा सहयोग गर्नेछ साथै यस अनुसन्धानमा चासो राख्ने प्रत्येकलाई थप अनुसन्धानको लागि मार्ग देखाउने छ ।

## १.५ अध्ययनका सिमाहरु

शैक्षिक अध्ययन भएको हुँदा अनुसन्धानकर्ताका रुपमा विद्यार्थी सिमित वजेट एवं अरु श्रोतको सिमासँगै अघि जानुपर्ने हुन्छ । यस अनुसन्धानलाई पनि निश्चित समय, बजेट, स्थान एवं अरु स्रोतको उपलब्धताका आधारमा सीमा निर्धारण गरिने छ । यस अध्ययनका निम्न सीमाहरु रहने छन् :-

क)  यस अध्ययनलाई अर्मला–६ मा सीमित गरिएको छ ।

ख)  परिवारका सासु र बुहारीहरुलाई प्रतिनिधिको रुपमा चयन गरिएको  छ ।

ग)  यस अध्ययनमा दलित महिलाहरुको निर्णय पक्रिया र यसमा प्रभाव पार्ने तत्वहरुको मात्र अध्ययन गरिएको छ ।

घ)  नेपाल विविधतायुक्त राष्ट्र भएको हुँदा सम्पूर्ण नेपालभरि यसको सामान्निकरण गर्न भने नसकिएला ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

यस अनुसन्धानलाई जम्मा सात अध्यायमा विभाजन गरिएको छ । प्रत्येक अध्यायमा के कसरी व्याख्या गरिएको छ भनि तल वर्णन गरिएको छ ।

अध्याय एकमा परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अनुसन्धानको उद्देश्यहरु, अध्ययनका सिमाहरु र महत्वका बारेमा ब्याख्या गरिएको छ भने अध्याय दुईमा अवधारणागत सिंहावलोकन, सैदान्तिक पुनरावलोकन, पूर्व साहित्य समिक्षा र अवधारणात्मक खाँका प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय तीनमा अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कहरुको स्रोत एवं प्रकृति, समग्र र नमूना छनौट, तथ्यांक संकलनका विधिहरु, तथ्यांकको विश्वसनियता एवं प्रमाणिकता र तथ्यांकको विश्लेषण एवं प्रस्तुतिकरणलाई समावेश गरिएको छ ।

अध्याय चारमा अध्ययन स्थल अर्मलाको सामाजिक इतिहास, सामाजिक आर्थिक विशेषता अन्तर्गत उमेर, शिक्षा, पेशा, वैवाहिक स्थिति, धर्म सम्बन्धी विवरणलाई राखिएको छ

अध्याय पाँचमा पारिवारिक निर्णय प्रक्रिया सम्बन्धि विवरणमा विवाहको किसिम, मागि विवाह र निर्णय क्षमता, विवाह र दाइजो, खानपिनमा महिलाको निर्णय क्षमता, महिला र सम्पत्ति, खेतिपाती र निर्णय, वाली बेचबिखनमा निर्णय, जन्म निर्धारण र महिला, परिवार नियोजनका साधनको प्रयोग र महिला निर्णय, गर्भवती अवस्था र स्वास्थ्य सेवा, स्वास्थ्य जाँच र निर्णय क्षमता, परिवारमा शिक्षा र महिला निर्णय, छुट्टिने प्रक्रिया र निर्णय क्षमता, घरबाहिरको काममा महिला र श्रीमानको स्विकृति, वैवाहिक कार्य र निर्णय, संघसंस्थाको कार्यमा संलग्नता र श्रीमानको निर्णय विरुद्ध महिलाका बारे देखाउन खोजिएको छ ।

अध्याय छ मा निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वसम्बन्धी दलित महिलाहरुको धारणा बुझ्न खोजीएको छ साथै दाइजो र पेशा छनौटमा निर्णय, विवाहको किसिम र छुट्टिने निर्णय, पेशा र आर्थिक निर्णय, महिलाको शिक्षा र संघसस्थाको काममा निर्णय र वैवाहिक स्थिति र घरायसी निर्णयका बिच तुलना गरिएको छ ।

अध्याय सातमा सारांश, मुख्य प्राप्ति, निश्कर्ष र सुझाव समेत समेटिएको छ । यस अध्ययनको उद्देश्य प्राप्तिको लागि विभिन्न स्वदेशी तथा विदेशीहरुको पुस्तक र रचनाहरुलाई अध्ययन गरी सन्दर्भ ग्रन्थ सूचिमा राखिएको छ । विभिन्न अध्यायमा मेल खाने गरी सात जना विभिन्न उमेर समुहका महिलाहरुको वैयक्तिक अध्ययन राखिएको छ । साथै अध्ययन स्थलमा गरिएको प्रश्नावलीलाई राखिएको छ र अन्तमा समुह छलफलमा राखिएका प्रश्नहरुलाई राखिएको छ ।

# अध्याय - दुई

# साहित्य समिक्षा

यस अध्यायमा साहित्यको अवधारणागत सिंहावलोकन, सैदान्तिक पुनरावलोकन, पुर्व साहित्य समिक्षा र अवधारणागत खाँका प्रस्तुत गरिएको छ ।

## २.१ अवधारणागत सिंहावलोकन

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ, उनीहरुलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ । त्यसको अर्थवोध गर्नुलाई सामाजिक लिङ्ग (जेण्डर) भनिन्छ (भासिन, २००३) । लिङ्ग शब्दले महिला र पुरुष शरीरको भौतिक भिन्नतलाई जानाउँछ र लैङ्गिक शव्दले मनौवैज्ञानिक, सामाजिक र सांस्कृतिक भिन्नतलाई बुझाउँछ (गिडेन्स, २००१) । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग-अलग हुने गर्दछ भने लिङ्गको आधारमा महिला र पुरुष दुवैबाट समाजले अपेक्षा गरेको भूमिका नै लैङ्गिक हो । मानव महिला र पुरुष गरी दुई शारीरिक रूपमा भिन्न हुन्छ । यद्यपी उनीहरुको आचरण कार्य र भूमिकाहरु पनि भिन्नता देखिन्छ र कतिपय सवालमा दुवै समान छन् । जब एक बालकको जन्म हुन्छ तब ऊ केटा हुन्छ वा केटी हुन्छ । केटा र केटी छुट्याउने एक मात्र आधार उसको Sex Organ हुन्छ । जसले महिला र पुरुष बीचको भिन्नताको संकेत गरेको हुन्छ यो नै प्राकृतिक लिङ्ग भेद हो । साधारण अर्थमा भेदभाव भन्नाले एक अर्काप्रति असमान व्यवहार गर्नु अर्थात एक पक्षलाई सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक जस्ता तहहरुमा प्रोत्साहित गर्नु र अर्को पक्षलाई निरुत्साहित गर्नु भन्ने बुझिन्छ । कुनै पनि समाज र संस्कृतिले मानव-मानव बीचका लागि फरक-फरक व्यवहारहरुको इङ्गित गर्नु लैङ्गिक भेदभाव हो । संसारमा प्राय: सबै समाज कुनै न कुनै लैङ्गिक भेदभावबाट अछुत देखिन सकेको छैन । यद्यपि महिला विरुद्ध हुने भेदभावले चाहिँ बढी महत्व पाएको छ । अझ नेपाली समाज र संस्कृतिमा त महिला माथि हुने भेदभाव असंख्य रूपमा देखिन्छन् जसको पुष्टि 'पोथी बास्नुहुदैन', 'छोरी मरी ठूलो घर परी' भन्ने विभिन्न प्रचलित सामाजिक कथनबाट हुन्छ (चौलागाइ, पोखरेल, सापकोटा, २०६०) ।

यस प्रकार हामी के भन्न सक्छौं भने लैङ्गिक भेदभाव भन्नाले व्यक्तिगत आधारमा एक अर्काप्रति गरिएको लिङ्गवाद अन्तरगतको भेदभावपूर्ण व्यवहार हो भन्ने बुझ्न सकिन्छ । लिङ्गलाई जैविकले निर्धारण गर्दछ अर्थात् लिङ्ग भन्ने कुरा जैविकीय हो भने जेण्डर सामाजिक

सांस्कृतिक, मनोवैज्ञानिक रुपमा निर्धारण भएको हुन्छ । विश्वका आधा आकास ओगटेका महिलाहरुलाई निर्णय प्रक्रिया बाट अलग राखिएको पाइन्छ । जसले गर्दा महिलाहरुले आफ्नो व्यक्तित्व विकास गर्न सकिरहेका छैनन् । महिलाको अवस्था निकै जर्जर र दुःखप्रद एवं पिडादायी अवस्थामा गुज्रिरहेको छ ।

नेपालमा लिच्छवी वंशीय राजाहरुको शासनकाल अगाडि वर्णव्यवस्थाका बारेमा निश्चित कुराहरु पाइँदैन । तर पनि नेपाली समाजको निर्माण लिच्छबी शासनकाल पूर्ब भईसकेको थियो । लिच्छबी युगको सुरुवातताका नेपालमा जाति व्यवस्था/वर्णव्यवस्थाको प्रवेश भएको मानिन्छ ।नेपालमा लिच्छवी कालदेखि(ई. २०० देखी ८७९) मा चार वर्ण र अठार जातको रुपमा वर्ण व्यवस्था चलेको र छुवाछुत अठार जातको रुपमा वर्ण व्यवस्था चलेको र छुवाछुत प्रथा चलेको देखिन्छ । मध्यकाल (ई.८७९–१७६८) मा ती दुवै प्रथा झन झाँगिदै आएको पाइन्छ । त्यसै अवधिमा कर्णाली अञ्चलका मतवाली खसहरुमा पनि वर्ण व्यवस्थाको चलन बढ्यो । पूर्वी नेपालको कर्णाटवंशी राज्य (ई. १०९७ देखि १३२५) जातपात छुवाछुत पराकाष्टामा पुग्यो । त्यहाँ जातपात निर्धारण गर्ने राज्यले छुट्टै पञ्जाधिकारीको अड्डा समेत स्थापित गरेको थियो । त्यसमा पूर्वी तराईको सांस्कृतिक प्रभाव बढ्नाले र कर्णाट राज्यको पतनपछि त्यहाँको रान खलकको साथै पुरोहितहरु र विभिन्न जातका मानिसहरु वाग्मती उपत्यकामा आएर बस्नाले त्यो प्रथा झन–झन् बढ्दै गयो । फलस्वरुप जयस्थिति मल्ल को समयमा उपत्यकामा जातपात र छुवाछुत पराकाष्टमा पुग्यो (प्रश्रित, २०५८) ।वि.स. १९१० मा जारी भएको मुलुकी ऐन अनुसार नेपाली समाजलाई तागाधारी, पानी चल्ने, छोईछिटो हाल्नुपर्ने सहित जातिय विभाजन गरेको पाइन्छ (बुढाथोकी :२०६६) । खासगरी हिन्दुहरुको महान धर्मग्रन्थ (ऋग्वेद १०, ९०:१२) मा उल्लेखित छ भनि बताइएअनुसार ब्रह्माको मुखबाट ब्राह्मण, बाहुबाट क्षत्री, पेटको भागबाट वैश्य र खुट्टाबाट शूद्र वर्णका मानिसहरुको जन्म भएको हो । यो अर्थ वा अवधारणा वास्तवमा ठूलो जाति र सानो जातिको अवधारणा बोकी आफू तथाकथित ठूलो जातिका रुपमा समाजमा आफूलाई देखाउने षड्यन्त्र तथा चालबाजीभन्दा बाहेक केही होइन ( लुइँटेल, २०६३:९६०) । नेपालको हिन्दु सामाजिक संरचनामा समग्र दलित वासिन्दाहरुको सामाजिक हैसियत सबैभन्दा न्युन छ । नेपालमा अहिले पनि करिव बीसौ लाख मानिसहरु अछुतप्रथाको नाममा चरम अपमान र उत्पीडनमा परेका छन् (प्रश्रित, २०५८) भनिन्छ, त्यो वैष्णव मतवलम्बीहरुको रुपमा भित्रिएको थियो (बिष्ट,१९९९:३५) । मानिसलाई अछूत

स्तरमा झारेर चरम घृणित व्यवहार गर्ने नियम, कानुन र परम्परा उत्तरी भारत र हाम्रो तराई क्षेत्रमा इ.पू. ६०० देखि चल्दै आएका हुन् (प्रश्रित, २०५८:८४) ।

लिङ्ग र जेण्डरका बारेमा जब १९६८ मा प्रसिद्ध Psychologist Robert Stoller ले लिङ्ग र जेण्डर नामक पुस्तक प्रकाशित गरे त्यसपछि लिङ्ग र जेण्डरका दुईओटा अवधारणाले मूर्तरुप लिन सक्यो । व्यक्तिको रुपमा लिङ्गको विशेषता जुन biologically निर्धारण भएको हुन्छ त्यो महिला र पुरुष दुबैमा पाउन सकिन्छ तर जेण्डर संस्कृति, समाज र मनोविज्ञान आदि कुरामा निर्धारण हुने भएकोले जेण्डर लिङ्गबाट अलग नै देखिन्छ । सामान्यतया प्रत्येक व्यक्तिले आफ्नो पहिचान आफ्नो लिङ्ग बमोजिम निर्धारण गर्दछ । जस्तो पुरुषले पुरुषत्व र महिलाले महिलात्वको रुपमा आ-आफ्नो पहिचान प्रस्तुत गरेका हुन्छन् (चौलागाई समेत, २०६०) ।

प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ तर समाजले केटीभित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात् मौलाउन दिंदैन (भासिन, २००३) । लैङ्गिक भूमिका भन्नाले सामाजिक परम्परा, मूल्य, मान्यता अनुसार महिला पुरुषको काम, सोचाइलाई बुझाउँछ । महिला र पुरुषले समाजको अपेक्षा अनुसार सम्पादन गर्ने उत्तरदायित्व र जिम्मेवारी हो । समाजको अपेक्षा अनुसार महिला र पुरुषको लागि विभाजन गरिएको कार्य नै लैङ्गिक श्रम विभाजन हो । विभिन्न स्रोत र साधनमा महिला तथा पुरुषको अधिपत्य तथा नियन्त्रण रहनुलाई लैङ्गिक पहुँच र नियन्त्रण भनिन्छ । महिला र पुरुष बीचमा रहेको शक्ति सम्बन्धले गर्दा यी दुईले सम्पादन गर्ने कामको मूल्य फरक हुन्छ । शक्तिले लैङ्गिक भूमिकालाई निरन्तरता दिन सहयोग पुऱ्याउछ । लैङ्गिकले सामाजिक जीवनलाई सांस्कृतिक ढाँचा अनुरुप संगठित गर्दछ । यो विगतमा परिवर्तन भएको थियो, वर्तमानमा परिवर्तन भएको छ र भविष्यमा पनि परिवर्तन हुनेछ (अर्याल, २०६२:७) । लैङ्गिक अध्ययनले महिला र पुरुषका बीचमा रहेका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, मनोवैज्ञानिक पक्षको अवस्था, सम्बन्ध, अन्तक्रिया, समानता, विभेद, असमानता आदिको विश्लेषण गर्दै महिला र पुरुषको समानताको खोजी, अध्ययन, अनुसन्धान गर्दछ । प्राकृतिक रुपमा महिला र पुरुषको संरचना फरक भए पनि महत्व समान रहेको र सामाजिक तथा सांस्कृतिक रुपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सिर्जना भएको हो (मार्सल, १९९८:२५१) ।

भारतिय उपमहादिपमा आर्यहरुले चलाइएको वर्ण व्यवस्था कालक्रममा वर्णाश्रम धर्म (हिन्दु धर्म ) बन्न पुग्यो । यसर्थ प्रारम्भमा वर्ण व्यवस्था अङ्गीकार आर्यभित्र विविध जातिच्यूत गरिएका आधारभूत तहका जनता मात्रै दलित थिए । तर हिन्दु धर्मको विस्तार तथा हिन्दुआर्य राजा महाराजाको शासनमा द्रविण र मंगोल नस्ल लगायतका जनताहरु माथि पनि वर्ण व्यवस्था र छुवाछुतको चलन लादियो (विश्वकर्मा, २०६३:९५) । नेपालका उपल्ला जात भनाउदा तागाधारीहरुले ज्ञान र शिक्षा माथि एकाधिकार बनाएर शताब्दीऔं सम्म संस्कृत शिक्षा बाट बञ्चित गराएर दोस्रो दर्जाको नागरिक सृजना गरी वर्गीय रुपमा दलितहरुलाई पाखा लाग्ने कामको थालनी भयो (घिमिरे, २०६४) ।

## २.२ सैदान्तिक पुनरावलोकन

मानव सभ्यताको सुरुवातमा महिला र पुरुषबीच विभेद र असमाता ज्यादै सीमित थिए । जब समाज दास युग हुँदै अगाडि बढ्यो तब पितृसत्तात्मक व्यवस्था संस्थागत रुपमा विकसित हुँदै आएको पाइन्छ । समाजका हरेक क्रियाकलापहरुमा महिलाको भूमिकालाई कम महत्वका दृष्टिले हेर्दै आएको पाइन्छ । महिला भन्दा पुरुषले बढी अवसर र प्राथमिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट बञ्चित बन्दै गए । समाज भनेको विभिन्न संस्था, मूल्य, मान्यता, नियम, परम्परा, मान्यताहरुको गतिशील सन्तुलित व्यवस्थाको सञ्जाल भएको हुँदा महिला र पुरुषलाई निश्चित मूल्य मान्यता, भूमिका र पदहरु दिइएको हुन्छ । यिनै मूल्य मान्यता कतिपय अवस्थामा पुरुष केन्द्रित रहेका छन् भने कतिपय महिला केन्द्रित रहेका छन् । मानव इतिहासको सुरुआतसँगै महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध विकसित भएको पाइन्छ । तर विभिन्न कालखण्डमा महिलाको स्थिति र अवस्थाको बारेमा जागृत भई महिला हकहित र अधिकारको आवाज उठ्दै आएको पाइन्छ । त्यसैले महिलावाद समाज र संस्कृतिको व्याख्या गर्ने एक वैकल्पिक दर्शन एवं सिद्धान्त हो साथै सशक्त आन्दोलन पनि हो । यसले महिलाका हक, हित, अधिकार र समानतालाई जोड दिन्छ । यसले महिलाको दृष्टिबाट समाजका हरेक पक्षको विश्लेषण र व्याख्या गर्दछ । वास्तवमा नारीवाद महिलाहरुको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो । यो पुरुष विशेषको विरोध कदापि होइन । किनकी महिला शोषण र अत्याचारको विरुद्धमा कतिपय पुरुषहरु पनि लागि परेका थिए र छन् पनि जस्तै नेपाल र भारतमा सती प्रथा र दाइजो प्रथाको विरोध, चीनमा केटीहरुका खुट्टालाई बाँधेर बढ्न नदिने चलनको विरोध आदि ।

नारीवादको सुरुआत १८ औं शताब्दी देखि सुरु भएर अगाडि बढेको छ (चौलागाई समेत, २०६०:१६) ।

वर्तमान समयमा पनि विभिन्न सिद्धान्त र विषय अन्तर्गत समेटिएका र स्वतन्त्र महिलावादीहरु विभिन्न संघ संस्थाहरु, महिला हकहित, अधिकार, स्वतन्त्रता, स्वायत्तताका लागि आन्दोलनरत छन् .(मार्सल, सन्२००४) । महिलाका बारेमा के त ? महिलाको अवस्था किन यस्तो छ ? महिलाहरुका बीचमा हुने फरक बारेमा के त ? अवस्थाहरुमा सुधार कसरी गर्ने त ? भन्ने आधारभूत प्रश्नहरुमा महिलावादी सिद्धान्तहरु आधारित रहेका छन् (रीटजर, १९९६,४४४) ।

यसरी महिलावादी आन्दोलन अगाडि बढ्ने प्रक्रियामा विभिन्न महिलावादी दृष्टिकोण/सिद्धान्त/अवधारणाहरुको विकास भएको पाइन्छ । जसमध्ये केही निम्नानुसार छन् ।

### क) उदार महिलावाद वा सुधारात्मक महिलावाद

महिला मुक्ति र स्वतन्त्रता उदार महिलावादी सैद्धान्तिक विश्लेषणले निकै महत्व राख्दछ । जसले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलालाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरुप निर्धारण गर्छ भन्ने मान्यता यसमा रहेको छ । उनीहरु पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् त्यसैले उनीहरुको स्वतन्त्रतालाई बढवा दिन सके महिला मुक्तिका प्रयासहरु सार्थक रहन सक्छन् भन्ने मान्यता राख्दछ (रीटजर, १९९६:४५५) । उदार महिलावादीहरुले महिलाहरुलाई स्वतन्त्र उपलब्ध गराउन सकिएन समान अवसरहरु प्रदान गर्न सकिएमा महिला प्रतिका गलत मान्यता र सामाजिकरणको प्रक्रियाबाट समाजलाई मुक्त गर्न सकिएमा मात्र महिला विकासको अवस्था सफल हुन सक्छ भन्ने व्याख्या र विश्लेषण गर्दछन् । महिलाका प्रजनन अधिकार, समान शिक्षा, समान काममा समाज ज्याला, समान धरायसी उत्तरदायित्व, समान आर्थिक अवसर, राजनीतिक अधिकार आदिमा पहुँच हुनुपर्ने व्याख्या गरिएको छ । उदार महिलाहरुले महिलाको अवस्था सुधार गर्न कानुनी र सांस्कृतिक बन्देजको खारेजीको खाँचो ठान्दछन् (आचार्य, २०६१:३२४) । उदार महिलावादले ज्याला, अवसर तथा स्वतन्त्रताका सवालमा महिलाको स्वतन्त्रतालाई जोड दिँदै नीतिगत रूपमा कानुनी सुधार र गलत लैङ्गिक सामाजिकरणको सच्याईमा जोड दिएको छ । यसका साथै हरेक पक्षमा महिलालाई

स्वतन्त्रता प्रदान गर्नुपर्ने तर्क राख्दै महिलाको पहुँचमा जोड दिन्छ । वर्तमान सामाजिक संरचनामा नबसेर महिला मुक्तिको सम्भावना यस व्याख्याले देख्दछ (रिटजर, १९९६) ।

## ख) मार्क्सवादी महिलावाद

मार्क्सवादी महिलावादको उत्पत्ति र विकासको सन्दर्भलाई हेर्दा कार्लमार्क्स र फ्रेडरिक एन्गेल्सको कृति "ओरिजिन अफ दी फ्यामिली प्राइभेट प्रोपटी एण्ड दी स्टेट" (१८८४) लाई लिन सकिन्छ । जसमा समाजमा रहेको लैङ्गिक विभेदको कारक तत्वहरु र विश्लेषणका तरिकाहरुको उल्लेख गरिएको छ । समाजको इतिहास भनेकै वर्ग संघर्ष मात्र हो त भन्ने सवाल गर्दै समाजमा वर्ग-वर्गबीच मात्र संघर्ष नभएर शोषित र शोषण गर्ने समुहबीच मात्र संघर्ष नभएर महिला र पुरुषबीच पनि असमान शक्ति सम्बन्ध रहेको छ भन्दछन् । मार्क्सवादी महिलावादले वर्गिय आधारमा समाजको व्याख्या र विश्लेषण गर्न सकिएमा महिलामाथिको दमन, विभेद, असमानता जस्ता पक्षलाई हटाउन सकिन्छ भन्ने सोचाई राख्दछ । यसप्रकारको महिला माथिको दमन, अत्याचार तथा शोषण खासगरी पितृसत्ता र पूँजीवादी संरचनाबाट भएको निष्कर्ष मार्क्सवादी महिलाहरुको रहेको छ । निजी सम्पत्तिको आधारणाको विकाससँगै उत्पादन व्यवसायमा पुरुषका सहयोगिका रूपमा महिलालाई परिभाषित गरियो । सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्वर्द्धनका लागि छोरा जन्माउने मेसिनको रूपमा महिलालाई लिन थालियो । महिलाहरु घरभित्रकै धन्दामा सीमित गरिए यात कमसल कार्यमा कम ज्यालामा लगाए । जसलाई मलजल गर्ने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो । जहाँ स्रोतमाथिको नियन्त्रण पुरुषको हातमा केन्द्रित भएको हुन्छ (आचार्य, २०६१:३२८) ।

समाजको पूँजीवादी ढाँचामा परिवार स्तरबाटै श्रमको शोषण भएको छ । महिलालाई गलत सामाजिकरण गरिएको छ । कम चेतनामा कमसल काम लगाइएको छ । घरायसी कार्यलाई उत्पादनशील कार्यमा रूपमा गणना गरिएको छैन । विद्यमान पितृसत्तालाई कायम राखिराख्न त्यस्तै किसिमका मूल्य र मान्यताहरु पूँजीवादी समाजमा बनाएका छन् । त्यसैले मार्क्सवादीहरु वर्तमान संरचनालाई सुधार नगरी आमूल परिवर्तनबाट लैङ्गिक विभेद हटाउन सकिन्छ भन्ने मान्यतामा विश्वास गर्छन् तर पनि उनीहरु वर्तमान संरचनामा समान ज्याला, काममाव समानता, न्यायपूर्ण दृष्टिकोण, कार्यको मूल्याङ्कन, व्यवहारिक श्रम विभाजन आदिलाई जोड दिन्छन् (रीटजर, १९९६) ।

## ग) आमूल महिलावाद/क्रान्तिकारी महिलावाद

आमूल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरु देखिएका छन् त्यसैले सामाजिक सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाको विश्वव्यापी अवमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ। यो आमूल महिलावाद सन् १९६० को दशकको अन्त्यतिरबाट बढी प्रभावशाली बन्यो । यसले समाजका प्रत्येक जात, वर्ग, संरचना, संस्थामा दमन, विभेद र असमानता रहे पनि लैङ्गिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ। यस्ता लैङ्गिक विभेदको महत्वपूर्ण कारकतत्व भने पितृसत्ता अन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलावादीहरुको रहेको छ । यिनीहरुका अनुसार महिला विभेद र दमनको प्रारम्भिक थलो नै परिवार हो। जहाँ प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन र यस्तै अनुरुप सामाजिकरण तथा भूमिका हस्तान्तरण हुने गर्दछ। समाजमा प्रत्येक तह र निकायमा रहेको यौनजन्य शोषण र दमनमा परिवर्तन गर्न सकिएमा पनि लैङ्गिक समानता हुन सक्ने भन्दछन् (आचार्य, २०६१)।

आमुल नारीवादले बच्चा जन्माउने वैकल्पिक वैज्ञानिक प्रविधिको प्रयोगलाई जोड दिँदै परम्पराबाटै रहँदै आएको पारिवारिक स्वरुपलाई चुनौती दिन खोजेका छन् । आमूल महिलावादीहरुले पितृसत्तालाई महिलाविकासको वाधक मान्दछन्। महिला विरुद्धका जतिपनि हिंसाजन्य घटनाहरु घट्छन् त्यसको कारण पितृसत्तात्मक परिवारमा पुरुष र पुरुषको प्रभुत्व र नियन्त्रण रहेका संस्थाबाट हुने गर्छन भन्दै महिलाको छुट्टै संसारको कल्पना गर्दछन् (रीटजर, १९९६:४६३)।

## घ) समाजवादी महिलावाद

यस समाजवादी महिलावादमा मार्क्सवादी तथा उदार महिलावादको राम्रा पक्षलाई समेटिएको संश्लेषणको रूपमा लिइन्छ । जसले समाजको विविध पक्षलाई समेटेर लैङ्गिक विश्लेषण गर्ने प्रयास गरेको छ । मार्क्सवाद अन्तर्गतको वर्ग दमन र आमूल नारीवाद अन्तर्गतको लैङ्गिक उत्पीडन। दमनलाई संश्लेषणात्मक विश्लेषण गरी महिलाले भोग्नुपरेको अधीनता विभिन्न ठाउँ तथा परिवेशमा के कति समाज वा असमान छ भन्ने मापन गर्न चाहन्छ। समाजमा विभिन्न जातीय, प्रजाति, धर्म, उमेर, लिङ्ग, यौनिक रुचि विश्वव्यापी एवं शब्दीय तहको स्थिति आदिका आधारमा व्याख्या एवं विश्लेषण गरिनुपर्छ भन्ने कुरालाई समाजवादी महिलाहरु जोड दिन्छन् (रीटजर, १९९६:४६७)।

वोउवार (१९५३:१८८) ले महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा गरेको व्यवहारलाई विश्लेषण गरेकी छिन् । परम्परादेखि नै महिलाले विवाह गर्नुपर्ने नियति रहि आएको छ । आजपनि अधिकांश महिलाहरु यात विवाहिता छन्, या कुनै बेला थिए या पुनः विवाहको योजना बनाइरहेका छन् भन्दै सामाजिक रूपमा विवाह नै त्यस्तो संस्था हो । जसले महिलाको नियन्त्रण गरेको हुन्छ । पुरुषको तुलनामा स्त्री माथी विवाहको बन्धन जवर्जस्ती लादिन्छ । विवाहको अलावा स्त्रीको सामु अन्य कुनै मार्ग देखाइदैन र विवाहको निर्धारित उद्देश्य नै महिलालाई वन्धनमा राख्नु हो । महिलाले विवाह र यसबाट हुन आउने उत्तरदायित्वबाट मुक्ति पाउन सक्दिन । त्यसैले लेखिकाले विवाहलाई महिलाको शोषण, बन्धनको स्रोतको रूपमा विश्लेषण गरेकी छिन । समाजको दृष्टि र घर गृहस्थीबाट महिला सधै नियन्त्रित भइरहने उल्लेख गरेकी छन् ।

## ❖ महिला र नेतृत्व तथा सामाजिक परिचालन

प्रारम्भिक कालमा शिकारी र कन्दमुल बटुल्ने समयमा महिला र पुरुषको नेतृत्वको स्तर बराबरी थियो । समाज दासयुगमा प्रवेश गरेपछि सम्पत्तीमा निजी स्वामित्वको सवालले महत्व पायो । त्यसपछि नै महिलाको नेतृत्वको अवस्था पुरुषको तुलनामा कमजोर बन्यो । ती समुदाय वा सङ्गठनभित्र अनुशासन कायम गर्न, सामाजिक मूल्य र मान्यताहरुको अवलम्वन गर्न, समुहिक वा व्यत्तिगत कामहरु गर्न तथा गराउन नेतृत्वको आवश्यकता हुन गयो । त्यस्तो नेतृत्वको  रुपमा ती जातीय समूहमा 'प्रमुख' निर्वाचित भएर प्रशासन चलाउने परिपाटीको विकास भयो । यही वंशानुगत जातीय समूह व्यवस्थामा व्यत्तिगत सम्पत्तिको अवधारणाको विकास र कार्यान्वयन हुने क्रममा समाजका टाठाबाठाहरु ठूलो सम्पत्तिका मालिकका रुपमा स्थापित हुन गए । यसले गर्दा मानिसहरुमा असमानता बढ्दै गयो र धनी र गरिब अर्थात शोषक र शोषित वर्गको समेत स्थापना हुन गयो (जोतोभ, १९८५:१३७) । जब समाज दास युग हुँदै अगाडि बढ्यो तब पितृसत्तात्मक व्यवस्था संस्थागत रुपमा विकसित हुँदै आएको पाइन्छ । समाजका हरेक क्रियाकलापहरुमा महिलाको नेतृत्वको भूमिकालाई कम महत्वका दृष्टिले हेर्दै आएको पाइन्छ । महिला भन्दा पुरुषले बढी अवसर र प्राथमिकता पाउँदै जाँदा महिला विभिन्न हक अधिकारबाट बञ्चित बन्दै गए । मानव इतिहासको सुरुआतसँगै महिला र पुरुषबीच असमान शक्ति सम्बन्ध विकसित भएको पाइन्छ । पश्चिमी मुलुकहरुमा औपचारिक रुपमा महिलावादी नेतृत्वको विकास महिलावादी

आन्दोलनको सुरुवातसँगै भएको पाईन्छ । केही अपवादबाहेक महिलावादी लेख सन् १६३० देखि छापिएका थिए र यस्तो निरन्तरता क्रमश बढाउदै लगेको पाइन्छ । विभिन्न कालखण्डमा महिलाको स्थिति र अवस्थाको बारेमा जागृत भई महिला हकहित र अधिकारको आवाज उठ्दै आएको पाइन्छ । त्यसैले महिलावादी आन्दोलनमा नेतृत्व देखापरेको पाईन्छ । सन १७८० र १७९० को बिचमा जतिबेला अमेरिका र फ्रान्स स्वतन्त्रता सङग्राम सम्वन्धी चर्को विवादको सँगसँगै दासत्व प्रथाको अन्त्यका लगि ढोकाहरु घचघच्याइएका थिए । त्यसैबेला नेतृत्वका लागि महिलावाद आन्दोलनले चरमसीमा लियो ( रिटजर २००० पृ. २१७ ) ।

संयुक्त राष्टसंघको तत्वावधानमा सर्वप्रथम महिलाहरुको एक कमिसन १९४६ मा गठन भयो । जसले संयुक्त राष्ट्रसंघको आर्थिक र सामाजिक परिषद सँग सम्बन्धित भएर काम गर्‍यो । संयुक्त राष्टसंघले सन् १९७० देखि १९८५ सम्म महिला शताब्दी घोषणा गर्‍यो । जुन महिला सम्बन्धि विभिन्न संघसंस्था खोली महिला माथिका विभिन्न विभेदको पक्षमा वकालत गर्न कोसेढुङ्गा सावित भयो (घिमिरे, २००५ ) । अमेरिकामा दासताको विरुद्ध महिलाद्धारा गरिएको आन्दोलनको नेतृत्व एलिजावेथ स्टान्टन र लुसियाक मटइरा द्धारा न्यूयोर्कमा महिला सम्मेलन गरिएको थियो । फलत महिला सम्मेलनले महिलाको राजनीतिक, कानुनी र व्यक्तिगत स्वतन्त्रतामा आधारित भएको पाइन्छ । यो आन्दोलनले दासताको विरुद्धमा मतदान गर्ने अधिकार, महिलाका आधारभूत अधिकार र रोजगारी आदि विषयलाई जोड दिएको पाइन्छ । सन् १९५३ मा प्रकाशित सिमोन द वोउवारको “दी सेकेण्ड सेक्स” पुस्तक नै महिलाको बारेमा लेखिएको पहिलो एकेडेमिक पुस्तक थियो । महिला मुक्ति आन्दोलनको नेतृत्वलाई सैद्धान्तिक आधार प्रदान गर्ने युगान्तकारी दस्तावेजको रुपमा अगाडि आएको थियो । सन् १९६० मा सुरु भएको महिला आन्दोलन विश्वका विभिन्न क्षेत्रमा प्रभाव पार्न सफल भयो । यसपछि महिलाको संगठन बनाउनु पर्ने महसुस गरेर सन् १९६६ मा नेशनल अर्गनाइजेसन फर ओमन नामक संस्था वेटि फ्रिडामको अध्यक्षतामा वार्सिटन डि सि मा स्थापना भयो (चौलागाई, श्रेष्ठ र सापकोटा, २०६६ ) । विभिन्न ठाउँमा महिला संगठनहरु स्थापना भए । त्यसैले वर्तमान समयमा पनि विभिन्न सिद्धान्त र विषय अन्तर्गत समेटिएका र स्वतन्त्र महिलावादीहरु विभिन्न संघ संस्थाहरु, महिला हकहित, अधिकार, स्वतन्त्रता, स्वायत्तताका लागि आन्दोलनरत छन् (मार्सल, सन्२००४) । महिलालाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरुप निर्धारण गर्छ

भन्ने मान्यता यसमा रहेको छ । उनीहरु पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् त्यसैले उनीहरुको स्वतन्त्रतालाई बढवा दिन सके महिला मुक्तिका नेतृत्वका प्रयासहरु सार्थक रहन सक्छन् भन्ने मान्यता राख्दछ (रीटजर, १९९६:४५५) ।

विश्वमा भएको महिलावादि आन्दोलनको प्रभाव नेपालमा पनि पर्‍यो । फलस्वरुप विभिन्न नीति र कार्यक्रमहरु सरकारी तथा गैरसरकारी संस्थाको प्रयासमा स्थापना गरि कार्यान्वयनमा पाइलाहरु चालिदै गए (घिमिरे, २००५ ) । नेपालको सन् १८१४ मा सुरु भएको नालापानीको युद्धमा महिलाहरु पुरुष सरहकोनै नेतृत्व गरेका थिए । महिलाको नेतृत्व सम्वन्धमा वि.स. १९५१ मा नेपाली महिलाहरुले छुट्टै कमिटी गठन गरेका थिए । जसमा पहिले आदर्श महिला समाजको गठन भयो । यसपछि वि.स. १९५८ मा नेपाल महिला संगठन उस्तै नेपालमा महिला नेतृत्वको संस्थागत विकास गर्ने प्रयास वि.स. २००४ सालमा काठमाडौंमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपालमा महिला संघको गठन भएको थियो । निरंकुश राणा शासनको विरुद्धमा भोजपुर मजुवाकी योगमाया न्यौपानेले आध्यात्मिक धाराबाट राणा शासनको विरोध गर्दै महिलाको तर्फबाट नेतृत्व गरेकी थिइन् फलस्वरुप जेलपनि परेकी थिइन् । नेपाली महिलाको आन्देलनको नेतृत्वमा जेल पर्ने महिला योगमाया न्यौपाने हुन ( तुम्बाहाङ्फे, २०५९ ) । त्यसपछि काठमाडौंमा रेवन्तकुमारी र मंगलादेवी दुवैको संयुक्त प्रयासमा नेपाल महिला संघको गठन भयो । यी दुवैको संगठनले नेपालमा राणा शासन विरुद दवाब दिने र महिला नेतृत्वको विकास गर्ने कार्य गरे । सन् १९७५ मा संयुक्त राष्टसंघको महिला दशकको रुपमा मनाउने निर्णय गरेपछि नेपालमा पनि मनाइयो । सन् १९७७ मा नारी सेवा समितिको गठन भएपछि महिलाहरुका सबै संगठनलाई एउटै छातामुनी राख्ने प्रयास गरियो । सन् १९८७ मा महिला विकास शाखा श्रम तथा समाज कल्याण मन्त्रालय स्थापना गरियो (चौलागाई, श्रेष्ठ र सापकोटा, २०६६ ) ।

नेपालमा वि.स. २०४७ को जनआन्दोलन पछि महिलाहरुको निर्णय क्षमता लाइ बढाउने उनिहरुमा नेतृत्व क्षमताको विकास गराउने भनि महिलाहरुको हक हितको लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु खोलिएका छन् तैपनि महिलाहरुको स्थितिमा सुधार आउन सकेको छैन ( चौलागाइँ,श्रेष्ठ र सापकोटा, २०६६ ) ।

नेपालमा वि.स.२०६२–६३ को जनआन्दोलनमा महिलाहरुले पनि सक्रिय सहभागिता जनाएको स्थिति देखिन्छ । नेपालको अन्तरिम संविधान, २०६३ भाग–३ को धारा–२० मा महिलाको हकको व्यवस्था गरेको छ र महिलाहरुको उत्थानका लागि ४५ प्रतिशतलाई शत

प्रतिशत मानि ३३ प्रतिशत महिलाका लागि आरक्षण सिटको व्यवस्था गरेको छ । जनआन्दोलन भाग–२ को समाप्तिपछि हाल संविधान सभामा महिला सभासदको सङ्ख्या १७२ (२९.९प्रतिशत) जना हुनु एकत महिलाहरुको तर्फबाट प्रतिनिधि जनाएकोले निर्णय प्रक्रियामा कम पहुँच भएको साथै राज्यले महिलाहरुको उत्थानमा न्युन कार्य गरेको पाईन्छ ।

## ➢ नेपालमा दलित महिला र नेतृत्व

नेपालमा दलित महिलाहरु संगठित भएर समाजको नेतृत्व गरि अघि बढेको कम नै देखिन्छ तैपनि अछुत महिलाहरुको समस्याहरुको समाधान गर्ने उद्देश्यले वि.स. २०१२ मा मिठाई देवी विश्वकर्माले परिगणित नारी संघ' गठन गरिन र संगठनका माध्यमबाट दलित महिला आन्दोलनको शुरुवात गरेकी थिइन् । पछि 'नेपाल राष्ट्रिय परिगणित संघ' को स्थापना भयो र मिठाई देवि विश्वकर्माको 'परिगणित नारी संघ' यसैमा विलय भयो । दलित संगठनहरु खोल्ने क्रम जारी भए तर दलित महिलाहरुको नेतृत्व पक्ष भने कमजोर नै रह्यो । वि.स. २०४६ तिर टी.आर. विश्वकर्माले नेतृत्व गरेको 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद्' सँग मोहनविक्रम सिंहको कम्युनिष्ट पार्टी समर्थन 'जातिय समता समार्ज'(भूमिगत) वि.स. २०४९ भाद्र १ गते 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद्' सँग एकिकृत हुन पुगी मिठाईदेवी विश्वकर्माको संयोजकत्वमा 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद्' पुर्नगठित भयो । विश्वव्यापी महिला आन्दोलनको क्रममा नेपालमा पनि दलित महिलाहरुको अधिकार र नेतृत्वको कुरा उठन थाल्यो फलस्वरुप वि.स. २०५१ मा दलित महिला संघको स्थापना गर्नुपर्ने अवस्था सृजना भयो । यस संघको स्थापना भएपछि दलित महिलाहरुको अधिकार र सवाललाई देशव्यापी रुपमा उठाउदै आइरहेको पाइन्छ । फलस्वरुप दलित महिलाहरुको सशक्तीकरण गर्ने, उनिहरुलाई सीप सम्बन्धि विविध तालिमहरु दिने काम भईरहेको पाइन्छ ।

सन् १९९५ मा चीनको बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला सम्मेलनमा महिला उत्पीडन भित्र दलित महिला विषयक कार्यपत्र पेश गरिएको थियो । दलित महिला संघले दलित महिलाका सवालहरुलाई कसरी सिङ्गो महिला नेतृत्वसँग जोडन सकिन्छ भनि निरन्तर पहल गर्दै आईरहेको छ । दलित महिलाहरु हरेक क्षेत्रमा संगठित हुदै आफ्नो एउटा छुट्टै पहिचान बनाई सकेका छन् (सोब, २०६३)।

## २.३ पूर्व साहित्य समिक्षा

D. seddon र अन्यले (सन् १९७९) मा Peasent and Workers in Nepalमा नेपालमा विभिन्न जात जाति बिचमा रहेको शोषणको बारेमा उल्लेख गरेका छन् । शोषण बर्गीय र जातिय हिसाबले हुने गरेको छ । विशेषतः गरीब किसानका रुपमा रहेका तल्ला अछुतहरुलाई उपल्ला जातिहरुले शोषण गरेका छन् । समाजमा आर्थिक र सामाजिक संरचनालाई वा हैसियतलाई र निर्णय प्रक्रियालाई जातीय प्रणालीले पनि प्रभाव पार्दछ । जातिय उचता र निचता एवं शुद्धता र अशुद्धताका आधारमा सामाजिक र आर्थिक क्रियाकलापमा निर्णय र भूमिका रहेको हुन्छ । नेपालभित्र रहेका महिला, पुरुष, अछुत जाति, किसान र साहु रैथानेको बसाईमा संघर्ष भइरह्यो । अछुत जातिहरुमा आर्थिक रुपमा पछि पारिएको र उनिहरु जात र वर्गमा तल्लो तहमा रहेकाले सधै संघर्ष भईरहने कुरा लेखकहरुले उल्लेख गरेका छन् ।

मेहता (१९९६:१२,१५) ले भारतका महिलाको अवस्था र कानुन बारेमा विश्लेषण गरेका छन् । भारतीय महिलाको बारेमा विश्लेषण गरेका छन् । भारतीय महिलाको अवस्थालाई सबल बनाउन, पीडित दूर्वल र शोषित भारतका नारीको उत्थान, विकास र जीवनस्तर उकास्नका लागि कानुनी अधिकारको जानकारी गराउँदै विधमान अधिकार लिनका लागि सङ्घर्ष गर्न आग्रह गरेका छन् । हिन्दु धर्ममा आधारित पितृसत्तात्मक समाज भएकाले पुरुषका तुलनामा भारतका महिलाको अवस्था कमजोर रहेको छ ।

पण्डित (१९९८) ले भारतीय महिलाको अवस्थाका बारेमा अध्ययन गर्दै महिलाको विवाह, शिक्षा, उच्च शिक्षा, सम्पत्ति अधिकार आदि पक्षमा महिलाको पहुँच, महिलाका लागि बनाएका कानुन र महिला गतिशीलताका बारेमा अध्ययन गर्दै भारतीय समाजमा महिलामा निर्णय क्षमतामा कमि रहेको देखिएको छ ।

थापा (१९८५:२८) अनुसार, दक्षिण एसियाका विभिन्न मुलुकहरुका महिलाको अवस्थालाई चित्रण गर्दै नेपाली समाजमा सामाजिक विभेद र असमानताहरु विद्यमान रहेको विश्लेषण गरिएको छ । विगतदेखि नै नेपाली महिलाको स्वतन्त्रतालाई सामाजिक, आर्थिक, धार्मिक, कानुनी र राजनीतिक तत्वहरुले प्रभाव पार्दै आइरहेको पाइएको छ । सतीप्रथा, बालविवाह, अनमेल विवाह, बहुविवाह, वोक्सी, विधवा, बेचविखन, दाइजो प्रथा आदि घटनाहरु घट्नुमा महिलाहरुको निर्णय क्षमतामा कमि रहेकोले हो ।

लम्साल (२०६४) ले मकवानपुर जिल्लाको मर्कनछौली गा.वि.स. लाई आफ्नो अनुसन्धानको क्षेत्र बनाएका छन् । उनले पनि उक्त गा.वि.स. मा रहेका दलित महिलाहरुको घरायसी निर्णय प्रक्रियाको बारेमा आफ्नो अनुसन्धान गरेका छन् । उनका अनुसार सामाजिक, आर्थिक, सांस्कृतिक विविधता रहेको यस समाजमा शिक्षित महिलाहरुको संख्या निकै कम रहेको पाइन्छ यसले गर्दा महिलाहरुको स्थिति सन्तोषजनक पाइदैन ।

वुढाथोकी (सन् २००८) ले आफ्नो शोधपत्र वुमन पार्टिसिपेसन इन हाउसहोल्ड डिसिजन मेकिङमा धादिङ जिल्लाको फूलखर्क गा.वि.स. का गुरुङ, क्षेत्री र सार्की जातिका विवाहित महिलाहरुको तुलनात्मक रुपमा घरायसी निर्णयको प्रक्रियामा उनिहरुको सहभागितालाई समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरेका छन् । सार्की समुदायमा महिलाहरु बढी कृषि कार्यमा संलग्न रहेको उनले बताएका छन् । यी समुदायमा बढी निरक्षर रहेकाले उनिहरुको घरायसी निर्णय प्रक्रियाको साथै उनिहरुको सामाजिक तथा आर्थिक अवस्थामा त्यति सन्तोषजनक रहेको पाईदैन । गुरुङ समुदायका महिला भन्दा क्षत्री समुदायका महिल बढी शिक्षित रहेका यस गा.वि.स.मा सार्की समुदायका महिलाले भने पढ्दा पढ्दै पढाइलाई निरन्तरता नदिइ बिचमै छाडेको पाइयो । दलित महिलाहरुको घरायसी निर्णयको प्रक्रियामा न्युन सहभागिता रहेको र उनिहरुको सामाजिक तथा आर्थिक अवस्था पनि निकै नै नाजुक रहेको बताइएको छ ।

वराल (सन् २०१२) ले आफ्नो शोधपत्र वुमन्स रोल इन हाउसहोल्ड डिसिजन मेकिङ मा कास्की जिल्लाको पुरनचाैर गा.वि.स. का ग्रमिण महिलाहरुको घरायसी निर्णयको प्रक्रियामा उनिहरुको भूमिका कस्तो रहेको छ भनि अध्ययन गरेकी छिन् । उनले यस अध्ययनमा पुरनचौर गा.वि.स.मा रहेका महिलाहरुलाई तुलनात्मक रुपमा पुरुषहरुसँग अध्ययन गरी हेर्दाखेरी महिलाहरु भन्दा पुरुषहरु नै अगाडी पाएकी छिन् ।

तुलाचन (२०१२) ले ललितपुर जिल्लाको चापागाउँ गा.वि.स. भ्यालुङटारमा बसोवास गर्ने महिलाहरुको पशुचौपाया उत्पादन तथा घरायसी व्यवस्थापनमा कस्तो खालको लैङ्गिक भुमिका रहेको छ भनि अध्ययन गरेकी छिन् । यस क्षेत्र पुर्णरुपमा खेतिपाति तथा पशुपालनमा आधारित रहेको पाइन्छ । उनले यस क्षेत्रमा वाह्मण, क्षेत्री, मगर तथा दलित जातिका बारेमा महिलाहरुलाई लक्षित गरी पुरुष र महिलाहरुमा खेतीपाती लगाउने, पशुचौपाया किन्ने तथा अरु लेनदेनका व्यवहार सम्बन्धमा अध्ययन गरेकी छिन् जसमा पुरुषले नै मुख्य भूमिका खेलेको पाइएको छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार पुरुष साक्षरतादर ७५.१ प्रतिशत र महिला साक्षरतादर ५७.४ प्रतिशत रहेको छ । शिक्षा र निर्णय क्षमता एक अवस्थामा सम्बन्धित हुन्छन र शिक्षाले निर्णय क्षमतालाई बढावा दिएको हुन्छ ।

दलित वर्ग भनेको हिन्दुहरुबीचकै शिल्पी या पेसागत जातहरु हुन । दलित शब्दलाई परम्परागत रुपमा सबभन्दा तल्लो जात जनाउने र अपमानजनक अर्थ राख्ने शब्दको रुपमा प्रयोग गरिएको छ । जातिय विभेदले गर्दा उनीहरु सामाजिक रुपमा बहिष्कृत छन्, आर्थिक रुपमा विपन्न छन् र राजनीतिक रुपमा सिमान्तकृत छन् (गुरुङ्ग, २००३) ।

पैत्रिक सम्पतिमा समान अधिकार नहुनु, महिलालाई सन्तान जन्माउने औजारका रुपमा हेरिनु, छोरी जन्मिदा आमा र छोरीलाई हेला गरिनु र स्याहार नगरिनु, छोरा भन्दाभन्दै धेरैसन्तान जन्माउन वाध्य पारिनु, दाईजो प्रथाका कारण हेला गरिनु, बालविवाह र बहुविवाह लादिनु जस्ता घरायसी विभेद र शोषणमा दलित महिला पिल्सिरहेका छन् । वर्गीय उत्पीडनमा पर्नुका साथै दलित समुदायकै पुरुषबाट शोषित छन् (किसान, २००६ मार्च) ।

हिन्दु धर्ममा जातीय वर्गीकरणका आधारमा विभिन्न कामहरु विभाजन गरिएको छ । मनुस्मृतिमा उच्च जातिले आर्थिक उत्पादन हुने कडा काम गर्नुहुदैन भन्ने कुरालाई जोड दिएको छ । भागवत गीतामा मानिसले प्रतिफलको आशा नगरी काम गर्नुपर्दछ भन्ने कुरालाई उल्लेख गरिनुले मानिसले कामलाई जोड दिएनन् फलस्वरुप प्रगति हुन सकेन (विष्ट, १९९०) ।

Caplanले (सन् १९७२) मा Prist and Cobblersमा नेपालको पश्चिम क्षेत्रमा बसोबास गर्ने अछुत जाति र वाह्मणहरुका बीचमा विगत दुई दशकदेखि परेको परिवर्तनलाई उल्लेख गरेकी छिन् । दलितहरु कसरी आर्थिक आवस्यकता पूरा गर्न वाह्मणहरुबाट जीवनयापनका निम्ती पैसा लिई अन्तत साहुहरुले उनिहरुको जग्गा कब्जा गर्दै गए र भूमिहिन दलितहरु भारतिय भूमिमा स्तरहिन काम गर्न बाध्य भए भन्ने बारेमा उल्लेख गरिएको छ । शुरुमा एउटै शरीर बाट उत्पन्न भएका मानिसहरु बीचमा जातिय छुवाछुतको प्रथाले अँगालेको छ । तरपनि अरुलाई नछोईकन विभिन्न कार्यको विनिमय भने यहाँका बासिन्दाले अपनाएका छन् । सार्वजनिक ठाउँ, मठ, मन्दिर, धारा, पधेरा, पौवा

आदिमा तल्ला जातिलाई प्रवेश निशेध गरिएको छ । त्यहाँका तल्ला जातिहरुको सामाजिक क्रियाकलाप हिन्दु धर्मबाट प्रभावित छन् । तर पुजाआजामा केहि असमानता भने पाईन्छन् । लगभग आधा जनसंख्या ओगटेका अछुतहरुको कृषिमा लगभग एक चौथाई मात्र उत्पादनमा स्वामित्व रहेको छ । यहाँका आधाभन्दा बढि अछुतहरुलाई खान पुग्दैन । तल्ला जातिका मानिसहरुले वाह्मणहरुको विभिन्न काम (हली, मजदुरी) गर्ने गर्दछन् । कामको खोजिमा अछुतहरु बाहिर जान थालेपछि वाह्मणहरुले हलो जोत्न थालेको कुरा लेखिकाले उल्लेख गरेकी छिन् ।

छुवाछुत प्रथा शुरुमा आर्य समाजमा मात्र थियो भने यो समस्या बढ्दै गएर पछाडि अनार्य वा जनजातिमा समेत सर्दै गयो (विश्वकर्मा, २०५८) ।

समाजशास्त्र मानवशास्त विभाग अन्तर्गत दलित र गरिबीको बारेमा (शर्मा, २०६२) द्धारा गरिएको अध्ययनमा सार्की जातिको आर्थिक तथा सामाजिक अवस्थाको बारेमा प्रकाश पारेको पाईन्छ । समयको अन्तरालमा जातिय पेशामा आएको परिवर्तन, शिक्षाको अबसर र चेतनाको प्रभाव आदिको बारेमा प्रकाश पारेका छन् ।

पाण्डे (२००५) ले दलितहरुको जात, प्रचलन, पेशा, धर्म, संस्कृति, चाडपर्व, जातहरुको बारे र दलितको परिचय दिएका छन् । दलितहरुले समयक्रममा विद्रोह समेत गरेको पाईन्छ । माथिल्ला जातका विरुद्ध संस्कारगत रुपमा आफूलाई उच्च हौं भनेर आन्दोलन समेत गरेका छन् (विश्वकर्मा, २००५) ।

शर्मा (२०६५) ले स्याङ्जा जिल्लाको वाहाकोट गा.वि.स. का दमाई जातिको सामाजिक तथा आर्थिक अवस्था र बालिघरे प्रथाको बारेमा अध्ययन गरेका छन् । यसमा दमाई जातिको सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक र राजनीतिक अवस्थाबारे अध्ययन गरेका छन् । सो स्थानमा दलितहरु साह्रै बिपन्न अवस्थामा रहेका विद्यालयमा पढ्ने प्रबृति कमि रहेको, जीवन निर्भाहको आधार कृषि भएतापनि खेतिपातिबाट गुजारा गर्न नसक्ने अवस्था भएकाले युवाहरु वैदेशिक रोजगारमा गएको र हाल आएर बालबालिकाहरुलाई विद्यालय पठाउने र राजनीतिक निर्णय प्रक्रियामा चासो राख्ने बानी बढ्दै गईरहेको कुरा शोधकर्ताले उल्लेख गरेका छन् ।

चापागाईं (२००९) ले स्याङ्जा जिल्ला श्रीकृष्ण गण्डकी गा.वि.स. का सार्की जातिको सामाजिक आर्थिक अवस्था र व्यवसायिक परिवर्तन विषयमा अध्ययन गरेकी छन् । यस अध्ययनमा सार्की जातिहरु सामाजिक तथा आर्थिक रुपमा पीडित छन् र यसको मुख्य कारण जातिय छुवाछुत र विभेद हो । यस्तो प्रकारको विभेद नै समग्र देश विकासको वाधक हो । दलितहरुका बीचमा नै हुने विभेद, हिंसा, उदासीन बानी, निरासापन, पेशालाई न्युन रुपमा लिनु, रक्सी चुरोट सेवन गर्नु, अनावश्यक खर्च, सरसफाईको अभाव, खानपिनको कमीले उनीहरुलाई हरेक पक्षबाट कमजोर बनाएको छ । नयाँ सीप र प्रविधिले परम्मरागत जातिय पेशा खस्कदै गइरहेको छ ।

सदियौं देखि पशुलाई भन्दा तल्लो दर्जाको अमानवीय व्यवहार, घृणा, तिरस्कार, अन्याय, अत्याचार, दमन र शोषण विभेद गर्दा पनि न्यायका लागि, मुक्तिका लागि, उत्पीडित दलित आन्दोलनले कहिल्यै हतियार उठाएन, कहिल्यै हिंसा मच्चायन, कहिल्यै साम्प्रदायिक दङ्गा भड्कायन, कहिल्यै अछुत राज्यको माग गरेन । उत्पीडित दलित समुदाय सधै राष्ट्रिय एकता र अखण्डताको पक्षमा दृढ रहिरह्यो । निरन्तर सङ्घर्ष र योगदान गरिरह्यो (विश्वकर्मा, २०६८) ।


उपरोक्त अध्ययन तथा कृतिहरुले महिलाको निर्णय प्रक्रियासँग सम्बन्धित विभिन्न विधागत पक्षबाट केलाउने प्रयत्न भएको पाइएको छ । महिलाको निर्णय प्रक्रिया र भुमिका बारेमा भिन्न भिन्न कोणबाट विश्लेषण गरिएको भए तापनि वास्तविक दलित महिलाहरुको निर्णय क्षमता र भुमिकालाई अनुसन्धान प्राप्त नभएको परिस्थितिमा यो सोधकार्य अगाडि बढाउने जमर्को गरिएको छ ।

## २.४ अवधारणागत खाँका

प्राकृतिक रुपमा रहेको पुरुषसँग लिङ्ग र महिलासँग योनी हुनु प्राकृतिक लिङ्ग रहेको फरक हो र यसलाई हटाउन गाह्रो पर्छ । तर प्राकृतिक लिङ्गलाई आधार बनाएर समाजले महिला र पुरुषलाई जुन फरक भूमिक दिएको अर्थात लैंगिक भूमिकालाई पुरुषप्रधान समाजले आफ्नो फाइदाको लागि हतियार बनाएको छ । नेपालको सामाजिक संरचनाभित्र पितृसत्ता र वर्णव्यवस्था रहेको छ । जसले गर्दा महिलाको निर्णय प्रक्रियामा प्रभाव परेको छ । त्यसमा पनि दलित महिलाको घरयसी निर्णय प्रक्रियामा प्रभाव पनै गएको देखिन्छ । घरायसी निर्णय प्रक्रियाको पारिवारिक, आर्थिक र सामाजिक पक्षमा निर्णय क्षमता कस्तो छ भनि हेर्न खोजीएको छ । पारिवारिक पक्ष अन्तर्गत योजना बनाउन, जन्म, जन्मान्तर, शिक्षा

र विवाहमा निर्णय क्षमता कस्तो छ भनि हेर्न खोजिएको छ । आर्थिक पक्ष अन्तर्गत पेशा, व्यवसाय र वस्तु किनबेचमा निर्णय प्रक्रिया कस्तो छ भनि हेर्न खोजिएको छ । समाजिक पक्ष अन्तर्गत सामाजिक कार्य, धार्मिक कार्य र नेतृत्व क्षमतालाई हेर्न खोजिएको छ र महिलाको घरायसी नेतृत्व प्रक्रियामा प्रभाव पार्ने तत्वहरु शिक्षा, उमेर, परिवारको किसिम, पेशा, सम्पत्ति, दाइजो र लिङ्ग रहेका छन् ।

## दलित महिलाको घरायसी निर्णय प्रक्रिया सम्बन्धी अवधारणागत खाँका



# अध्याय–तीन
# अध्ययन विधि

कुनै पनि अनुसन्धान कार्यमा अनुसन्धानको पद्धतिले महत्वपूर्ण भूमिका खेलको हुन्छ । अनुसन्धानमा उपयुक्त विधि अपनाई आफ्नो उद्देश्य उन्मुख हुन अति आवस्यक छ । अनुसन्धानको विश्वसनियता र प्रभावकारिता कति छ भन्नका लागि त्यो अनुसन्धान कति व्यवस्थित विधिबाट गरिन्छ र त्यो विधि लक्ष्यित उद्देश्य हासिल गर्न सार्थक रहन्छ भन्ने कुरामा भर पर्दछ । त्यसैले यस अध्यायमा अध्ययनलाई वैज्ञानिक र व्यवस्थित बनाउनको निम्ति अध्ययनक्षेत्र छनोटको औचित्य, अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत एवं प्रकृति, तथ्याङ्क संकलनका विधिहरु, समग्र र नमूना, तथ्याङ्कको विश्वसनीयता एवम् प्रमाणिकता, तथ्याङ्कको विश्लेषण एवम् प्रस्तुतीकरण गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

प्रस्तुत शोधपत्र नेपालको कास्की जिल्लामा पर्ने अर्मला–६ मा सिमित रहने छ । यो गा.वि.स. मा वाह्मण, क्षेत्री, गुरुङ, तामाङ, कामी, दमाई, सार्की आदि जाति बसोबास गर्दछन् । यस अध्ययनमा दलित जातिका महिलाहरुलाई मात्र समावेश गरिएको छ । यो गा.वि.स. मा मा स्थलगत अवलोकन गर्दा उच्च जाति भनिएका वाह्मण र क्षेत्री जातिमा महिलाहरुको पारिवारिक निर्णय क्षमता कमजोर देखिएको र यस सर्न्दभमा अर्मलाका दलित महिलाहरुको बारेमा कुनै पुस्तक प्रकाशन नभएको परिप्रेक्षमा महिला मुनिका पनि महिला दलित महिलाहरुको घरायसी निर्णय प्रक्रिया के कस्तो छ भन्ने कुरा जान्ने उत्सुकता हुनाका साथै ती जातिका मानिसहरुको दैनिक जीवन के कसरी चलिरहेको छ र पारिवारिक निर्णय प्रक्रियालाई कुन कन तत्वहरुले प्रभाव पारेका छन् भन्ने बारेमा अध्ययन गर्ने उत्सुकताले गर्दा यो क्षेत्रको छनौट गरिएको हो । अनुसन्धान कर्ताले विस्तृत अध्ययन गरी दलित महिलाहरुको निर्णय लिने क्षमता बारेमा जानकारी लिइएको छ । यसबाट दलित महिलाहरुको निर्णय लिने क्षमताको स्थितिलाई उजागर गरेको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनको मुख्य जोड अर्मलाका दलित महिलाहरुको निर्णय प्रक्रियासँग सम्बन्धित तथ्य सम्बन्धी अध्ययन गर्नु रहेको छ । तसर्थ अध्ययनको ढाँचा वर्णनात्मक एवं

अन्वेषणात्मक अनुसन्धान विधि छनौट गरिएको छ । वर्णनात्मक विधिले दलित महिलाहरुको निर्णय क्षमताको सुक्ष्म विश्लेषण गरी सुमदायमा यसले पारेको प्रभावलाई हेरेको छ । अन्वेषणात्मक विधिले दलित महिलामा निर्णय प्रक्रिया सम्बन्धी धारणा बुझ्नमा सहयोग गरेको छ ।

## ३.३ तथ्याङ्कको श्रोत एवं प्रकृति

स्तरीय सोधकार्यका लागि तथ्याङ्कको आवश्यकता पर्दछ । यथार्थता प्रष्ट्याउनका निमित्त सोध सहि तयार हुन तथ्याङ्क आवश्यक हुन्छ । तसर्थ अध्ययनको उत्कृष्ट परिणमको लागि त्यस अध्ययनमा अपनाईएको तथ्याङ्क संकलन विधिमा भर पर्छ । साथै आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा बसोबास गरी त्यहाँका वासिन्दाहरुसँग आत्मियता तथा विश्वासपूर्ण वातावरणमा सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ । जुन कार्यका लागि अनुसन्धानकर्ताले निम्न श्रोत प्रयोग गरिएको छ । यस अध्ययनमा मात्रात्मक र गुणात्मक तथा प्राथमिक र द्बितीय तथ्याङ्कहरुको संकलन गरिएको छ ।

## ३.४ समग्र र नमूना

अनुसन्धानकर्ताको प्राथमिक अवलोकन अनुसार उक्त क्षेत्रमा दलितहरुको ६० घरधुरी रहेकाले सबै घरधुरीले प्रतिनिधित्व गर्न सघन गणना गरिएको छ । ६० घरका महिलाहरुमध्ये उत्तरदाता छान्ने विषयमा उद्देश्यमूलक नमूना छनौट अन्तर्गत प्रत्येक घरका एक जना महिला पर्ने हिसाबले ३० जना बुहारी र ३० जना सासुसँग सूचना संकलन गरिएको छ । यस अध्ययनमा दलितपरिवारका १६ देखि ६० बर्ष उमेरका दलितमहिलाहरुलाई प्रतिनिधिको रुपमा चयन गरिएको छ । प्राप्त गर्न खोजेको उद्देश्यलाई आधार मानी सरल तरीकाले अर्न्तवार्ता अनुसूचि बनाएर उत्तरदाता समक्ष पेश गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनका विधिहरु

### क) प्राथमिक श्रोत

यस अन्तर्गत अर्न्तवार्ता अनुसूचि, समूह छलफल,वैयक्तिक अध्ययन विधि प्रयोग गरिएको छ ।

### ) अर्न्तवार्ता अनुसूची

अनुसन्धानकर्ताले प्राप्त गर्न खोजेको उद्देश्यलाई आधार मानी सरल तरीकाले अर्न्तवार्ता अनुसूचि बनाएर उत्तरदाता समक्ष पेश गरिएको छ । विवाहसँग सम्बन्धित

महिलाहरुको बिबिध अबस्था बुझ्ने उद्देश्य लिई खुल्ला ५२ वटा अर्न्तवार्ता अनुसूचि तयार गरिएको थियो र त्यसैका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

**) समुह छलफल**

यस अन्तर्गत वडा नं. ६ का आमा समुहका सदस्यहरु, स्थानिय सामाजिक कार्यकर्ता, समाजसेवी महिलाहरुसँग दलित महिलाहरुको निर्णय क्षमताका बारेमा छलफल गरिएको छ ।

**❖ वैयक्तिक अध्ययन**

वैयक्तिक अध्ययन गर्नुको उद्देश्यलाई अझ  छर्लङ्ग र प्रष्ट पार्नको लागि हुन्छ । यस अध्ययनमा दलित महिलाहरुका अध्ययन गर्ने सिलसिलामा ७ जनालाई छनौट गरेकी छु । यी पात्रहरु वास्तबमा यो समाजका नमूना पात्रहरु हुन । यी पात्रहरुको व्यक्तिगत अध्ययनबाट दलित समाजको प्रतिनिधित्व हुन्छ । यस्तो व्यक्तिगत अध्ययनले यो समुदायको मात्र नभएर सिङ्गो देशकै दलित महिलाहरुको प्रतिनिधित्व गर्न सक्छ ।

**ख) द्बितिय श्रोत**

यस अन्तर्गत दलित महिलासँग सम्बन्धित नीति, लेख, रचना, घटना, पत्रपत्रिका, गा.वि.स पत्रिवेदन आदि अभिलेख हेरेकी छु ।

## ३.६ तथ्याङ्कको विश्वसनियता एवं प्रमाणीकर्ता

अनुसन्धानकर्ता सम्बन्धित क्षेत्रमा नै बसि आफै तथ्याङ्क संकलन गर्ने एवं विभिन्न क्षेत्रसँग सम्बन्धित व्यक्तिसँग सल्लाह, सुझाव लिएर काम गर्ने हुदा विश्वसनियता हुनेछ । भने आफ्नो उद्देश्य अनुरुप तथ्याङ्क संकलन गरिने हुँदा गल्तिलाई सकभर हुन दिइने छैन । प्रस्तुत तथ्याङ्कबाट आएको निष्कर्षमा प्रमाणिकता हुनेछ । प्राथमिक तथ्याङ्कलाई बढी प्राथमिकता दिँदै संकलित  तथ्याङ्कहरुलाई सरल तरीकाबाट प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण एवं प्रस्तुतीकरण

शोधकार्यमा प्रस्तुत गर्नुपर्ने तथ्याङ्कलाई दुई किसिमले प्रस्तुत गरिने छ । अधिकांश वर्णनात्मक हुनेछन् भने आवश्यकता अनुसार तालिका र स्तम्भ चित्रबाट तथ्याङ्क प्रस्तुत गरिएको छ ।

# अध्याय–चार

# अध्ययन क्षेत्र र सामाजिक आर्थिक विशेषताको विश्लेषण

यस अध्यायमा अध्ययन क्षेत्रको सिमाना, जनसंख्या, भौगोलिक स्थिति, अध्ययन क्षेत्रको ऐतिहासिकताको बारेमा चर्चा गरिएको छ । त्यसैगरी अध्ययन क्षेत्रको जनसांख्यिक पक्ष अर्न्तगत उमेर, शिक्षा,  सामाजिक पक्ष अर्न्तगत धर्म, वैवाहिक स्थिति र आर्थिक पक्ष अन्तर्गत पेशाका बारेमा यथार्थ स्थिति देखाउन खोजिएको छ ।

## ४.१.१ अध्ययन क्षेत्रको परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल अन्तरगत पर्ने कास्की जिल्ला एक पहाडी जिल्ला हो र अर्मला गाविस कास्की जिल्लाको उत्तरी भागमा रहेको छ । यस गाविसको उत्तरी सिमानामा सिन्दजुरे, पुर्वमा मौजा, पश्चिममा पुरुन्चौर गाविस र दक्षिणमा पोखरा उपमहानगरपालिका एवं भलाम गाविस पर्दछन् । यस गाविसलाई प्रशासनिक हिसावले ९ वडाहरुमा विभाजन गरिएको छ । त्यस्तै यो गाविस कास्की जिल्लाको १३ नं. इलाका तथा २ नं निर्वाचन क्षेत्र अन्तरगत पर्दछ । यस गाविसको ३६.०१ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ । यस गाविस देशान्तरका हिसावले ८३°९६' देखि ८४°०४' पुर्वी देशान्तरमा र अक्षांशका हिसावले २८°२६' देखि २८°३२' उत्तरी अक्षांशमा अवस्थित छ ।

कालीखोलाको काखमा रहेको अर्मला गा.वि.स. पोखरा नजिकै रहेतापनि विकासका हिसाबले पछाडि परेको देखिन्छ । प्राय भूभाग डाँडा, पाखा र भिर पाखाहरु रहेका छन् । यस गा.वि.स. रहेका गाउँहरु जुम्लेटी, छहरेपानी, जोगीमणी, गर्लाङ, हरिपाउ, देउरालीडाँडा, थुम्की, केबोटे, कुरेचौर, रन्जित, ओख्ले, खरिकुना, माझकुना, खुर्कोट, मकैडाँडा, राहुलडाँडा, डिहीगाउँ, पात्ले, टाडेबिसौना, कोटगाउँ, कुरगाउँ, सिम्लिकुना आदी गाउँहरु मिलेर बनेको छ ।

यो गाविस एक वहुजाती, वहुभाषी र वहुधार्मिक जनसंख्या निवास गरेको गाविस हो । यहाँको मुख्य बासिन्दाहरुमा गुरुङ, ब्राह्मण, क्षेत्री, तामाङ, भुजेल, गिरी, कामी, दमाई, सार्की आदि व्यवसायिक जातिहरु प्राय सवै वस्ती तथा वडाहरुमा छरिएर रहेका छन् ।

जैविक विविधताको दृष्टिले पनि यो गा.वि.स. उत्तिकै धनि छ । यो गा.वि.स. को

शिरमा कालिलेकमा महत्वपूर्ण बनष्पति र जडिबुटिहरु प्रशस्त मात्रामा पाइन्छ । जस्तै गर्मी र जाडो याममा पाइने चुत्रो, काफल, निउरो, ऐसेलु, गुयली, पतिम्लो, भकिम्लो, मलोह, तरुल आदि त्यस्तै जडिबुटिमा गुजरगानो, चिराइतो, जटामसी, भृतकेश, शतुवा, लेकको सिल्टीमुर आदि त्यस्तै भाङ्गा बुन्ने अल्लो, इन्धन तथा वनस्पती, विभिन्न प्रजातिका निगाला, बाँस र अन्य त्यस्तै मानव जीवनमा उपयोगमा आउने यहाँ उल्लेख हुन छुटेका विभिन्न प्रजातिका चराचुरुङ्गीहरु ढुकुर, कालिज, भ्याकुर, तित्रो, लुइचे, कालिज, काल्चे, लामपूच्छ्रे, मलेवा, धोविनी, तोरीगाँडा, ठुला लोप हुन लागेका गिद्ध, डाङ्गे, रातो सुगा आदि थुप्रै पाइन्छन् । त्यस्तै विभिन्न किसिमका जंगली जनावरहरु बाघ, भालु, स्याल, बादर, लोखर्के आदि पाइन्छन् ।

माथि उल्लेखित अमूल्य प्राणि तथा वनस्पतिहरु कतिपय लोप हुदै गइरहेका छन् । यिनीहरुको संरक्षण गर्नु हामी सबैको दायित्व बनेको छ । त्यस्तैगरी अर्मला गा.वि.स.मा प्रशस्त मात्रामा हेर्नलायक गुफाहरु रहेका छन् जस्तै अर्मला गा.वि.स.मा क्रिष्टल गुफा पनि रहेको छ उक्त गुफाहरु संरक्षण हुन सकिरहेको छैन । त्यस्तै विभिन्न छाँगा छहराहरुले पनि अर्मलाको शोभा बढाईरहेका छन् । अझ पोखरेलीहरुको प्यास मेटाउने पुराना र ठुला पानिका मुहानहरु पनि रहेका छन् ।

### ४.१.२ जनसंख्या सम्वन्धी विवरण

वस्तुस्थिती विवरण गर्ने शिलशिलामा भएको सर्भे अनुसार यस गाविसको कुल जनसंख्या ६१४१ जना रहेको देखिन्छ र दलित जातिको कुल जनसंख्या ३४९ जना रहेको देखिन्छ । यसै सर्भे अनुसार जम्मा ११९२ घरसंख्या र प्रतिघरमा ५.१ जना मानिस बसेका छन् ।

जनसंख्याको वितरणलाई विश्लेषण गर्दा लिङ्गगत रुपमा हेर्दा ३०३४ महिला र ३१०७ पुरुष रहेका छन् । अर्थात महिलाको जनसंख्या ४९.४ प्रतिशत र पुरुषको जनसंख्या ५०.६ प्रतिशत रहेको छ ।

### ४.१.३ अध्ययन क्षेत्रको ऐतिकासिकता

पोखरा उपमहानगरपालिका वडा नं. १६ सँग जोडिएर रहेको अर्मला गा.वि.स.को कार्यालय वडा नं. २ जोगीमणीमा रहेको छ जहाँबाट सबै वडाहरुमा एक घण्टाको पैदल यात्राबाट पुग्न सकिन्छ । पोखराको गैरापाटनबाट अर्मला गा.वि.स.मा पुग्नको लागि

माइक्रोबस सेवा उपलब्ध छ । अर्मला गा.वि.स. को उत्तरी भाग कालीलेखको माथि नागी भन्ने एउटा ठाउँ छ त्यो ठाउँबाट करिव ३० मिनेट माथि एउटा ऐतिहासिक स्थल छ त्यसलाई टुँडिखेल भन्दछन् जहाँ समतल मैदान छ । त्यस ठाउँमा परापूर्व कालमा खस राजाले राज्य गर्दथे र त्यो ठाउँमा राजको दरबार रहेकाले हिजोआज त्यो दरबारको भग्नावशेष देख्न सकिन्छ । त्यही डाँडाको ठीक मुनी एउटा पानीको कलधारा पनि रहेको छ । त्यसको आडमा कालिका देविको स्थान छ जुन ठाउँमा अझैपनि मानिसहरुले ध्वजापताका लगाई पुजा गर्ने चलन छ । पानीको धारामा सबै मौसममा एकनासले पानि आउँछ भन्ने कुरा गोठ बनाई बसेका गोठालाहरुको भनाई छ । त्यही ठाउँको उत्तरमा ठूलो पहाड र पश्चिममा जंगा भीर, पूर्वमा ओहोरदोहर गर्ने बाटो, दक्षिणमा हरिपाउँ जुम्लेडिही गाउँहुदै पोखरासम्म जाने गोरेटो बाटो अझैपनि छ । त्यस दरवारको दक्षिणी भागमा ठुलो एउटा ढुङ्गाको गेटमा ढोका रहेको थियो । त्यस ठाउँलाई अझैपनि दुवारे गौडा भन्दछन् । यस गौडाको ठिक माथि भुमे देवताको मन्दिर छ । त्यस मन्दिरमा अझैपनि आश्विन पूर्णीमाको दिनमा पुजारीबाट राँगो बली दिई पूजा आरधना गर्ने प्रचलन छ । सो पुजाको लागी गुठीको व्यवस्था परापूर्व कालदेखि भएको पाईन्छ ।

पहिलेका राजाहरु शत्रुबाट बच्नका लागि  ठुला ठुला पहाड र अग्ला चुचुरामा बसी राजकाज चलाउने हुदा सो ठाउँमा बसेर राज्य सञ्चालन गरिएको हुनुपर्छ । यसरी समयको क्रमसँगै त्यस ठाउँमा बसेर ओहोरदोहोर गर्न धेरै कठिन हुने हुदा सो दरवार कास्की कोटमा सारीएको हुनुपर्छ भनी पुरानो अभिलेखमा उल्लेख गरिएको पाइन्छ । सो ठाउँमा बसी कास्कीका राजा कुलमण्डल शाहले राज्य चलाएको कुरा इतिहासमा पाइन्छ । उनले गर्मी मौसममा कास्कीकोट बाट र हिउँदमा बाटुलेचौर हुदै अर्मला गा.वि.स.को दरबारबाट राज्य सञ्चालन गर्दथे भन्ने किम्बदन्ती पाइन्छ । राजाले विशेषगरी अर्मला गा.वि.स. लाइ चिनाउन विभिन्न सुधार कार्यहरु गरेको पाइन्छ । जस्तै विर्ताको व्यवस्था, कटुवाले राख्ने चलन, कार्तिक महिनाको ५, ६ तिर भट्ट भाच्ने चलन, खेतबारीको अन्न पहिले भगवानलाई चडाएर मात्र खाने चलन, ओली बस्ने चलन, गुठीको व्यवस्था आदि । कालिका मन्दिरमा पुजारीलाई पुजा चलाएबापत विर्ता दिईयो जुन आजसम्म पनि कायम नै छ ।

अर्मला गा.वि.स.को रन्जितमा अवस्थित नौधारा सिद्ध मन्दिरमा माघे सक्रान्तिमा मेला लाग्छ । अर्मला कोटमा पनि सिद्ध मन्दिर छ । जहाँ श्रीपञ्चमीमा मेला लाग्छ । अर्मलाको डिही गाउँमा लक्ष्मीनारायणको मन्दिर छ जहाँ चैत्रको रामनवमीका दिन पुजापाठ

गरी भव्यसँग मनाउने चलन छ । अर्मलाको टाडेबिसौनीमा एक पुरानो दमाहा आकारको विशाल ढुङ्गो रहेको छ जसलाई दमाहा ढुङ्गो भनिन्छ । जहाँ ढुङ्गाले हान्दा पानी आउने भएकोले रुन्चे ढुङ्गो पनि भन्ने गरिन्छ । अर्मला गा.वि.स.को जुम्लेटीमा राम मन्दिर र छहरेपानीमा शिव मन्दिर, र्‍यालेपात्लेमा शिद्धबराहा मन्दिर रहेको छ । अर्मलाको ओख्लेमा गौतम बुद्धको गुम्बा पनि रहेको छ । उक्त ठाउँहरुमा धार्मिक आस्था अनुसार पुजा अर्चना गर्ने गरिएको छ ।

## ४.२ सामाजिक आर्थिक विशेषताहरु

आर्थिक अवस्थाको कारणले मानिसको सामाजिक, राजनीतिक एवं सास्कृतिक विकासमा महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । महिलाहरु निर्णय प्रक्रिया क्षमतामा पछाडि पर्नु र पुरुषप्रदान समाजबाट सामजिक रुपमा दवाइनुको पछाडी आर्थिक तत्वले महत्वपूर्ण भूमिका निर्बाह गरेको छ ।

### ४.२.१ उमेर

यस शोध केन्दीत क्षेत्रका समुदायका महिलाहरुको जनसंख्यालाई उमेरगत रुपमा जम्मा ४ समुहमा विभाजन गरिएको छ ।

**तालिका ४.१: उमेरका आधारमा उत्तरदाता**

| उमेर विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| २० बर्ष भन्दा कम | ८ | १३.३३ |
| २१-३० बर्ष | २० | ३३.३३ |
| ३१–४० बर्ष | १९ | ३१.६६ |
| ४० बर्ष भन्दा माथि | १३ | २१.६६ |
| जम्मा | ६० | १०० |

स्रोत :स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.१ अनुसार २१-३० बर्ष उमेरका उत्तरदाताहरुको संख्या सबैभन्दा बढि २० रहेको छ जुन कुल संख्याको ३३.३३ प्रतिशत हुन आउँछ । ३१-४० बर्षका

उत्तरदाताहरुको संख्या १९ रहेको छ जुन कुल संख्याको ३१.६६ प्रतिशत हुन आउँछ । ४० बर्ष भन्दा माथि उमेरका उत्तरदाताहरुको संख्या १३ रहेको छ जुन कुल संख्याको २१.६६ प्रतिशत हुन आउँछ । २० बर्ष भन्दा कम उमेरका उत्तरदाताहरुको संख्या ८ रहेको छ जुन कुल संख्याको १३.३३ प्रतिशत हुन आउँछ । यस तथ्यांकबाट यस अनुसन्धानमा धेरै उत्तरदाताहरु २१-३० बर्ष उमेरका रहेका देखिन्छन् ।

### ४.२.२ शिक्षा

शैक्षिक दृष्टिले नेपालका महिलाहरु पुरुषको तुलनामा पछि नै रहेका छन् यसको प्रमुख कारण पुरुष प्रधान समाजलाई नै लिन सकिन्छ । पुरातन सोंच तथा विवाह संस्थामा महिला विवाह भएपछि पुरुषको घर जानुपर्ने संस्कारले गर्दा पनि महिलाको शिक्षामा पुरुषको तुलनामा कमि नै रहेको देखिन्छ । अध्ययन स्थलका महिलाहरुको शैक्षिक स्थितिलाई निम्न तालिकाबाट देखाउन खोजिएको छ ।

**तालिका४.२: शैक्षिक विवरणका आधारमा उत्तरदाता**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | २९ | ४८.३३ |
| साक्षर | २४ | ४० |
| एस.एल.सी. पास | ६ | १० |
| आई.ए. भन्दा माथि | १ | १.६६ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.२ अनुसार अनुसन्धानको कममा छानिएका उत्तरदाताहरुमध्ये २९ जना निरक्षर रहेका छन् जुन कुल संख्याको ४८.३३ प्रतिशत हुन आउँछ । २४जना साक्षर रहेका छन् जुन कुल संख्याको ४० प्रतिशत हुन आउँछ । ६ जना एस.एल.सी.पास रहेका छन् जुन कुल संख्याको १० प्रतिशत हुन आउँछ । १ जना आई.ए.पास रहेका छन् जुन कुल संख्याको १.६६ प्रतिशत हुन आउँछ ।

स्थलगत अध्ययनबाट एवं अर्न्तवार्ताबाट अनुसूचिबाट जानकारी भए अनुसार समग्रमा भन्नुपर्दा निरक्षर र साक्षर शैक्षिक स्तर भएका महिलाहरुको संख्या बढि रहेको देखिन्छ । त्यसैगरी एस.एल.सी. पास र आई.ए. भन्दा माथि शैक्षिक स्तर भएका महिलाहरुको संख्या न्युन रहेको देखिन्छ । विश्व परिवेशमा र नेपालमा बढ्दै गरेको महिला आन्दोलनका कारण महिलाले पनि पढ्नुपर्छ घरभित्रको काममा मासिमित रहनु हुदैन भन्ने केही जनचेतना आएको पाइन्छ ।

### ४.२.३ पेशा

यस समुदायका अधिकांश महिलाहरु कृषि पेशामा लागेका पाईयो । उत्पादनशिल क्षेत्रमा महिलाहरुको कम पहुँच रहेको पाईयो जुन तलको तालिका ४.३ बाट थाहा हुन्छ ।

**तालिका ४.३: पेशागत विवरणका आधारमा उत्तरदाता**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १८ | ३० |
| गृहिणी | ९ | १५ |
| व्यापार | ७ | ११.६६ |
| सेवा | २ | ३.३३ |
| मजदुरी | २३ | ३८.३३ |
| अन्य | १ | १.६६ |
| जम्मा | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ४.३ अनुसार अर्मला गा.वि.स. वडा नं. ६ मा गरिएको दलित महिलाहरुको निर्णय प्रक्रिया सम्बन्धमा गरिएको यस अनुसन्धानमा उत्तरदाता महिलाहरुको शैक्षिक स्थितिको सन्दर्भमा चर्चा गर्दा २३ जना मजदुरी पेशा अपनाएको पाईयो जुन कुल संख्याको ३८.३३ प्रतिशत हुन आउँछ । १८महिलाहरु कृषि पेशामा संलग्न रहेको पाईयो जुन कुल संख्याको ३० प्रतिशत हुन आउँछ । ९ जनाले गृहिणी पेशा अपनाएको पाईयो जुन कुल संख्याको १५ प्रतिशत हुन आउँछ । ७ जनाले व्यापार पेशा अपनाएको पाईयो जुन कुल संख्याको ११.६६ प्रतिशत हुन आउँछ । २ जना सेवा क्षेत्रतिर लागेको पाईयो जुन कुल

संख्याको ३.३३ प्रतिशत हुन आउँछ । यस्तै अन्य पेशामा लाग्नेको संख्या १ रहेको जुन कुल संख्याको १.६६ प्रतिशत हुन आउँछ । यहाँ अन्य पेशामा लाग्ने महिला बैदेशिक रोजगारमा गएको पाईन्छ ।

स्थलगत अध्ययनबाट एवं अर्न्तवार्ताबाट र प्रश्नावलीबाट जानकारी भए अनुसार पुरुषप्रधान समाज र महिलाहरुको शिक्षको स्थिति राम्रो नभएकोले र दलित महिलाहरुको आफ्नो जग्गा नभएकाले पनि प्रायजसो महिलाहरुको मुख्य पेशा मजदुरी रहेको पाईयो । जग्गा हुनेले आफ्नो जग्गामा खेतिपाति गर्ने गरेको र जग्गा नहुनेले साहुँको जग्गा अधियामा गरेको जानकारीमा आएको छ । तर बर्षभरी खेतिपाति गरेपनि ६ महिनाभन्दा बढी खान नपुगेपछि केही महिना मजदुरी गर्न गाउँ तथा कतिपय महिलाहरु शहरमा आउने गरेको पाईन्छ । कतिपय महिलाहरु डोकोमा मौसम अनुसारका तरकारी तथा फलफूलहरु बेच्ने काम गरेका छन् । थोरैमात्र महिलाहश्ररु सेवा पेशामा लागेका छन् । जुन कार्यालयहरुमा सहायोगी भएर काम गरेको पाईन्छ । Caplanले (सन् १९७२) मा Prist and Cobblers मा नेपालको पश्चिम क्षेत्रमा बसोबास गर्ने अछुत जाति र वाह्मणहरुका बीचमा दलितहरु आर्थिक आवस्यकता पूरा गर्न वाह्मणहरुबाट जीवनयापनका निम्ती पैसा लिई भूमिहिन दलितहरु भारतिय भूमिमा स्तरहिन काम गर्न बाध्य भए भन्ने बारेमा उल्लेख भएजस्तै यस अर्मला वडा नं ६ का कतिपय भूमिहिन दलितहरु वाह्मण, क्षेत्री र गुरुङको घरमा पैसा लिएको पाइन्छ र पैसा तिर्न नसकेसम्म साँहुकोमा हलि बसेको देखिन्छ भने महिलाहरु साँहुको घरमा मजदुरी गरेको पाइन्छ ।

## ४.२.४ वैवाहिक स्थिति

विवाहपछि एक महिला छोरीको रुपमा मात्र नरहेर कसैकी पत्नी, कसैकी बुहारी, कसैकी आमा, कसैकी भाउजुको रुपमा उसको भूमिकाको रुपमा परिणत हुन्छ साथै उनिहरुको कर्तव्य र दायित्वमा पनि परिवर्तन आएको हुन्छ । विवाह एक सामाजिक संस्था हो । विवाहपछि महिलाहरुको भूमिकामा परिवर्तन आउने गर्छ । शोध केन्दित समुदायको महिलाहरुको वैवाहिक स्थितिको बारेमा तलको तालिका ५.४ मा देखाईएको छ ।

## तालिका ४.४: वैवाहिक विवरणका सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भर्खर विवाह भएको | ६ | १०.०० |
| सम्बन्ध विच्छेद | १ | १.६६ |
| श्रीमान बिदेश गएका | १८ | ३०.०० |
| श्रीमानसँग छुट्टिएर बसेको | ७ | ११.६६ |
| विधवा | ४ | ६.६६ |
| परिवारसँग बसेको | २४ | ४०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१


तालिका ४.४: अनुसार पविारसँग बसेका महिलाको संख्यासबैभन्दा बढि २३ रहेको छ जुन कुल संख्याको ४० प्रतिशत हुन आउँछ । श्रीमान बिदेश जाने महिलाको संख्या १८ रहेको पाईन्छ जुन कुल संख्याको ३० प्रतिशत हुन आउँछ । श्रीमानसँग छुट्टिएर बसेका महिलाको संख्या ७ रहेको छ जुन कुल संख्याको ११.६६ प्रतिशत हुनआउँछ ।त्यस्तैगरि भर्खर विवाह भएको महिलाको संख्या ६ जुन कुल संख्याको १० प्रतिशत हुन आउँछ ।विधवा महिलाको संख्या ४ रहेको जुन कुल संख्याको ६.६६ प्रतिशत हुन आउँछ र सम्बन्ध विच्छेद गरेका महिलाको संख्या १ रहेको पाईन्छ जुन कुल संख्याको १.६६ प्रतिशत हुन आउँछ ।

स्थलगत अध्ययनबाट एवं अन्तरबार्ता अनुसूचिबाट जानकारी भएअनुसार प्राय दलित महिलाहरुको श्रीमानहरु मजदुरी काम गर्ने गरेको पाईन्छ । जसअन्तर्गत घर बनाउने काम, काठका सामान बनाउने काम, हलो जोत्ने काम गरेको पाईन्छ । विहान बेलुकीको समयमा आफ्नै घरमा आरनको काम गरेको पाईन्छ । आफ्ना विष्टहरुको आँसी, बञ्चरो, भाडा आदि बनाउने गरेको पाईन्छ । महिलाहरु दिउसो मजदुरी तथा कृषि काम र विहान बेलुकी घरधन्दाको काम गरेको देखिन्छ ।

## ४.२.५ धर्म

नेपाल बहुभाषिक, बहुसांस्कृति, बहुजातिय र बहुधार्मिक विशेषता भएको मुलुक हो । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाललाई धर्म निरपेक्ष मुलुक भनी घोषणा गरेको छ

। स्तम्भ ४.१ बाट अर्मला ६ का दलित महिलाहरु कुन कुन धर्म मान्ने गर्दछन् भनि थाहा पाउन सकिन्छ ।




**४.१: धर्मगत आधारमा विवरण**

स्तम्भ ४.१: अनुसार कुल ६० जना दलित महिलामा हिन्दु धर्म मान्ने ५६ जना जुन कुल संख्याको ९३.३३ प्रतिशत हुन आउछ र क्रिश्चियन धर्म मान्ने ४ जना जुन कुल संख्याको ६.६६ प्रतिशत हुन आउछ ।

समुह छलफल बाट प्राप्त जानकारी अनुसार धर्मगत आधारमा निर्णय प्रक्रिया फरका रहेको देखिन्छ । हिन्दु धर्म मान्ने परिवारमा महिलाहरुको घरायसी निर्णय प्रक्रिया बढी रहेको पाइयो ।


# अध्याय – पाँच

## पारिवारिक निर्णय प्रक्रिया सम्बन्धि विवरण

परिवारमा आर्थिक, सामाजिक, धार्मिक आदि पक्षमा विविध निर्णय गर्नुपर्ने हुन्छ । निर्णयको क्षमता जात, धर्म र समाज अनुसार महिलाको निर्णय क्षमता फरक हुन सक्छ । यस अध्यायमा अर्मला वडा नं. ६ का दलित महिलाहरुको घरायसी निर्णय क्षमतालाई देखाउन खोजिएको छ । यहाँ विवाहको किसिम, मागि विवाह र निर्णय क्षमता, विवाह र दाइजो, खानपिनमा महिलाको निर्णय क्षमता, महिला र सम्पत्ति, खेतीपाती र निर्णय, बाली बेचबिखनमा महिलाको निर्णय, जन्मको निर्धारण र महिला , परिवार नियोजनका साधन प्रयोग र महिला निर्णय, गर्भवती अवस्था र स्वास्थ्य सेवा, स्वास्थ्य जाँच र निर्णय क्षमता, परिवारमा शिक्षा र महिला निर्णय, छुट्टिने प्रक्रिया र महिलाको निर्णय, आर्थिक लेनदेन र निर्णय क्षमता, घरबाहिरको काममा महिला र श्रीमानको स्विकृति, वैवाहिक कार्य र निर्णय र संघसंस्थाको काममा संलग्नता, पेशा छनौट र महिलाको निर्णय, घरायसी सामान किनबेच र महिला निर्णय र श्रीमानको निर्णय विरुद्धमा महिला आदि विषयलाई लैङ्गिक सिद्धान्त र समाज परिचालन सिद्धान्तमा आधारित भएर देखाउन खोजिएको छ ।

### ५.१ विवाहको किसिम

विवाह एक धार्मिक संस्कार हो । जसअनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गर्ने गरिन्छ । हिन्दु शास्त्रमा आठ किसिमका विवाह उल्लेख भएपनि यस वडामा मूख्य दुई कसिमका विवाह भएको देख्न सकिन्छ । जुन स्तम्भ ५.१ बाट थाहा हुन्छ ।




**स्तम्भ ५.१: विवाहको किसिम सम्बन्धी विवरण**


स्तम्भ ५.१: अनुसार अर्मलाका दलित महिलाहरुको विवाहको सन्दर्भमा चर्चा गर्नुपर्दा कुल ६० जना महिलामध्ये ३७ जना महिलाको प्रेम विवाह भएको जुन कुल संख्याको ६१.६६ प्रतिशत हुन आउछ । २३ जना महिलाको मागि विवाह भएको जुन कुल संख्याको ३८.३४ प्रतिशत हुन आउछ । माथिको तालिका अनुसार धेरै जसो दलित महिलाहरुको प्रेम विवाह भएको पाइन्छ ।

अर्न्तवार्ता अनुसूचि, समुह छलफल र वैयत्तिक अध्ययनबाट जानकारी पाएअनुसार दलित समुदायमा विवाहको क्रममा आफ्ना नातेदारहरु जस्तै भाउजु, छिमेकी साथि आदिले प्रेम विवाह गर्न मद्दत पुर्‍याएको देखिन्छ । फलस्वरुप परिवारको इच्छा नहुदा नहुदै भागेर श्रीमानको घरमा जाने पछि केहि दिनपछि परिवारले उत्त विवाहलाई स्विकार गरी छोरी ज्वाँईलाई भित्राएको देखिन्छ तर कतिपय परिवारले भने लामो समयसम्म पनि नभित्राएको पनि देखिन्छ । तर मागि विवाहमा भने थोरै मात्र महिलाको ईच्छाअनुसार र प्राय महिलाको ईच्छा नहुदा नहुदै पनि जवरजवस्ती करकापमा पारेर विवाह गराएको पाइन्छ ।

## ५.२ मागि विवाह र निर्णय क्षमता

विवाह एक सामाजिक संस्कार हो जहाँ विहेपछि महिलाको भूमिकामा परिवर्तन आएको हुन्छ । विवाह पछि महिलाले श्रीमती, बुहारी, भाउजु, आमा आदिको भूमिका

निभाउनु पर्ने हुन्छ । यहाँ तलको स्तम्भचित्र ५.२ बाट महिलाको विवाहमा निर्णय क्षमता रहेनरहेको थाहाँ पाउन सकिन्छ ।




**स्तम्भ ५.२ : मागि विवाह र निर्णय क्षमता सम्बन्धित विवरण**

स्तम्भ चित्र ५.२ अनुसार अर्मला वडा नं ६ का मागि विवाह भएका कुल २३ जना महिलाहरुमध्ये ९ जना महिलाको विवाहको क्रममा सहमति भएको जुन कुल संख्याको ३९.१३ प्रतिशत हुन आउछ । १४ जनाको विवाहको क्रममा सहमति भएको जुन कुल संख्याको ६०.८६ प्रतिशत हुन आउछ ।

अर्न्तवार्ता अनुसूचि बाट जानकारी भएअनुसार यस वडाका प्राय दलित महिलाहरुको विवाहको निर्णय प्रक्रियादेखिनै उनिहरु निर्णयक्षमतामा पछि परेका छन् । दलित समुदायमा छोराको विहेमा छोरासँग विहेको अनुमति लिने गरिएको तर छोरीको विहेको सन्दर्भमा पुरुष घरमूलीनै बढि सक्रिय रहेको देखिएको छ । एक त पुरुषप्रधान समाज त्यसमा पनि दलित समुदायका दलित महिला आफ्ना अभिभावकले तोकेको व्यक्तिसँग विवस भएर विवाह गर्न वाध्य छन् ।

## वैयक्तिक अध्ययन–एक

## मागि विवाहका कारण निर्णय क्षमतामा परेको प्रभाव

*म अहिले ४२ बर्षकी भए । मेरो माईत बाटुलेचौर हो । मैले खेति किसानी गर्छु । परिवारमा ८ जना छन् । एक बुढा, एक छोरा, ५ छोरी र म । कान्छो छोरो अहिले ५ बर्षको भयो । छोराको आशमा नाति पाउने बेलामा पनि मैले छोरा पाए के गर्ने भन्दा लाज हुन्छ बुढाले नमानेपछि के गर्ने । मैले पढ्न पाइन त्यो बेला छोरीले पढ्ने चलन त्यती थिएन । मेरी आमा म १० बर्षकी हुदा बच्चा जन्माउन नसक्दा बेथा लागेर मरिन् र आमा मरेको १५ दिन नपुग्दै मेरा बाले अर्कैकि एक छोरा सहितकी बुढी भगाएर बिहे गरे । सौतेनि आमाको माया मैले पाइन । मेरो बिहे १४ बर्षमा भएको हो । मेरो विहे गर्दा बाले केटा रोजेर दिएका हुन । विवाह मेरो राजी खुसी नभई जवरजवस्ती भएको हो किनकी मैले अर्कैलाई मन पराउथे । मेलामा मैले उसलाई देखेको थिए उसले पनि मन परायो मैले पनि मन पराए तर भागेर विहे गरौ भन्दा उसले म सानो जातकी भनेर आट्न सकेन किनकी ऊ विश्वकर्माको छोरो थियो म परे सार्कीको छोरी । मेरो विहेमा दुइओटा ताउलो र एउटा गाग्री बाहेक अरु दिएनन् बाले दाइजो दिन खोजेका थिए तर सौतेनि आमाले खोचो थापिन त्यति दाइजो दिएनन् । मेरो विहे भएको एक बर्षमा पछि रक्सी खाएर घास काटन जाँदा भिरबाट खसेर बा पनि बिते । आफुले भनेको जस्तो विहे भएन तैपनि चित्त बुझाए । आफुले चिनाजानी गरेको मानिससँग विहे गर्न पाएको भएपो आफ्नो कुरा मिल्यो सल्लाह अनुसार काम हुन्थ्यो तर के गर्ने लेखेको हुन्छ देखेको हुन्न भन्छन् ठिक रैछ । बुढाले त्यति रुचाउदैनन् । मेरो निर्णय त्यती चल्दैन । मेरो परिवारको जग्गा थोरै छ भएको जग्गा पनि बुढाकै नाममा छ । पहिला लगालग पाँचवटा छोरी जन्मिए तर पछि एक छोरा जन्मिएपछि मात्र बुढाले अलिअलि माया गरेका हुन् । पहिलात छोरा नपाएकोमा मेरो दोष देखाउथे तर छोरा पाएपछि कराउन छाडे । तीन छोरीको बिहे भैसक्यो अब दुई छोरी र एक छोरा बाँकी छन् । घरमा कुनैपनि घरायसी निर्णय हुदा मलाई सोधिदैन तर काम गर्ने कुरामा घरभित्रको चुलो चौकोदेखि निवेक गर्न पनि जानैपर्छ । बुढाले कमाएको पैसा के गर्छन गर्छन खै मैले निवेक गरी ल्याएको पैसाले घरखर्चि चलाउनु पर्छ । बुढाको राति घरमा पनि त्यति बास हुदैन कहाँ जानुभएको भन्दा तलाई के चाहियो भनि उल्टै झाको झार्छन् । खै पल्लो गाउँको सर्कीनी सँग सँगै हिडेको देखेकी थिए भनेकी थिई ठुली छोरीले । कमाएको पैसा उतै सक्छन्*

*। घरमा एक पैसा देखाउदैनन् । तर आजकाल बुढ्यौली लागेर त्यति निवेक गर्न भने जादिन । मेरो सट्टा छोरीहरुनै निवेक गर्न जान्छन् ।*

*परिवारमा वच्चा कति पाउने भनि कहिल्यै सल्लाह भएन । हाम्रो परिवारमा तीन छोरीको विहे गर्दापनि बुढा आफैले निर्णय गरेका हुन् मलाइ त केवल छोरीको विहे गर्नुपर्छ भनि मात्र रहनुहुन्थ्यो ।*

*गाउँमा कहिलेकाही आमा समूहको बैठकमा बोलाउदा को जाने भन्ने सम्बन्धमा मेरो निर्णय हुदैन । बुढाले जा भने गइन्छ ।नत्र गइदैन ।*

## ५.३ विवाह र दाईजो

विवाहको क्रममा माइती पक्षबाट दिएको चल अचल सम्पत्तिलाई दाईजो भनिन्छ । दाईजोका बढी वा घटी ल्याएको आधारमा पनि परिवारमा महिलाहरुलाई हेर्ने दृष्टिकोण फरक हुन सक्छ । यहाँ तालिका ५.१ बाट दलित महिलाहरुले विवाहको क्रममा दाईजो के कति ल्याएका रहेछन् भन्ने जानकारी पाउन सकिन्छ ।

### तालिका ५.१:विवाह र दाइजो सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| दाईजो थोरै ल्याएको | ३१ | ५१.६६ |
| दाईजो ठिकै ल्याएको | १६ | २६.६६ |
| दाईजो धेरै ल्याएको | ७ | ११.६६ |
| दाईजो नल्याएको | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.१: अनुसार अर्मलाका ६ का कुल ६० दलित महिलाहरुमध्ये सवैभन्दा बढी ३१ जनाले विवाहको समयमा दाईजो थोरै ल्याएको जुन कुल संख्यको ५१.६६ प्रतिशत हुन आउछ । १६ जनाले दाईजो ठिकै ल्याएका जुन कुल संख्याको २६.६६ प्रतिशत हुन आउछ । ७ जनाले विवाहको क्रममा दाईजो बढी ल्याएको जुन कुल संख्याको ११.६६ प्रतिशत हुन आउछ । ६ जनाले दाईजो नल्याएको जुन कुल संख्याको १० प्रतिशत हुन आउछ ।

## ५.४ खानपिनमा महिलाको निर्णय क्षमता

एउटा परिवारमा बच्चाको खानपिन, खानाको परिकार, तरकारी के पकाउने, अचार बनाउनेकी नबनाउने, मासु खानेकी नखाने, ढिडो खाने कि नखाने, खाजा के खाने , कतिखेर खाने आदि विषयमा निर्णय लिनुपर्ने हुन्छ । सामान्य तरिकाबाट हेर्दा भात पकाएपछि तरकारी, दाल र अचार हामी नेपालीको राष्टिय खाना नै हो यसमा पनि किन टाउको दुखाईको विषय भन्ने गरिन्छ । तर जसोतसो भात त पाक्यो दाल र तरकारी पाक्ने बेलामा परिवारको एउटा सदस्यलाई एक किसिमको तरकारी मन पर्छ तर अर्को सदस्यको रुचि अर्कै हुन सक्छ जसले गर्दा खाना खादा कसैलाई मिठो त कसैलाई नमिठो पनि हुन सक्छ त्यसैले तरकारी के पकाउने, खाजा के खाने भन्ने सम्बन्धमा एक सदस्यको रुचिलाई सबैले स्विकार गर्नुपर्ने हुन्छ । किनकी मान्छे अनुसारको खानेकुरा पाक्नु प्राय असम्भव नै हुन्छ । त्यसैले परिवारमा महिलाको निर्णय मान्य कत्तिको छ भन्ने कुरा तालिका ५.२ बाट थाहा पाउन सकिन्छ ।

तालिका५.२:खानपिनमा महिलाको निर्णय क्षमता सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| थोरैमात्र निर्णय हुन्छ | ९ | १५.०० |
| मध्यम स्तरको निर्णय हुन्छ | १४ | २३.३३ |
| धेरैनै निर्णय हुन्छ | ३१ | ५१.६६ |
| निर्णय चल्दैन | ६ | १०.०० |
| जम्मा | ६० | १००.०० |


स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.२: अनुसार कुल ६० जना महिलाहरुमध्ये खानपिनमा महिलाको धेरैनै निर्णय हुने ३१ जनामा जुन कुल जनसंख्याको ५१.६६ प्रतिशत हुन आउछ । मध्यम स्तरको निर्णय चल्ने १४ जनामा जुन कुल संख्याको २३.३३ प्रतिशत हुन आउछ । थोरै मात्र निर्णय चल्ने ९ जनामा जुन कुल संख्याको १५ प्रतिशत हुन आउछ । खानपिनमा निर्णय नचल्ने ६ जनामा कुल संख्याको १० प्रतिशत हुन आउछ ।

अर्न्तवार्ता अनुसूची, जानकारी भएअनुसार प्राय पुरुषहरु घरबाहिरको काममा व्यस्त हुने र घरको लागी चाहिने घरायसी रासन पनि उपलब्ध गराउन नचाहने, भएको पैसा रक्सीमा उडाउने भएकाले पनि प्राय महिलाहरुले घरायसी व्यवहार आफैले चलाउने भएकाले धेरै महिलाहरुको खानपिनमा निर्णय देखिन आएको छ ।

## ५.५ महिला र सम्पत्ति

निर्णय लिने क्षमतालाई सम्पत्तिमा रहेको अधिकारले पनि प्रभाव पारेको हुन्छ । जुन महिलाको नाममा घरजग्गा वा सम्पत्ति छ त्यो महिलाको निर्णय क्षमता बढेको हुन्छ । किनकी आफ्नो नाममा भएको सम्पत्ति उसले आफ्नो ईच्छाले बिक्री गर्न उ स्वतन्त्र भएकी हुन्छे र आफ्नो ईच्छा अनुसारको काम परिवारमा लाद्न सक्दथे । स्तम्भ ५.३ मा महिलाको घरजग्गा तथा सम्पत्ति महिलाको नाममा छ वा छैन भन्ने जानकारी प्राप्त हुन्छ ।





**स्तम्भ ५.३ : महिलाको नाममा सम्पत्ति सम्बन्धी विवरण**

स्तम्भ ५.३: अनुसार यस वडाका कुल ६० जना महिलामा गरिएको शोध कार्यमा ४९ जना महिलाको नाममा घरजग्गा तथा अन्य सम्पत्ति नरहेको जुन कुल संख्याको ८१.६६ प्रतिशत हुन आउछ । ११ जना महिलाको नाममा घर जग्गा तथा अन्य सम्पत्ति रहेको जुन कुल संख्याको १८.३३ प्रतिशत हुन आउछ । यहाँ अन्य सम्पत्ति अन्तर्गत शेयर, बैंकमा संकलित रकम आदि रहेका छन् ।

## ५.६ खेतिपाती र निर्णय

अर्मला ६ का दलित महिलाको परिवारहरु प्राय साहुँको खेत अधियामा गर्ने गर्दछन् । खेति गर्ने प्रक्रियामा कहिले, कुन वाली लगाउने, बिऊ कुन प्रयोग गर्ने, खेताला र बाहुसेको चाजो मिलाउने, कहिले बाली थन्काउने भन्ने निर्णय गर्नुपर्ने हुन्छ । स्तम्भ ५.४ बाट कुन वाली लगाउने भन्ने सन्दर्भमा महिलाको निर्णय के कति छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।




**स्तम्भ ५.४: वाली छनौटको सन्दर्भमा महिलाको निर्णय सम्बन्धी विवरण**

स्तम्भ ५.४:अनुसार कुन वाली लगाउने भन्ने सम्बन्धमा कुल ६० जना महिलामध्ये ३७ जनाको निर्णय परिवारमा चलेको पाइन्छ जुन कुल संख्याको ६१.६६ प्रतिशत हुन आउँछ । २३ जना महिलाको निर्णय नरहेको देखिन्छ जुन कुल संख्याको ३८.३३ प्रतिशत हुन आउँछ ।

वैयत्तिक अध्ययन बाट जानकारी प्राप्त भएअनुसार उत्त समाजमा खेती लगाउने र थन्काउने सन्दर्भमा पुरुषले गर्ने काम र महिलाले गर्ने काम अलग्याइएको पाइन्छ । त्यसैले कुन बाली लगाउने, खेताला कति हाल्ने , कहिले रोप्ने, कहिले काट्ने आदी विषयमा महिलाको भूमिका बढी भएको स्थिति छ भने हली, बाउसे मल, बिऊ, बाली थन्काउने र बेचबिखन गर्ने सर्न्दभमा पुरुषको प्रमुख हात रहेको देखिन्छ । माक्सवादी महिलावादमा चर्चा भएझैं उत्पादनमुखी क्षेत्रमा पुरुषको निर्णय क्षमता बढी रहेको देखिन्छ भने अनुत्पादनशील क्षेत्रमा महिलालाई निर्णय गर्न दिएको देखिन्छ ।

## ५.७ बाली बेचबिखन र निर्णय

नेपाल कृषिप्रधान मुलुक हो । यहाँका ७४ प्रतिशत मानिस कृषि पेशामा लागेको पाइन्छ । यस अर्मलाका दलित समुदायका महिला र पुरुषले हातेमालो गरी कृषि कार्य गरिएको पाइन्छ । वस्तु उत्पादनको प्रक्रियामा समान भूमिका भएतापनि वस्तु बेचबिखनको प्रक्रियामा भने समान भूमिका र निर्णय नरहेको देखिन्छ । तालिका ५.३ बाट वाली बेचबिखनमा महिलाको निर्णय क्षमता के कस्तो रहेको छ भन्ने थाहाँ पाउन सकिन्छ ।

### तालिका५.३: बाली बेचबिखन र निर्णय क्षमता सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | ३६ | ६०.०० |
| आफैको | ७ | ११.६६ |
| दुवै मिलेर | १४ | २३.३३ |
| अन्यको | ३ | ५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.३: अनुसार कुल ६० जना महिलाको परिवारमा ३६ जना महिलाको परिवारमा बाली बेचबिखनको मामिलामा पूरुषको निर्णय रहेको जुन कुल संख्याको ६० प्रतिशत हुन आउछ । १४ जना महिलाको परिवारमा श्रीमान र श्रीमती दुवै मिलेर बाली बेचबिखन गरिएको जुन कुल संख्याको २३.३३ प्रतिशत हुन आउछ । ७ जना महिलाको परिवारमा महिलाको आफैको निर्णय रहेको जुन कुल संख्याको ११.६६ प्रतिशत हुन आउँछ । ३ जना महिलाको परिवारमा परिवाका अन्य सदस्यहरुको निर्णय रहेको देखिन्छ जुन कुल संख्याको ५ प्रतिशत हुन आउछ । यहाँ अन्य सदस्य अर्न्तगत परिवारमा ससुराको निर्णय रहेको पाइन्छ ।

# वैयत्तिक अध्ययन–दुई

## वाली लगाउने र बेच्ने निर्णय क्षमतामा महिला


*म अहिले ४२ बर्षकी भए । माईत मेरो घाचोक । मजदुरी र निवेक गरी जिवन गुजारा गरेकी छु । मेरो घरमा बाह्र जनाको परिवार छ ।  छ ओटी छोरी, चार छोरा, मेरो श्रीमान अनि म । सरकारी स्कुलमा दुइ छोरा आठ कक्षामा पढ्छन् ठुलो छोरो आठ कक्षा पढ्दा पढ्दै तल्लो घरको छिमेकीको छोरासँग इन्डिया गएको तीन बर्ष भयो महिनाको भारती नौ हजार कमाई गर्छ । कान्छो छोरो ५ कक्षामा पढ्छ । छोरीलाई पढाएर के हुन्छ र अर्काको घर जाने जात हामीले पनि पढिएन नपढेपनि घास दाउरा चुलो चौको गर्न बाआमाले सिकाएका थिए । पढेपनि त्यही मेलापात घाँसदाउरा गर्नेत होनी त्यो नपढेपनि सकिहालिन्छ तर पाँच कक्षा भने सबैलाई पढायौ । दई छोरीको बिहे भएको ३ बर्ष भैसक्यो । तिनीहरुको राम्रै छ । दुई छोरीको पोहोरको साल भलाम र स्याङजाको आरुखर्कमा  विहे गरी पठाइयो । माइली छोरी गाउकै केटासँग भागेर गई । कान्छि छोरी अहिले १५ बर्षकी भई घरमै छ । अब गतिलो घर पाए त्यसको पनि विहे गर्नपाए आफ्नो जिम्बेवारीबाट छुटकारा मिल्ने थियो ।  घरको आर्थिक हिसाब र लेनदेन आफ्नो हातमा छैन बुढाले हेर्छन उनले पाँच कक्षा पढेका हुन् नाम लेख्न र मुखले हिसाब गर्न आउछ । हिसाबकिताबमा हामी आईमाइलाई अघि सारिदैन । त्यति बोल्न पनि दिईदैन । गाउँका कोही बाहिरी लोग्ने मानिससँग राम्रै मनले बोल्दापनि गालि गर्छन तेरो नाठो हो त्यो भन्छन् त्यसैले काम परेर बोल्दा पनि बिचार पुर्‍याउनु पर्छ । बुढाले आरनको काम गर्छन सिजन अनुसार आँसी, बाउसा, कोदाली, बञ्चरो अर्चाप्नि र बनाउन मानिसहरु आउछन् त्यसैले गर्दा जिनतिन गुजार चलेको छ । २ हल खेत अधियामा गरेका छौ । खेति के कसरी गर्ने, कुन बिउ प्रयोग गर्ने, कहिले काट्ने, कति खेताला हाल्ने सबै जिम्मा मेरो हो । तर वाली बेचविखन गर्ने समयमा मेरो निर्णय केही चल्दैन । मलाई चाहिएको बेलामा २० रुपैंया माग्दा पनि छैन भन्छन तर आफुलाई चाहिएको बेलामा मेरो पटुकीमा निवेक गरी राखेको २/४ रुपैंया पैंसा पनि बाँकी राख्दैनन् । दिन नमाने बल जवस्ती खोसेर लान्छन् ।खेती गर्ने समयमा बाहुनहरुको तीन घरमा हली लगाएका छन् । बर्षमा नौ मुरी धान पाइन्छ । घरमा एक भैसी, एक हल गोरु र दुई बाखा छन् । घरको सामान किनबेचमा मेरो र छोरीहरुको केहि निर्णय चल्दैन । बुढाको निर्णय चल्छ त्यसपछि छोराहरुको । बिहानको चुलो चौको भ्याएपछि*

*बाहुनीहरुकोमा खेतालो जान्छु मौसम अनुसार कहिले मोल बोक्न, धान काट्न, कोदो टिप्न, खेत गोड्न जान्छु अचेलत छोरी पनि मसँग खेतालो जान्छे । कहिले पैसा त कहिले चामल, भट्ट, गुन्द्रुक, तरकारी ल्याउछु । के गर्ने कमाई थोरै छ खानेमुख धेरै छ । छोराहरुपनि शनिबार र बिदाको दिनमा गाउँघरमा काम गर्न जान्छन् । गाउँ आईमाई र लोग्ने मान्छेले एउटै काम बराबरी गर्दा पनि छोरी मान्छेको भन्दा छोरा मान्छेको ज्याला दोव्बर छ । हामीले खेतालो गएर दुईसय खान्छौं भने छोरा मान्छेको चारसय बाउसेको छ । बुढाले रक्सी खानुहुन्छ । छोराहरुले पनि लुकीछिपी रक्सी र चुरोट खान्छन् । छोराहरुलाई केही बोल्योकी मुखमुखै लाग्छन् टेर्दैनन् । बाऊपनि छोराहरुसँग त्यती बोल्दैनन् उनलाई रक्सि खानपाए पुग्यो । छोरीलाई र मलाई भने देखि सहदैनन् कुटपिट पनि गर्छन् । घरमा हामी आमाछोरीको निर्णय केहि चल्दैन । घरको भैसी, बाखा, गोरु किनबेच गर्दा पनि एक शव्द सोधिदैन किनबेच गरेपछि बल्ल कुरा गर्छन । केही बोल्योकी तेरो सम्पत्ति होइन चुपलाग भन्छन् । माइतीबाट मैले धेरै दाइजो नल्याएकीले मलाई त्यती रुचाउदैनन् । पहिला पहिलात अर्को विहे गर्ने धम्की दिन्थेभने अहिले छोराछोरीपनि ठुलाभए अलि कम भएको छ ।*

*छोराछारी कति पाउने, कति कति बर्षमा पाउने, उनिहरुलाई कहाँ पढाउने, बिहेकहाँ गर्ने भन्ने सम्बन्धमा मेरो कुरा कहिल्यै खाएका छैनन् । सधैं आफ्नै निर्णय गर्छन । बुढीले भनेको मान्ने म जोईटिङ्ग्रे होइन भन्छन् । समाजका मान्छेले पनि ठिक गरिस भनेर उचालिदिन्छन् । यो घरमा मात्र होइन हाम्रो छिमेकका सबैजसो घरमा प्राय यस्तै छ ।*

## ५.८ जन्म निर्धारण र महिला

परिवारलाई सुखी र सम्पन्न बनाउनमा परिवारको संख्याले निर्धारण गरेको हुन्छ । सानो परिवार भएको खण्डमा बालबच्चाको शिक्षा, स्वास्थ्य, पोषणमा राम्रो ध्यान पुप्याउन सकिन्छ । यसको विपरित परिवारको आकार ठूलो भएको खण्डमा परिवारका आधारभूत आवश्यकता समेत पुरा गर्न गाह्रो पर्दछ । स्तम्भ ५.५ बाट दलित समुदायमा जन्म निर्धारण सम्बन्धमा महिलाको निर्णय प्रक्रियालाई देखाईएको छ ।




**स्तम्भ ५.५: जन्म निर्धारणमा महिलाको निर्णय क्षमता सम्बन्धी विवरण**

स्तम्भ ५.५ अनुसार कुल ६० परिवारका ६० जना महिलाको उद्देश्यमूलका नमूना छनौट गरि अघि बढाईएको शोध कार्य अन्तर्गत जन्मको निर्धारण सम्बन्धमा २४ जना महिलाहरुको श्रीमानले निर्णय गरेको जुन कुल संख्याको ४०.०० प्रतिशत हुन आउँछ । १७ जना महिला आफैले निर्णय गरेका जुन कुल संख्याको २८.३३ प्रतिशत हुन आउँछ । १९ परिवारमा श्रीमान र श्रीमती दुवैको संलग्नता रहेको जुन कुल संख्याको ३१.६६ प्रतिशत हुन आउछ ।

## ५.९ परिवार नियोजनका साधनको प्रयोग र महिला निर्णय

परिवारको संख्या ठुलो बनाउने वा सानो बनाउने भन्ने सन्दर्भमा दम्पत्तीको प्रमुख भूमिका रहेको हुन्छ । परिवार नियोजनका साधनको प्रयोगले सन्ताको जन्म र जन्मान्तरलाई निर्धारण गरेको हुन्छ । तालिका ५.४: बाट परिवार नियोजनको साधनको प्रयोगमा श्रीमान वा श्रीमती कसको निर्णय रहन्छ भन्ने थाहा पाउन सकिन्छ ।

**तालिका ५.४: परिवार नियोजनका साधन प्रयोग र महिला निर्णय सम्बन्धमा उत्तरदाता**


| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | २३ | ३८.३३ |
| आफैको | ११ | १८.३३ |
| दुवैको | २६ | ४३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.४: अनुसार कुल ६० जना महिलाहरुमा गरिएको अर्न्तवार्ता अनुसूची बाट प्राप्त भएको जानकारी अनुसार परिवार नियोजन साधनको प्रयोगमा २६ जना महिलाको परिवारमा श्रीमान र श्रीमती दुवैको सल्लाह हुने गरेको जुन कुल संख्याको ४३.३३ प्रतिशत हुन आउछ। २३ जना महिलाको श्रीमानको निर्णय क्षमता रहेको जुन कुल संख्याको ३८.३३ प्रतिशत हुन आउछ । ११ जना महिलाले आफ्नो निर्णयमा परिवार नियोजनका साधन प्रयोग गरेको पाइयो जुन कुल संख्याको १८.३३ प्रतिशत हुन आउछ।

## ५.१० गर्भवती अवस्था र स्वास्थ्य सेवा

गर्भवती अवस्थामा स्वास्थ्य सेवा अपरिहार्य कुरा हो । तर नेपालका प्राय गाउँमा अझैपनी गर्भवती अवस्थामा स्वास्थ्य सेवा प्राय नपाएको अवस्था सर्वविधितै छ। यस शोध क्षेत्रमा दलित महिलाहरु गर्भवती भएको अवस्थामा स्वास्थ जाँच गराएको या नगराएको अवस्था के कस्तो छ भन्ने कुरा स्तम्भ ५.६: बाट थाहा हुन आउछ।




**स्तम्भ ५.६: गर्भवती अवस्थामा स्वास्थ्यसेवा सम्बन्धी विवरण**

स्तम्भ ५.६: अनुसार कुल ६० महिलाहरु मध्ये गर्भवती अवस्थामा स्वास्थ्य जाच गराएका ३३ जना रहेका छन् जुन कुल संख्याको ५५ प्रतिशत हुन आउछ । २७ जना महिलाहरुले स्वास्थ्य जाँच नगराएको पाइन्छ जुन कुल संख्याको ४५ प्रतिशत हुन आउछ।

अर्न्तवार्ता, अनुसूची, वैयत्तिक अध्ययन र समूह छलफलबाट प्राप्त जानकारि अनुसार अशिक्षित परिवारमा महिलाहरुको स्वास्थ्य जाँच नगरेको पाइन्छ भने शिक्षित परिवारमा

महिलाको स्वास्थ्यमा विशेष ध्यान दिइएको पाइन्छ । अशिक्षा, गरिबी र परम्परावादी सोचका कारण महिलाहरुको स्वास्थ्य जाँचमा फरक पारेको पाइन्छ ।

## वैयक्तिक अध्ययन–तीन

### गर्भवती अवस्थामा स्वास्थ्य जाँच सेवा सम्बन्धी अध्ययन

*म अहिले ५३ बर्षकी भए । मेरो ३ छोरी, ३ छोरा, २ बुहारी र ७ नातिनातिना छन् । जेठो पट्टि २ छोरी र १ छोरा, माइलो तिर २ छोरी र कान्छो तिर २ छोरा छन् । मेरो ३ पल्ट गर्भ खेर गएको हो । नत्र ९ छोराछोरी हुर्न्थे । सबै सन्तान घरमै जन्माएकी हुँ । स्वास्थ्य जाँच गराइएन । हाम्रो पालामा बच्चा जन्मिने दिन सम्म पनि मेलापात जान्थ्यौ । घरमा बस्न पाइने थिएन । अहिलेका बुहारी भने मेलापात जान त परै जाओस त्यहीमाथि छुस्स केही भयोकी अस्पताल धाएको धाऐ ठुलै चिज हो की झै । हाम्रो पालामा पेटभर खान त पाइने थिएन । आरामको त परै जाओस् । श्रीमानको ताल त्यही थियो । जेठो छोरो त मेला जान हिडेकी बेथा लागेर फर्केकी हु । हुन त राम्रो स्याहार पाएको भए मेरा तीन बच्चा खेर जाने थिएनन् होला । मेरा बुढा ६१ बर्षको भए अझैपनि आरनको काम गर्छन् । जेठो छोरो अहिले साउदीमा छ । माइलो गाउँतिरै ढुङ्गा माटोको काम गर्छ । कान्छो छोराले अहिले बस चलाउछ । बुहारीहरु गाउँमा मेलापात जान्छन् । मौसम अनुसारको खेती लगाउछन् । हामी बुढाबुढी छोराबुहारी सँग नबसी अलग्गै बसेका छौ । पहिला सँगै बस्दा कुनै बुहारीले काम गर्दा कुनै बुहारी ले काम नगर्ने भएकोले एक आपसमा मनमुटाब भयो । उनिहरु मिल्न सकेनन् । बुढाहरुले कमाएको पैंसा पनि सवै बुहारीले लुकाउने घरखर्ची चलाउन भने मलाइ र मेरा बुढालाई पर्ने बरु छुट्टिएपछि त आ–आफ्नो गरेर त खालान भन्ने लागेको थियो हामी बुढाबुढीलाई तर बुहारीहरु आफै सँगै बस्न नसक्ने कुरा गरे हामीलाई पनि ठिकै भयो । गाउँका ५ जना भलादमी बोलाएर अंशबण्डा गरिदिएका हौं । घरजग्गा सबै छोराहरुको नाममा गरिदिएका छौ हामी बुढाबुढीको जिउनीको नाममा ४ मुरी धान आउने अलैची बारीको खेत छ । त्यो बुढाको नाममा छ । छोरा छोरीले बर्षको २–२ मुरी धान भरेका र महिनाको ५–५ सय रुपैंया दिने गरेका छन् । तर दिएको पैंसा मेरो हातमा एक रुपैंया पर्दैन बुढाले नै राख्छन् । रक्सी खाने र जुवा खेल्ने बानी बुढेसकालसम्म पनि छुट्न सकेको छैन । हामी बुढाबुढीले २ बाखा र १० वटा कुखुरा पालेका छौ तर ती सबै बुढाकै हुन मेरो नाममा केही छैन । सामान किनबेचमा बुढाले आफुखुसी गर्छन । मलाई*

सोध्दैनन् । जे कुरा गर्दा पनि बुढाकै सल्लाह अनुसार गर्नुपर्छ यदी गरिन भने अर्भ्फपनि हात छोडिहाल्छन । मान्छे बुढा भएपनि रिसचाही चर्को छ । बुहारीहरुसित रिस उठ्यो भने मनपरी बोल्न पनि पछि पर्दैनन् । मसँग त भ्फन कुरै नगरौं । छोराबुहारीहरु सित भएको सम्पत्ति पनि सबै छोराहरुकै नाममा छ । छोरा बुहारीको पनि एक आपसमा खासै मेल छैन । कान्छो छोराले बुहारीलाई देखिसहदैन हामीले उसको मागि बिहे गरीदिएका थियौ । खै किन हो बुहारीलाइ त्यती रुचाउदैन । रात दिन दुलई लाई रक्सी पिएर बेलुका घरमा आएपछि कुटपिट गर्छ । अर्कै बिहे गर्छु भन्छ । हामीले सम्भ्फाउदा पनि मान्दैन । त्यसलाई कसले मन बिगारिदिएको हो खै कुन्नी । हेराउदा ग्रह दशा ठिक छैन सम्पत्तिको क्षति हुन्छ भनेको थियो त्यस्तै हुन्छकी क्याहो ग्रह दशा काट्न पाए राम्रो हुन्थ्यो होला । के गर्ने माईत जाँदा र बजार जादा पनि श्रीमानलाई सोध्नुपर्ने यदी नसोधेको खण्डमा गालीगलौज र कुटपिट गर्छन । विवाहमा बाबा आमाले सम्पत्ति पनि धेरै दिन सकेनन् । घरमा आएपछि श्रीमानकै इसारामा चल्नुपर्ने यदी उनको भनेअनुसार नभए गालीगलौज र कुटपिट सहनुपर्ने थियो । आफुले पाएको दुःख र बेदना माइतीमा गएर भन्दा पनि माइतीले त्यती मतलब नगर्ने भएपछि दुःख सुनाएको पनि के अर्थ । अचेल त सुनाउदापनी सुनाउन्न बा आमा मरेको पनि ११ बर्ष भैसक्यो । दाजु भाई भनेका त्यस्तै हुन बा–आमा जस्ता कहाँ हुन्छन् र । जेठी बुहारी मुखाले छ । माइली बुहारी भने मुखले पनि पिराउदिन पैंसा पनि छिराउदिन । छोरा बुहारी बाट खासै सन्तोष छैन् । माईली बुहारी अहिले फेरी दुई जिउकी भएकी छ । यसपाली छोरा पाइदिए आनन्द हुन्थ्यो ।

मेरो नाममा सम्पत्ति केही छैन पढाइ त्यो बेलामा बा–आमाले पढाएनन् । आफुलाई पनि खासै मतलब भएन । छोरीले पढ्यो भने अनर्थ हुन्थ्यो भ्फै गर्थे । बुढाले घरको आर्थिक लेनदेन हेर्छन त्यसमा मेरो केही हात छैन् । मेरो बिहे १४ बर्षको उमेरमा भएको हो । बिहे गर्ने मन थिएन तर बा ले बिहे गराईदिए । बिहे गर्दीन भन्न सकिन । सम्पत्ति पनि त्यति ल्याएकी होइन् । त्यसैले बेला बेलामा तैले के ल्याएकी थिइस र त बोल्न पर्‍यो भनि भन्ने गर्छन् । मेरो निर्णय केही चल्दैन । छोरीहरु माईतीमा आउदा गुनासो पोख्छु । यसरी नै जीवन बिताएकी छु । अब त डाँडा माथिको घाम हुने बेला भयो ।

### ५.१०.१ स्वास्थ्य जाँच र निर्णय क्षमता

गर्भवती अवस्थामा स्वास्थ्य जाँच अपरीहार्य कुरा हो । स्वास्थ्य सेवा लिने सम्बन्धमा कतिपय परिवारका जेष्ठ सदस्यहरुले निर्णय गरेको पाइन्छ त कतिपय परिवारमा श्रीमानले निर्णय लिएको पाइन्छ र कतिपय परिवारमा स्वयं गर्भवती महिलाले नै निर्णय लिएको पाइन्छ । दलित महिलाहरुको स्वास्थ्य सेवा सम्बन्धमा निर्णय क्षमता के कस्तो छ भन्ने सन्र्दभमा तालिका ५.५ बाट थाहा पाउन सकिन्छ ।

### तालिका ५.५:स्वास्थ्य जाँच र निर्णय क्षमता सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | २१ | ३५.०० |
| आफैको | १७ | २८.३३ |
| दुवैको | १९ | ३१.६६ |
| अन्य | ३ | ५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.५ अनुसार कुल ६० जना महिलाहरुमा गर्भवती अवस्थामा नियमित स्वास्थ्य जाँचको सिलसिलामा गर्ने या नगर्ने निर्णय क्षमतामा २१ जना महिलाको परिवारमा श्रीमानको निर्णय प्रभावकारी रहेको पाइयो जुन कुल संख्याको ३५ प्रतिशत हुन आउछ । १९ जना महिलाको परिवारमा श्रीमान र श्रीमतीको आपसी समझदारीमा निर्णय हुने गरेको पाइयो जुन कुल संख्याको ३१.६६ प्रतिशत हुन आउछ । १७ जना महिलाले आफैले निर्णय गरेको देखिन्छ जुन कुल संख्यको २८.३३ प्रतिशत हुन आउछ । ३ जना महिलाको परिवारमा अन्य सदस्यको निर्णय क्षमता रहेको जुन कुल संख्याको ५ प्रतिशत हुन आउछ । यहाँ अन्य सदस्य अन्तर्गत परिवारमा सासु, जेठानी र ससुराको निर्णय क्षमता रहेको पाइयो ।

### ५.१०.२ परिवारमा शिक्षा र महिला निर्णय

परिवारमा छोराछोरीको जन्मपछि उनिहरुको राम्रो लालनपालन गर्नु आमाबुबाको कर्तव्य तथा दायित्व हुन्छ । उनिहरुलाई राम्रो शिक्षा दिन सकेको खण्डमा भविष्य

उनिहरुको उज्जल हुन सक्छ । त्यसैले हरेक परिवारमा अभिभावकले आफ्ना बालबच्चाको शिक्षामा ध्यान पुऱ्याएका हुन्छन् । यस वडाका दलित महिलाहरुमा गरिएको शोधकार्य अनुसार छोराछोरीको शिक्षामा निर्णय कसको छ भन्नेमा तालिका ५.६ बाट थाहा लाग्छ ।

## तालिका ५.६: परिवारमा शिक्षा र महिला निर्णय सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | २२ | ३६.६६ |
| आफैको | २३ | ३८.३३ |
| दुवैको | १३ | २१.६६ |
| अन्य | २ | ३.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.६: अनुसार कुल ६० जना दलित महिलामा छोराछोरीको शिक्षा सम्बन्धमा कुन स्कुल पढाउने भन्ने सम्बन्धमा २३ जना महिला आफैको निर्णय रहेको जुन कुल संख्याको ३८.३३ प्रतिशत हुन आउछ । २२ जना महिलाहरुको श्रीमानको निर्णय रहेको जुन कुल संख्याको ३६.६६ प्रतिशत हुन आउछ । १३ जना महिलाहरुको परिवारमा श्रीमान श्रीमती दुवैको निर्णय रहेको जुन कुल संख्याको २१.६६ प्रतिशत हुन आउछ । २ जना महिलाको परिवारमा अन्य सदस्यको निर्णय प्रक्रिया रहेको जुन कुल संख्यको ३.३३ प्रतिशत हुन आउछ ।

अर्न्तवार्ता अनुसूचि बाट जानकारी भएअनुसार यहाँ अन्य अन्तर्गत हजुरबुबाले नातीनातिनीको पढाईमा निर्णय गरेको पाइन्छ । श्रीमान परदेश भएको, घरबाहिरको काममा जानुपर्ने कार्यव्यस्तताका कारणले गर्दा श्रीमानले छोराछोरीको शिक्षामा समय दिन नसकेको र दलित परिवारमा शिक्षालाई त्यति महत्व नदिइने भएका कारण पनि यो निर्णय क्षमता श्रीमतीमा बढी देखिएको छ ।

### ५.१०.३ छुट्टिने पक्रिया र निर्णय क्षमता

परिवारको आकार ठुलो भएपछि र परिवारका सदस्यहरुबिच मतभेद भएपछि परिवारबाट अलग्गिएर बसेको पाइन्छ । यसरी परिवारबाट अलग हुने क्रममा कतिपय हासिखुसी अंशवण्डा भएको पाइन्छ भने कतिपय झगडा गरि छुट्टिएको पाइन्छ । यस क्रममा परिवारका सदस्यमध्ये कुनैको बढि र कुनैको कम निर्णय लिने क्षमताले प्रभाव पारेको हुन्छ । तालिका ५.७ मा महिलाको निर्णय क्षमता के कति भन्ने कुरा देखाइएको छ ।

**तालिका ५.७ : छुट्टिने पक्रियामा महिला निर्णय क्षमता सम्बन्धमा उत्तरदाता**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | ११ | १८.३३ |
| आफैको | ३३ | ५५.०० |
| दुवैको | १३ | २१.६६ |
| अन्य | ३ | ५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.६: अनुसार कुल ६० जना दलित महिलाका परिवारमा ३३ जना महिलामा छुट्टिने क्रममा महिलाको निर्णय मान्य भएको जुन कुल संख्याको ५५.०० प्रतिशत हुन आउछ । १३ जना महिलाको परिवारमा श्रीमान र श्रीमती दुवैको निर्णय मान्य रहेको जुन कुल संख्याको २१.६६ प्रतिशत हुन आउछ । ११ जना महिलाको परिवारमा श्रीमानको निर्णय मान्य रहेको जुन कुल संख्याको १८.३३ प्रतिशत हुन आउछ । ३ जना महिलाको परिवारमा परिवारका अन्य सदस्यहरुको निर्णय रहेको जुन कुल संख्यको ५.०० प्रतिशत हुन आउछ ।

प्राप्त भएका तथ्याङ्क अनुसार यहाँ अन्य सदस्यहरु अर्न्तगत परिवारका सासूससूरा, देउरानी, जेठानी रहेका छन् । परिवारमा जव नयाँ दुलही भित्रिएपछि विस्तारै परिवारमा मन्द रुपमा द्वन्द्वको स्थिति देखिएको पाइन्छ । यसको कारण पहिला आमाको सल्लाह र सुझाव अनुसार चल्ने छोरा विस्तारै श्रीमती सल्लाह अनुसार पनि चल्नुपर्ने वाध्यता रहन्छ । त्यसमा पनि श्रीमानको कमाइलाई अब उनकी श्रीमतीले नियन्त्रण गर्न थालेपछि सासूससूराको मनमा बुहारी र छोरालाई हेर्ने दृष्टिकोणमा फरक आएको देखिन्छ मनमुटाबको सिर्जना

भएको पाइन्छ भने श्रीमतीलाई आफ्ना बुबाआमाले काममा पेलाएको देखेर श्रीमतीको ईच्छा अनुरुप उनको छुट्टिने विचारको कदर गरेको देखिन्छ । प्राय छुट्टिनुको पछाडि सासू र बुहारीको झगडा देखिन आएको छ ।

## वैयक्तिक अध्ययन–चार

### छुट्टिने प्रक्रियामा बुहारीको निर्णय क्षमता सम्बन्धी अध्ययन

*म अहिले ५९ बर्षकी भए । मेरो माइत घार्मी हो । मेरो परिवारमा ४ छोरा, ३ बुहारी, म र मेरा बुढा थियौ । तर अहिले तिन छोरा बुहारी छुट्टिएका छन् । हामी बुढाबुढी तिर कान्छो छोरो छ । कान्छो छोराको पनि बिहे गर्ने बेला भयो । जेठो छोराले ट्याक्टर चलाउछ । माइलो छोरो बसमा पैसा उठाउने काम गर्छ । कान्छो छोराले बिजुलीको काम गर्छ । हामी बुढाबुढी कृषि काम गर्छौ । बुढाले २ घर परेली लगाएका छन् । खेतीको समयमा जोत्छन । बर्षमा १० मुरी मुजुरी आउछ । असार महिनामा हल खेताला बेचेर पनि पैसा कमाउछन् । पहिला छोराहरुको बिहे नगर्दासम्म परिवारमा कति मेल थियो । छोराहरुलाई जे भनेपनि मान्ने गर्थे घरमा घरायसी सामान किनबेचमा बुढाको हात थियो । छोराहरुले कमाएर ल्याएको पैंसा बालाई बुझाउथे । दाजुभाईमा निकै मेल थियो । छोराहरुको बिहे गरेर लक्ष्मी भित्रयाउन पाए अझ राम्रो हुने ठानेर दुई छोराको बिहे गरियो । त्यसपछि परिवारमा झगडाको विऊ रोपेजस्तो भयो । पहिला त्यति मिल्ने दाजुभाई श्रीमतीको नानाथरी कुराको पछाडी लागी भनाभन गर्न थाले । बुहारीहरु पनि एक आपसमा नमिल्ने झन म परे सासु मसँग के ग्रह मिल्यो र । बुहारीहरुकै कारण दुई छोराहरु छुट्टिन पछि परेनन् । अन्तमा दुई छोराहरु अलग बसे तर कान्छो छोराको बिहे नभएकोले हामीसँगै बसेको छ ।*

*घरमा एक हल गोरु, एक भैंसी, ६ बाख्रा र १३ कुखुरा रहेका छन् । वस्तुभाउ किन्ने कोही मान्छे आएभने बुढालाई बोलाउनुपर्छ कित छोरालाई मेरो केही निर्णय चल्दैन । तर बस्तुभाउलाई घाँसपात तथा हेरचाह मैले नगरी सुःख छैन । घरायसी कामकाजमा केही सल्लाह गर्ने कुरामा पनि मैले बोलेको दुई बाउछोराले खिल्ली उडाउछन् । काला अक्षर भैंसी बराबर तिमीलाई केही थाहा छैन भन्छन् । त्यसैले आजकाल म केही पनि बोल्दिन बोलेको केही अर्थ नभएपछी बोलेर पनि के काम । दुइ बाउ छोराले जे गर्छन गर्छन ।*

*घरायसी सामान किनबेचमा मेरो निर्णय चल्दैन । केही सामान बेच्दा बुढालाई र छोरालाई नसोधी म काम गर्दिन । यदी गरे भने मलाई बाउ छोरा मिलेर गाली गर्छन । म अनपढ हिसाबकिताब पनि जान्दिन । त्यसैले पनि होला । गाउँघरमा कसैकोमा गएर एकछिन गफ गर्दा पनि बाउ छोराले अर्काको घर किन ढुक्न जानुपर्‍यो भनि गाली गर्छन । त्यसैले गाउमा पनि त्यती जादिन । कहिले काही मेलापात जान्छु । सामाजिक संघ संस्थाको काममा बुढा र छोरो नै अगि सर्छन । घरजग्गा बुढाको नाममा छ । मेरो नाममा केही छैन । दुई छोराको विहे गर्ने क्रममा मलाई एक बचन पनि नसोधीकन विवाहको छिनोफानो भएको हो । खेती गर्ने सम्बन्धमा कुन बाली लगाउने भन्ने निर्णय चाहि मेरो हुन्छ । बुढालाई त्यती मेसो छैन । बाली बेचविखनमा भने बुढो र छोरा अगाडी सर्छन । नपढेकाले हिसाब किताब आउदैन । बुढाले रक्सी खान्छन । छोराले पनि लुकीछिपी रक्सी खान्छ रे मैले त देखेकी छैन । तर बुढाले देखेका रैछन तर खासै मतलब गरेनन् । उमेरमा उनि पनि त्यस्तै थिए रे । जेहोस आफ्नै बुढा र छोराहरु भएपछी रीसाएर दुई चार शब्द नराम्रो बोलेपनि पछि माया लागेर मन पलाउछ । झन छोरो त कोखको घाँउ जति नै नराम्रो गरेपनि एक पल्ट हासीदियो भने त्यसै मन खुसी हुन्छ । ठिकै छ राम्रै तरिकाले जिवन गुजारा गरेकी छु ।*

## ५.१०.४ आर्थिकलेनदेन र निर्णय क्षमता

रुपैंया पैसासँग सम्बन्धि लेनदेन आर्थिक कारोबार हो । एउटा परिवारमा छरछिमेक, बैंक तथा सहकारी संस्था, साथिभाई आदिसँग आर्थिक लेनदेनको कारोबार गर्नुपर्ने स्थिति हुदा यस कार्यमा सम्बन्धित परिवारका नाईकेहरु अघि बढेर परिवार सञ्चालन गर्नुपर्ने हुन्छ । यस कार्यमा दलित महिलाहरु कत्तिको अगाडि छन् भन्ने कुरा तालिका ५.८ बाट जानकारी हुन्छ ।

### तालिका ५.८: आर्थिक लेनदेन र निर्णय क्षमता सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | २३ | ३८.३३ |
| आफ्नो | २० | ३३.३३ |
| दुवैको | १७ | २८.३३ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.८ अनुसार परिवारमा आर्थिक लेनदेनका कारोबारमा कुल ६० परिवारमध्ये २३ परिवारमा महिलाको निर्णय रहने गरेको जुन कुल संख्याको ३८.३३ प्रतिशत हुन आउछ । २० परिवारम महिलाको निर्णय रहने गरेको जुन कुल संख्याको ३३.३३ प्रतिशत हुन आउछ । १७ परिवारमा महिला पुरुष दुवैको निर्णय रहने गरेको जुन कुल संख्याको २८.३३ प्रतिशत हुन आउछ ।

प्राप्त भएका तथ्याङ्कहरु अनुसार पूरुषहरुको प्रायः रक्सी सेवन गर्ने बानी रहेको र आफुले कमाएको पैसा आफैसँग राख्दा सवैपैंसा जाँड रक्सीमा खर्च गर्ने कारणले घरमा दिनहुँ झगडा पर्ने भएकालेश्रीमानले पैंसा कमाएपनि श्रीमतिले राखि घरव्यवहार चलाएको पाइन्छ । श्रीमानले आफूले पकेट मनि आफूलाई राखि अन्य रुपैंया श्रीमतीलाई राख्न दिएको प्राय देखिन्छ तर खर्च गर्ने अधिकार भने श्रीमानहरुमानै बढि भएको देखिन्छ । स्कुलको फी तिर्न, वैंकको किस्ता तिर्न, पैसा सापटी माग्न साहुँकोमा जान, सामाजिक आर्थिक क्रियाकलापमा अघि श्रीमतीलाई सारेको तर आर्थिक रिमोड कन्ट्रोल (निर्णय) भने श्रीमानकै हातमा रहेको पाइन्छ ।

## वैयक्तिक अध्ययन–पाँच

### आर्थिक लेनदेनमा महिलाको निर्णय क्षमतामा कमि सम्बन्धी अध्ययन

*म अहिले ५१ वषकी भए । म कान्छो छोरासँग बसेकी छु । परिवारमा अहिले हामी ५ जना छौ । छोरा,बुहारी, एक नाति, एक नातिनी र म ।  आजभन्दा १५ बर्ष अगाडि हाम्रो परिवारमा १ छोरा दुई छोरी म र मेरो बुढा थियौं । बुढा र मैले मेसीनमा कपडा सिलाएर र कृषि कार्य गरेर जिवन चलाएका थियौ । आर्थिक स्थिति हामी दलित भएपनि राम्रै थियो । नातेदारहरुले पनि तेरो भाग्य राम्रो रैछ । बुढो पनि गतिलो परेछ दुवै मिली कमाएका छौं भन्थे । तर के गर्ने पछि बुढाले रक्सी खाने कुलतले गर्दा सम्पत्ति पनि खर्च भयो । रक्सी नखाउ भनेर सम्झाउदा पनि नमान्ने र उल्दै मलाई कुटपिट गर्न थाले । घरमा रुवाबासी चल्थ्यो । दुई छोरी र कान्छो छोरीलाई पनि नराम्रोसँग कुट्थे । केही पनि  बोल्न हुदैनथ्यो । घरको वस्तुभाउ किनबेचमा मेरो हात थिएन । घरायसी रासन किन्न त परै जाओस उल्टै मैले मेसिनमा कपडा सिलाएको पैसा पनि उल्टै मागेर लान्थ्यो । दिन नमाने जवरजवस्ती गर्थ्यो । पछि पो थाहा पाइयो उनि अर्कै केटितिर लागेका रहेछन् । घर कहिले आउने र*


*कहिले नआउने गर्ने । छोराछोरीलाई पनि वास्ता नगर्ने अनि कपडा सिलाउने काम पनि छोडे । दिनभरी बाटुलेचौर तिर जाने र बेलुकी आउँदा मलाई घरमा खे खायौ, छोराछोरीले खाएकी खाएनन्, रासन घरमा सिद्धियो की छ भनी कहिले पनि सोध्ने थिएनन् र घरायसी सामान किन्नमा मतलब पनि गर्ने थिएनन् । सबै आफैले नै गर्नुपर्थ्यो । मैले उनलाई अचेल तिमीले के गरेको, तिमी किन बिग्रीएका हौ भनि सम्झाउदा मलाई पोथी बासेको मन पर्दैन भनि नराम्रो सँग कुटी रगतमुच्छेल पारे । अनि छोराछोरी चर्को स्वरमा रोए र वरपरका छरछिमेकी पनि सबै हेर्न आए । सबैले उसलाई गाली गरे तर उ उल्टै मेरो खेदो खन्थ्यो । भोलीपल्ट त पल्लो गाउँको अर्केको श्रीमती भगाएर गएको  खबर सुने । मलाई दुःख लाग्नुको साटो खुसी पो लाग्न पुग्यो । अब बल्ल शान्तिले बाच्न पाइने भो जस्तो लाग्यो । अब मैले र मेरा छोराछोरीले कुटाई खानु परेन भनेर किनकी उसको गुन भन्दा पनि बैगुन धेरै थियो । साना बालबच्चाहरुलाई मैले बढो मुस्कीलले हुर्काएँ । छोरीहरुलाइ आठ कक्षासम्म पढाएपछि जेठि छोरीको बिहे गराए भने अर्की छोरीले आफैले मन पराएको केटासँग बिहे गरी ।*

*अहिल छ वर्ष भयो कान्छो छोराको बिहे भएको दुलही उसले आफ्ने इच्छाले बिहे गरेको हो मैले देखाएको केटी सँग विहे गरेन । एस. एल.सी. पास पनि गरेन । मैले भनेको केहि टेर्दैन । बुढीले जे भन्यो त्यही गर्छ । आज तरकारी फलानो चिज खान मन लाग्यो ल्याइन भन्दा मान्दैन तर उसकी बुढीले बोलेपछि फरक पर्दैन । अस्ती ५ हजार पर्ने सारी मन पर्‍यो भनेकी थिई किनेर ल्याइदियो । मासु खान मन लागेको छ आज भन्ने बित्तिकै मासु ल्याएकै हुन्छ । तर मैले भनेको चिज आजसम्म तुरुन्त ल्याएको थाहाँ पाएकी छैन् । छोराछोरी भनेपछि कति मरिहत्ते गरियो दिनरात नभनी च्यापेर लिइयो तर अहिले छोराले नरुचाउदा मन साह्रै दुख्दो रैछ । छोराले मजदुरी कृषि काम गर्छ भने बुहारीले कपडा सिलाउँछे । ऊ बेलामा यिनै छोरा छोरीलाई भनेर कत्ति दुःख गरियो । तर आज भने यस्तो छ । छोरीहरु पनि खासै भेट्न आउदैनन् । पराईको घरमा गएपछि उनिहरुलाई पनि मेरो जस्तो त होलानी उनिहरुसँग मेरो केही गुनासो छैन । घरको आर्थिक लेनदेनको निर्णय छोराले र त्यसपछि बुहारीले गर्छन् । मलाई धन्न मन नपराए पनि दुई छाक मिठो नमिठो खान दिएकै छन् । यत्तिकैमा सन्तोष गर्छु । नाति नातिना हेर्ने काम गर्छु । तर कहिलेकाही चाडपर्वमा छोरी ज्वाँई आउदा दक्षिणा दिन नसक्दा नरमाइलो लाग्छ । मेसिनमा सिलाईको*

*काम गर्न आँखा कमजोर भएकाले छोडे । आम्दानीको ठाउँ छैन । छोरा सँग माग्दा दिदैन । निवेक गर्न जान पनि सकिदैन ।*

## ५.१०.५ घरबाहिरको काममा महिला र श्रीमानको स्वीकृति

एउटा परिवारलाई राम्रो तरिकाले अगि बढाउनको लागि परिवारमा अर्थको महत्वपूर्ण भूमिका हुन्छ । घरभित्रको कार्य अनुत्पादनमूलक कार्यको रुपमा गणना गरिएको हुन्छ भने घरबाहिरको कार्यलाई उत्पादनमुलका कार्यको रुपमा गणना गरिएको हुन्छ । आर्थिक क्रियाकलाप अन्तर्गत कोहीले  घरभित्रको काम गर्नुपर्ने हुन्छ त कोहीले घरबाहिरको काम । परिवारमा महिलाले काम गर्ने सन्दर्भमा कतिपय परिवारमा महिलाले घरभित्र र बाहिरको काम गर्ने सन्दर्भमा कतिपय परिवारमा श्रीमानको स्विकृति लिएर महिलाले काम गरेका हुन्छन् त कतिपय परिवारमा महिलाले श्रीमानको स्विकृति नलिइ काम गरेका हुन्छन् । जेण्डर भूमिका अनुसार परिवारमा महिलाको काम र पुरुषको कार्य निर्धारण भएको पाइन्छ र त्यही अनुसार नै कार्य गरेका हुन्छन् । स्तम्भ ५.७ बाट महिलाले घर बाहिरको काम गर्ने सन्दर्भमा श्रीमानको स्विकृति के कति मिल्छ भन्ने सर्न्दभमा थाहाँ पाउन सकिन्छ ।




**स्तम्भ५.७: घरबाहिरको काममा श्रीमानको स्वीकृति सम्बन्धी विवरण**

स्तम्भ ५.७: अनुसार कुल ६० जना महिलामा उनिहरुको परिवारमा घर बाहिरको काम गर्नलाई स्विकृति नमिलेको ५१ जना रहेका जुन कुल संख्याको ८५ प्रतिशत हुन आउछ । ९ जना महिलाहरुलाई घर बाहिरको काम गर्नमा स्विकृति मिलेको जुन कुल संख्यको १५ प्रतिशत हुन आउछ ।

वैयक्तिक अध्ययन बाट जानकारी भएअनुसार घर बाहीरको काममा श्रीमतीलाई पठाएमा समाजमा श्रीमतीलाई पाल्न नसकेर बाहीर काममा पठाएको भनि समाजमा अर्कै तरिकाले हेर्ने र यदी श्रीमती घरबाहीर काम गर्न गएको खण्डमा श्रीमती टाठी बाठी हुन्छे फलत मैले भनेको मान्दिन । परपुरुष सँग उठबस हुन सक्छ अथवा मेरो नियन्त्रणमा रहन्न भन्ने श्रीमानको आन्तरिक मनसायका कारण पनि प्राय परिवारमा श्रीमानले आफ्नी पत्नीलाई घरबाहीरको काममा स्वीकृति नदिएको पाइयो । यसको कारण पुरुष प्रधान समाजमा महिलाहरुलाई स्वतन्त्र हुन दिनुहुदैन । उनिहरुलाई सधै आफ्नो नियन्त्रणमा राख्नुपर्छ भन्ने सोच हावी भएको देखिन्छ । जसमा लैङ्गिक भूमिकाले ठुलो भूमिका खेलेको छ।

## ५.१०.६ वैवाहिक कार्य र निर्णय

परिवारसँग सम्बन्धित रहेर गरिने विभिन्न संस्कार मध्ये विवाह एक महत्वपूर्ण संकार हो । छोराछोरीलाई जन्म दिएपछि राम्ररी पालनपोषण गर्ने, राम्रो शिक्षा र संस्कार सिकाउने र विवाह गराईदिने आमाबाबुको कर्तव्य पनि हो । प्रेम विवाहको क्रममा केटा वा केटिकै सत प्रतिशत निर्णय क्षमता हुन्छ भने मागि विवाहको क्रममा महिलाको निर्णय क्षमता  भन्ने सम्बन्धमा तालिका ५.९ बाट थाहा पाउन सकिन्छ ।

### तालिका ५.९: वैवाहिक कार्य र निर्णय सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | २८ | ४६.६६ |
| आफ्नो | ६ | १०.०० |
| दुवैको | ५ | ८.३३ |
| छोराछोरीको | २१ | ३५.०० |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.९ अनुसार कुल ६० महिलाको परिवारमा छोराछोरीको विवाह गर्ने क्रममा सबैभन्दा बढी २८ महिलाका परिवारमा श्रीमानको निर्णय रहने गरेको जुन कुल संख्याको ४६.६६ प्रतिशत हुन आउछ । २१ महिलाको परिवारमा छोराछोरीको निर्णय रहने गरेको देखिन्छ जुन कुल संख्याको ३५ प्रतिशत हुन आउछ । ६ परिवारमा महिलाको निर्णय

हुने गरेको जुन कुल संख्याको १०.०० प्रतिशत हुन आउछ । ५ परिवारमा श्रीमान श्रीमती दुवैको निर्णय हुने गरेको जुन कुल संख्याको ८.३३ प्रतिशत हुन आउछ ।

वैयत्तिक अध्ययनबाट प्राप्त भएको जानकारी अनुसार विवाहसँग सम्बन्धित रहेर निर्णय गर्ने सर्न्दभमा मागि विवाहमा प्राय घरको मुख्य मानिस अथवा श्रीमानको निर्णय प्रक्रिया रहने गरेको देखिन्छ । तर प्रेम विवाहको सर्न्दभमा विवाहको निर्णयमा प्राय छोराछोरीको नै निर्णय रहेको पाइन्छ ।

## ५.१०.७ संघ संस्थाको कार्यमा संलग्नता

मानिस सामाजिक प्राणी हो । एउटै साझा उद्देश्य प्राप्तिको लागी मानिसहरु समाजमा मानिसहरुले सहकार्य गरेका हुन्छन् । गाउँका संध संस्था अन्तर्गत युवा क्लव, आमा समुह, रेडक्रस आदि पर्दछन् । त्यस्ता संघसंस्थाहरुले आयोजना गरेका काम अर्न्तगत श्रमदान, जनचेतनामूलक कार्यक्रम, वैठक , विभिन्न विषयमा दिइने तालिम आदि पर्छन् । यी कार्यहरुमा प्रत्येक परिवारका व्यत्तिहरुको संलग्नता रहन्छ । तालिका ले संघ संस्थाका कार्यमा को कसको संलग्नता बढी छ भन्ने कुरा देखाउछ ।

### तालिका ५.१० संघ संस्थाको कार्यमा संलग्नता सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको | १८ | ३०.०० |
| आफैको | ९ | १५.०० |
| छोराको | १३ | २१.६६ |
| छोरीको | २ | ३.३३ |
| सासु | ४ | ६.६६ |
| ससुरा | १० | १६.६६ |
| अन्य | ४ | ६.६६ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१


तालिका अनुसार कुल ६० जना महिलाको परिवारमा संघ संस्थाका काममा महिलाको सहभागिताको सर्न्दभमा चर्चा गर्नुपर्दा श्रीमानको सहभागिता सवैभन्दा बढि १८

परिवारमा देखिएको जुन कुल संख्याको ३०.०० प्रतिशत हुन आउँछ । १३ परिवारमा छोराको संलग्नता देखिएको जुन कुल संख्याको २१.६६ प्रतिशत हुन आउँछ । १० परिवारमा ससुराको संलग्नता देखिएको जुन कुल संख्याको १६.६६ प्रतिशत हुन आउँछ । ९ परिवारमा श्रीमतीको संलग्नता देखिएको जुन कुल संख्याको १५ प्रतिशत हुन आउँछ । ४ परिवारमा सासुको संलग्नता देखिएको जुन कुल संख्याको ६.६६ प्रतिशत हुन आउँछ । ४ परिवारमा अन्य सदस्यहरुको संलग्नता देखिएको जुन कुल संख्याको ६.६६ प्रतिशत हुन आउँछ । २ परिवारमा श्रीमतीको सदस्यता रहेको जुन कुल संख्याको ३.३३ प्रतिशत हुन आउँछ । यहाँ अन्य सदस्यहरुमा देवर, नन्द, देउरानी, जेठानी रहेका छन् ।

समूह छलफलबाट प्राप्त भएको जानकारी अनुसार संघसंस्थाका कार्यमा संलग्न रहेका प्राय परिवारमा महिलाहरुको निर्णयलाई स्विकार नगरिएको अवस्था देखिन्छ भने पुरुषको निर्णय भने प्राय सजिलै लागु भएको देखिन्छ । तैपनि बढ्दै गरेको आधुनिकता र देशव्यापी रुपमा बढ्दै गरेको महिला जागरण कार्यक्रम र महिलाले पनी नेतृत्व क्षेत्रमा अघि बढ्नुपर्छ भन्ने विभिन्न रेडियो, टिभी आदी बाट फैलिएको सूचनाका कारण महिलाहरुले संघसंस्थामा सरिक हुन खोजेको तर लैङ्गिक भूमिका अनुसार महिलाले बालबच्चाको स्याहारसुसार तथा घरायसी अनुत्पादनशील कामको बोझले गर्दा चाहेर पनि अघि बढ्न नसकेको र श्रीमानले पनि सहयोग नगरेको देखिन्छ । बरु उल्दै पोथी बास्नु पर्दैन भनि महिलाहरुलाई हतोत्साहित बनाउने गरेको देखिन्छ । घरबाहीरको काम र समाज सेवामा लागेका महिलाहरुलाई पूरुषप्रदान समाजले नराम्रो नजरले हेर्ने गरेको पाइयो ।

### ५.१०.८ पेशा छनौट र महिलाको निर्णय

एउटा परिवारलाई राम्रो तरिकाले अगि बढाउनको लागि परिवारमा पेशाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । कुनै पेशा उत्पादनमुखी हुन्छन् त कुनै पेशा अनुत्पादित हुन्छन् । प्राय समाजमा रहेको जेण्डर रोलको कारणले गर्दा महिलाहरुलाई अनुत्पादित क्षेत्रमा लगाईएको पाइन्छ भने पुरुषहरु उत्पादनमूलक पेशामा लागेको पाइन्छ । यहाँ स्तम्भ ५.८ अनुसार पेशा छनौटमा महिलाको के कति संलग्नता रहेको छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।




**स्तम्भ ५.८: पेशा छनौटमा महिलाके निर्णय क्षमता सम्बन्धमा उत्तरदाता**

स्तम्भ ५.८ अनुसार कुल ६० परिवारका विवाहित महिलाहरुमध्ये ३८ जना महिलामा पेशा छनौटमा निर्णय नरहेको जुन कुल संख्याको ६३.३३ प्रतिशत हुन आउछ । २२ जना महिलामा पेशा छनौटमा निर्णय रहेको जुन कुल संख्याको ३६.६६ प्रतिशत हुन आउछ ।

वैयक्तिक अध्ययन जानकारी भए अनुसार महिलाहरुको पेशा छनौटमा निर्णय नहुनुको पछाडी महिलाहरु अशिक्षित भएकाले निर्णय क्षमता हुन नसकेको देखिन्छ । महिलाहरुमा पनि मैले श्रीमानलाई पाल्ने होइन श्रीमानले मलाई पाल्न ल्याएका हुन भन्ने समाजमा रहेको लैङ्गिक भूमिकाले प्रभाव पारेको देखिन्छ ।

## ५.१०.९ घरायसी सामान किनबेच र महिला निर्णय

परिवारमा घरायसी सामानहरु अन्तर्गत दाल, चामल, नुन, तेल, मसला, भाडाहरु आदि किनबेच गर्नुपर्ने स्थिति हुन्छ जसमा परिवारका सदस्यहरुले निर्णय लिने गर्दछन् । यहाँ तालिका ५.११ बाट घरायसी सामान किनबेचमा महिलाको निर्णय के कति मात्रामा भएको छ भन्ने थाहा पाउन सकिन्छ ।

### तालिका ५.११: घरायसी सामान किनबेचको  निर्णय सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानको एकल निर्णय हुन्छ | २१ | ३५.०० |
| आफ्नो मात्र निर्णय हुन्छ | ११ | १८.३३ |
| दुवैको निर्णय हुन्छ | २७ | ४५.०० |
| भन्न चाहन्न | १ | १.६६ |
| जम्मा | ६० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ५.११ अनुसार कुल ६० जना महिलाको परिवारमा २१ परिवारमा श्रीमानको एकल निर्णय हुने गरेको जुन कुल संख्याको ३५.०० प्रतिशत हुन आउछ । ११ परिवारमा महिलाहरुको आफ्नै निर्णय हुने गरेको जुन कुल संख्याको १८.२३ प्रतिशत हुन आउछ । २८ परिवारमा श्रीमान श्रीमती दुवैको निर्णय हुने गरेको जुन कुल संख्याको ४५ प्रतिशत हुन आउछ । १  परिवारमा महिलाले भन्न नचाहेको जुन कुल संख्याको १.६६ प्रतिशत हुन आउछ ।

## वैयक्तिक अध्ययन–छ

## घरायसी सामान किनबेचमा महिलाको निर्णय क्षमता सम्बन्धी अध्ययन

*म ३२ बर्षकी भए । मेरो माइत हेम्जा हो । कृषि पेशा र मजदुरी गर्दछु । म अहिले मेरा चार छोराछोरीका साथ एक्लै बसेकी छु । मेरो परिवारको आयस्रोत केहि पनि छैन । गाउँमा काम परेको बेला मजदुरी काम, खेतालो जाने गर्छु । कहिले पैसा खान ढुङ्गा बोक्न हिड्छु त कहिले गाउँका बाहुनीहरुकोमा एकछिन काम गरिदिएर तिउन ताउन, चामल, मकै लिएर आउछु । यसरी नै मेरो गुजारा चलेको छ । मेरो सम्पत्तिको नाममा ढयही एक भुप्रो एक कोठाको घर हो । त्यहीपनि लालपुर्जा भने छैन सरकारी जग्गामा झुप्रो बनाएर बसेकी छु । मेरो छोरो सरकारी स्कुलमा ६ कक्षामा साथी नेपालले दिएको छात्रवृत्ति पाएर पढेको छ । छोरीहरुभने ५ कक्षा पढेपछि स्कुल छुटाएकी हुँ । के गर्ने पढाउन सके त राम्रो हो । ठुली छोरी अहिले १६ बर्षकी भई , माइली छोरी १३ बर्षकी भई, कान्छी छोरी १२ बर्षकी भई*


*अहिले उनिहरु पनि मेलापात जान्छन र धन्न छाक टार्न सकेका छौ । मेरो श्रीमान पनि छन् तर कान्छी सौतापट्टि छन् । माथि कोट गाउँमा बसेका छन् । आजभन्दा १२ बर्ष पहिले मैले छोरा पाउन सकिन भनेर मेरो बुढाले म माथी सौता हाले तर सौता हालेकै बर्ष मेरो कान्छो छोरो जन्मियो छोरो पाएपछि बुढाले मलाई माया गर्न थालेका थिए तर सौताले पनि लगातार दुईवटा छोरा छोरा पाएपछि बुढा उतैतिर सल्के । उ परि भर्खर अठार बर्षकी म परे उमेर पाकेकी लोग्ने मान्छेको जात जुन बुढी राम्री त्यतैतिर बस्न छोडेर के बस्थे म सँग उसँगै बसे । सँगै रातदिन सौतासँग झगडा पर्ने बुढाले पनि झगडाको कारण नबुझी कान्छीतिरै ओड ढाकेर मलाई कुटपिट गर्ने । अब सँगै बस्न नसक्ने भएर मलाई एक हलको खेत दिएर र पन्ध्र पाथी कोदो आउने बारी दिएर छुट्टयाइदिए । यो घर पनि म आफैले यस वडाका अध्यक्षसँग गुहार मागी सरकारी जग्गामा भुपडी बनाएकी हुँ । कुन बेला भत्काउन पर्ने हो थाहा छैन् । पानि चुहिन्छ तर बुढा र सौता भने राम्रो घरमा बसेका छन् । बुढाले बिदेशमा गएर काम गर्छन पैसा त पठाउछन् तर कान्छि बुढीलाई । तर हामीलाई अहिलेसम्म एक रुपैंया पनि पठाएका छैनन् । बुढा त पहिला त्यती निष्टुरी थिएनन् । कुटपिट गरेपनि परेको बेलामा माया गरेझै गर्थे । तर कान्छि नकचरी आएपछि बुढालाई मोहनी लगाएजस्तै गरेकी छ । उठ भने उठ्छन् बस् भने बस्छन् । त्यसैले पैसा पनि नदेल् भनेकी हो पक्कै पनि । उसकै इसारामा नचाएकी छ । घरबाट छुट्टिएपछि अर्कासित भागेर जाऊकी भन्ने विचार गरेकी थिए तर साना छोराछोरीहरुको चिलबिल हुन्छ भनेर मात्र बसेकी हुँ । बुढाको गुन केही पनि छैन ।*

*अर्की सौता ल्याउनु भन्दा पहिला मलाई सधै जसो कुटपिट गर्थे । छोरा पाउन सकिनस् भन्ने रक्सी खाने जुवातास खेल्ने गर्थे । बिदेशबाट कमाएर ल्याएको पैसा भने जुवातास र रक्सीमा नै उडाउथे । रक्सी पिएर घरमा ढिलो आउने उनको इच्छा भए सुत्नुपर्ने इच्छा नभए उठ्नुपर्ने मेरो इच्छाले केही म त उनको तिर्खा मेटाउने खेलौना जस्तै हुनुपर्थ्यो । एकदिन बीरामी भएको बेलामा पनि मैले सुःख पाइन् तर मेरो इच्छाको भने कहिले ख्याल गरेनन् । छोराछोरी कति पाउने, कसरी घर चलाउने यस्ता सल्लाह मसँग कहिल्यै भएनन् । घरमा निर्णय मेरो केहि पनि चल्दैन । घरको एउटा कुखुरो बेच्दापनि उनलाई नै सोध्नुपर्थ्यो । एकदिन उनलाई नसोधी बेचेकी थिए तर बेलुकी घरमा आएपछि नराम्रोसँग पिटे । तेरो सम्पत्ती होर तैले मलाई नसोधी बेच्ने लौ भन् कतिमा बेचिस् र कति लुकाइस् भनि गाली गरे । त्यस दिनपछि मैले तिनको सम्पत्ती अहिलेसम्म बेचेकी छैन् ।*

*उनलाई नसोधी म बजार पनि कहिले गइन् । माइतबाट कहिलेकाहि ढिलो आउदा कुन नाठोसँग बसेकी थिइस् भन्ने गर्थे । मेरो जिन्दगी जिउँदो लास जस्तै थियो । शरीर त मेरो थियो तर सास फेर्न पनि उनलाई नै सोध्न पर्थ्यो । यस्तो त कसैलाई पनि हुन्न होला । तर अहिले छुट्टिएपछि भने खान र लाउन दुःख भएपनि दिनभरी दुःख गरेपनी आरामको सास भने फेर्न पाएकी छु । अहिलेसम्म जति मर्का भएपनि अब त मेरा छोरा छोरी पनि ठुला भएका छन् । यीनैलाई हेरेर दुःख बिर्सेकी छु ।*

## ५.११ श्रीमानको निर्णय विरुद्ध महिला

परिवारलाई सूचारु तरिकाले अगाडी बढाउनको निम्ति कतिपय अवस्थामा श्रीमतीले भनेको निर्णयको विरुद्धमा महिलाले काम गर्नुपरेको हुन्छ त कतिपय अवस्थामा श्रीमानको निर्णय विरुद्ध महिला जानुपर्ने हुन्छ । स्तम्भ ५.९: बाट श्रीमानको निर्णयको विरुद्धमा गएर महिलाले काम गरेको या नगरेको सन्दर्भमा थाहाँ पाउन सकिन्छ ।




**स्तम्भ५.९: श्रीमानको निर्णय विरुद्ध महिला सम्बन्धी विवरण**

स्तम्भ ५.९: अनुसार कुल ६० महिलाहरुमध्ये १३ जना श्रीमानको निर्णय विरुद्ध गएका जुन कुल संख्याको २१.६६ प्रतिशत हुन आउछ । ४७ जना महिला श्रीमानको निर्णय विरुद्ध नगएको देखिन्छ जुन कुल संख्याको ७८.३३ प्रतिशत हुन आउछ ।

वैयक्तिक अध्ययन बाट प्राप्त भएको जानकारी अनुसार विश्व परिवेशमा बढिरहेको महिला आन्दोलन र नेपालकै परिवेशमा चलिरहेका महिला हक हितका कुरा तथा महिलावादी सिद्धान्तहरुको प्रभाव र रेडियो, टिभी सुनेको देखेको खबर, पत्रपत्रिकामा लेखिएका खवर र महिला शिक्षामा परेको केही सकारात्मक प्रभावको कारण महिलाहरुमा नारी पुरुष बराबर हुनुपर्छ भन्ने जागरणको प्रभाव परेका महिलाहरु श्रीमानको निर्णय विरुद्ध गएका तर पुरुष बिरुद्ध महिला गएकै कारण श्रीमानबाट श्रीमतीहरुमा कुटपिट, गालीगलौज, अनावश्यक दबाव आदि शारिरिक र मानसिक  असर परेको अवस्था छ । शारिरक असर अन्तर्गत चोटपटक लागेको अवस्था छ भने मानसिक असर अन्तर्गत निराशापन महिलाहरुमा देखिएको पाइन्छ । पुरुषहरुले आफ्नो प्रभुत्वलाई कायम राख्न महिलाहरुमाथि हिंसात्मक कार्य गर्ने गरेको देखिन आएको छ ।

# अध्याय – छ

# निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वहरु

घरायसी पारिवारिक स्थितिमा अभिभावकको नाताले विभिन्न पक्षहरुमा निर्णय लिनुपर्ने हुन्छ । उचित समयमा ठिक निर्णय लिन नसक्नाले परिवारले ठुलो मूल्य चुकाउनुपर्ने पनि हुन्छ । परिवारमा निर्णय प्रक्रिया कुनै समयमा महिलाको हुन्छ त कुनै समयमा पूरुषको बढी हुन्छ भने कुनै समयमा महिलाको बढी हुन्छ । यसको कारण निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वहरु जिम्मेवार रहेकाले यसो हुन गएको देखिन्छ । निर्णय प्रक्रियालाई प्रभाव पार्ने तत्वहरुमा शिक्षा, पेशा, उमेर, दाइजो, परिवारको किसिम, बच्चाको लिङ्ग, सम्पत्ति आदि जिम्मेबार रहेका छन् । जहाँ निर्णय प्रक्रियमा पुरुष प्रधान समाजले ठुलो भूमिका खेलेको देखिन्छ । लैङ्गिक भूमिकाको सिर्जना गर्ने सन्र्दभमा पुरुषहरुले आफुलाई अनुकुल हुने सामाजिक भूमिकाको सामाजिक नियम बसालेकोले महिलाको निर्णय क्षमता अत्यन्त न्युन देखिन्छ । यस अध्यायमा महिलावादी सिद्धान्तमा आधारित भएर निर्णयमा प्रभाव पार्ने तत्व र धारणा सम्बन्धी बुझ्न खोजिएको देखिन्छ । साथै दाइजो र पेशा छनौटमा निर्णय, विवाहको किसिम र छुट्टिने निर्णय क्षमता, पेशा र आर्थिक निर्णय क्षमता, महिलाको शिक्षा र संघ संस्थाको काममा संलग्नता र वैवाहिक स्थिति र किनबेचमा निर्णय क्षमताका बिच तुलनात्मक अध्ययन गरिएको छ ।

## ६.१ निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्व सम्बन्धी धारणा

परिवारमा महिलाको निर्णय क्षमतालाई विभिन्न तत्वहरुले प्रभाव पारेको पाइन्छ । फलस्वरुप केही तत्वहरुमा कमि वा बढी को कारण महिलाले गर्ने निर्णयमा घटबढ भएको हुन्छ । तलको तालिका ६.१ बाट कुन तत्वले महिलाको निर्णयमा के कति घटबढ पारेको छ भन्ने धारणा थाहा पाउन सकिन्छ ।

**तालिका ६.१: निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्व सम्बन्धी उत्तरदाताको धारणा**

| निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वहरु सम्बन्धी महिलाको धारणा | कुल संख्या | प्रभाव पारेको | प्रतिशत |
|---|---|---|---|
| शिक्षा | ६० | २२ | ३६.६६ |
| उमेर | ६० | १६ | २६.६६ |
| पेशा | ६० | ३९ | ६५.०० |
| लिङ्ग ( छोरा या छोरी ) | ६० | ४२ | ७०.०० |
| विवाहको किसिम | ६० | १३ | २१.६६ |
| दाइजो | ६० | ४७ | ७८.३३ |
| परिवारको किसिम | ६० | २७ | ४५.०० |
| सम्पत्ति (महिलाको नाममा) | ६० | ४३ | ७१.६६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ६.१: अनुसार कुल ६० जना दलित महिलाहरुको निर्णयलाई प्रभाव पार्ने तत्वहरुको बारेमा चर्चा गर्दा ४७ जना महिलामा दाइजोका कारण निर्णय क्षमतामा प्रभाव पार्ने धारणा छ जुन कुल संख्याको ७८.३३ प्रतिशत हुन आउछ । महिलाको नाममा रहेको सम्पत्तिको कारण निर्णय क्षमतामा प्रभाव पर्ने धारणा ४३ जना महिलामा जुन कुल सख्याको ७१.६६ प्रतिशत हुन आउछ । महिलाले जन्माएको छोरा या छोरीको आधारमा निर्णय क्षमतामा प्रभाव पर्ने धारणा ४२ जनामा जुन कुल संख्याको ७० प्रतिशत हुन आउछ । महिलाको पेशाको आधारमा निर्णय क्षमतामा प्रभाव पार्ने धारणा ३९ जनामा जुन कुल संख्याको ६५ प्रतिशत हुन आउछ । परिवारको किसिमको कारण निर्णय क्षमतामा प्रभाव पार्ने धारणा २७ जनामा जुन कुल संख्याको ४५ प्रतिशत हुन आउछ । शिक्षाको स्थितिले गर्दा निर्णय क्षमतामा प्रभाव पारेको २२ जनामा जुन कुल संख्यको ३६.६६ प्रतिशत हुन आउछ । उमेरले गर्दा निर्णय क्षमतामा प्रभाव पार्ने धारणा १६ जनामा जुन कुल संख्याको २६.६६ प्रतिशत हुन आउछ र विवाहको किसिमले गर्दा निर्णय क्षमतामा प्रभाव पार्ने धारणा १३ जनामा जुन कुल संख्याको २१.६६ प्रतिशत हुन आउँछ ।

अर्न्तवार्ता अनुसूचीबाट जानकारी भए अनुसार बढी दाइजो ल्याउने महिलाको परिवारमा निर्णय क्षमता बढी देखिन्छ भने कम दाइजो ल्याएकी महिलाको निर्णय क्षमता

कमि देखिन्छ । महिलाको नाममा सम्पत्ति रहेको परिवारमा महिलाको निर्णय क्षमता बढी रहेको र महिलाको नाममा सम्पत्ति नरहेको परिवारमा निर्णय क्षमतामा कमि रहेको पाइयो । जुन परिवारमा महिलाले छोरा जन्माएकी छन् सो परिवारमा महिलाको निर्णय क्षमता बढी पाइयो भने छोरीमात्र जन्माउकी महिलाको निर्णय क्षमतामा कमि रहेको पाइयो । व्यापार र सेवा पेशामा लागेका महिलाहरुको निर्णय क्षमता बढी र मजदुरी र कृषि पेशामा लागेका महिलाहरुको निर्णय क्षमतामा कमि रहेको पाइन्छ । एकल परिवारमा महिलाको निर्णय क्षमता बढी देखिन्छ भने संयुत्त परिवारमा रहेका महिलाको निर्णय क्षमता कमि रहेको पाइयो । अशिक्षित महिलाहरुमा भन्दा शिक्षित महिलाहरुमा निर्णय क्षमता बढी रहेको देखिन्छ । कम उमेरका महिलामा भन्दा बढी उमेरका महिलाहरुमा निर्णय क्षमतामा कमी रहेको पाइयो ।

## *वैयक्तिक अध्ययन–सात*

### ***सहमतिको विवाह र निर्णय क्षमता सम्बन्धी वैयत्तिक अध्ययन***

*म अहिले २९ बर्षकी भए । मैले किसानी काम गर्छु । मेरो माइत तारकाङ हो । मेरो परिवारमा चारजना छौ । बुढा, म, एक छोरा र एक छोरी । बुढा पढ्न लेख्न सक्नुहुन्छ र मैले गाउँमा पौढ कक्षा पढेपछि अलिअलि अक्षर चिन्न र नामसम्म लेख्न सक्ने भएकी छु । हामी अरुको खेत अधियामा गर्छौ । बुढाले बाहुन हरुकोमा हली लगाएका छन् । बर्षमा ८ मुरी मुजुरी आउछ । हिउँदको समयमा मजदुरी काम गर्न बजारतिर काममा जान्छन् त कहिले गाउँमा पनि काम मिलिहाल्छ । त्यसैले जेनतेन गुजारा चलेको छ । हिसाब किताब कहिले बुढाले र कहिले म आफैले र कहिले दुवै मिलेर गर्छौं । आफुले बेलामा पढिएन तर छोराछोरीलाई पढाउन भने केही कसुर छोडेका छैनौ । दुःख सुःख मजदुरी गरेर भएपनि छोराछोरीलाई पढाएका छौ । छोरी अहिले एस.एल.सी. दिदैछ । छोरो चाहि आठ कक्षामा पढ्छ । हाम्रो घरमा एक भैसी दुईओटा पाठा सहितको एक बाखो र छ ओटा कुखुरा छन् । बाखा र कुखुरा चाहि म आफैले निवेक गरेको पैसाले किनेर ल्याएकी थिए र ती मेरै नाममा छन् । कहिलेकाहि घरमा भएका वस्तुभाऊ किन्दा र बेच्दा दुवै मिलेर निर्णय गरिन्छ । तर कहिलेकाहि म एक्लैले पनि गर्छु । मेरो विवाह मागी र मेरो राजी खुसीले भएको हो । भेनाको घरमा आउदा उनलाई देख भेट भएको घर, खेत, गाईवस्तु देखे ठिकैछ जस्तो लाग्यो । दिदी भेनाले घरमा कुरा मिलाइदिए । दाइजो पनि माइतीले राम्रै दिएका थिए ।*

*गर्दुवा दिएर पनि एक लाख रुपैया वैंकमा राखिदिएका थिए । आफ्नो कर्ममा भएको जहाँ गएपनि परिहाल्छ । ठिकै छ खुसी नै छु । बुढाले मसँग राम्रो व्यवहार गर्छन् । काममा गएर ल्याएको पैसा थोरै भएपनि मलाई नै र राख्न दिन्छन् । आफूलाई चाहिदा मागेर लान्छन् । घरको किनमेल प्राय मैले नै गर्छु । बुढाले रक्सी खान्छन् कहिलेकाही रक्सी पार्छु । बुढाका तीन भाई दाजुभाई आफु माइला हुन । जेठाजुले ठेकेदारी काम गर्छन् । कान्छा अहिले फेरी बिदेश नै छन् । बा बितेको १० बर्ष भयो आमा चाहि ठुलो छोरासँग बसेकी छन् । देवर कतारमा काम गर्न गएका थिए विवाह भएको दुइ बर्ष नबित्दै देउरानी भनौदी दुधसितको बाल्खो छोडेर देवरले पठाएको एक लाख रुपैंया समेत कुम्ल्याई पल्लो गाउँको दुइ छोरा पाएको नाठो सँग पोइला गई बिचरा त्यो दुधे बालकको दुर्दशा भयो । सुरुमा त्यस नकचरीलाई पैसा चाहियो बुढालाई बाहिर पठाई पछि पैसाले पुगेपछि फेरी केहि समय पनि बैंस थाम्न नसकेर पोईला गई । बच्चालाई हामीले हेरेका थियौ पछि बुढी पोईला गएको खबर थाहा पाई देवर फर्के र केही महिनापछि मेरै माईतको एक बहिनीसँग बिहे गराईदियौ । अहिले फेरी देवर बाहिर नै गएका छन् । हामी पहिलाकै पूरानो घरमा बसेका छौ । जेठाजु र देवरले चाहि नयाँ घर बनाएर बसेका छन् ।*

*हामीले परिवारमा केही काम गर्नुपरेमा दुवैको सल्लाहले गर्छौं । त्यसैले बच्चा पनि दुईवटा मात्र पाउने भनि सल्लाह गरेका थियौं । अहिले बुढाले बच्चा नपाउने भनि अपरेसन गरे । आइमाईको भन्दा लोग्ने मानिसको गर्दा राम्रो हुन्छ भनि सल्लाहले उनको अपरेसन गरेका हौं ।*

*गाउँमा कहिलेकाहि बैठकमा बोलाउछन् र जान्छु कुरा सुन्छु । बैठकमा जाँदा ठुलाबढाको पुरुपको मात्र कुरा सुनिन्छ । कुनै निर्णय गर्दा पुरुषले भनेको निर्णय मात्र लागु हुन्छ । महिलाको विचारलाई खासै वास्ता गरिदैन । घरमा आउदा किन वैठकमा जानुपर्‍यो त्यो वैठकले तलाई खान दिन्छ कि लाउन भनी बुढा झगडा गर्छन् । मन्दिरमा पुजा आजा गर्दा बाहिरैबाट पुजाआजा गर्छौ । सरकारले छुवाछुतलाई हटाए पनि पहिल्यैदेखि चलेको परम्परा हामी आफैलाई पनि कस्तो कस्तो लाग्छ हामी आफै तर्कन्छौ । ठुला जातिका बुढा बुढीले तरतर गर्छन तर ठिटाठिटी भने केही मतलव गर्दैनन् । जिनतिन गुजारा चलेको छ । नङ्ग्रा खियाएर खान पाएका छौ ।*

## ६.२ दाइजो र पेशा छनौटमा निर्णय

दलित महिलाहरुको पेशा छनौटको निर्णय प्रक्रियामा दाईजोले प्रभाव पारेको पाइन्छ । थोरै दाइजो ल्याएका महिलाहरुको निर्णय क्षमता प्राय सबै पक्षहरुमा कमि नै रहेको देखिन्छ भने दाइजो धेरै ल्याएका महिलाहरुको निर्णय क्षमता भने अन्य महिलाहरुको तुलनामा बढी देखिन्छ । तालिका ६.२ मा दाइजो घटीबढी ल्याएकाले निर्णय क्षमतामा के कस्तो प्रभाव पर्‍यो भन्ने कुरा थाहा पाउन सकिन्छ ।

### तालिका ६.२ : दाइजो र पेशा छनौटमा निर्णय

| विवरण | संख्या | पेशा छनौटमा निर्णय | प्रतिशत |
|---|---|---|---|
| दाईजो थोरै ल्याएको | ३१ | १९ | ६१.२९ |
| दाईजो ठिकै ल्याएको | १६ | १२ | ७५.०० |
| दाईजो धेरै ल्याएको | ७ | ६ | ८५.०० |
| दाईजो नल्याएको | ६ | १ | १६.६६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका अनुसार दाइजो धेरै ल्याएका कुल ७ जना महिला मध्ये ६ जनामा निर्णय क्षमता रहेको पाइन्छ । जुन कुल संख्याको ८५ प्रतिशत हुन आउछ । दाइजो ठिकै ल्याएका कुल १६ महिला मध्ये १२ जना महिलाको पेशा छनौटमा निर्णय क्षमता रहेको जुन कुल संख्याको ७५ प्रतिशत हुन आउछ । दाइजो थोरै ल्याएका कुल ३१ जना महिलामध्ये १९ जना महिलाको पेशा छनौटमा निर्णय रहेको छ । जुन कुल संख्याको ६१.२९ प्रतिशत हुन आउछ । दाइजो नल्याएका कुल ६ जना महिलामध्ये १ जना महिलाको पेशा छनौटमा निर्णय क्षमता रहेको देखिन्छ जुन कुल संख्याको १६.६६ प्रतिशत हुन आउछ ।

## ६.३ विवाहको किसिम र छुट्टिने निर्णय

परिवारमा सदस्यहरुको संख्यामा वृद्धि भएपछि बिचारमा भिन्नता हुने भएकाले आपसमा मनमुटाव वातावरण सिर्जना हुन जान्छ । यस मनमुटावले ठुलो रुप लिन नपाओस तथा ठुलो दुर्घटना हुन नपाओस भन्नाका लागि परिवारका सदस्यबिच छुट्टिने परम्परा रहेको पाइन्छ । तर छुट्टिने प्रक्रियामा कतिपय परिवारमा आपसी समझदारीमा अलग बसेको

पाइन्छ भने कतिपय परिवारमा झगडा गरी अलग बसेको पाइन्छ । सो सम्बन्धमा निर्णय क्षमता परिवारका हरेक सदस्यमा रहेको पाइन्छ । विवाहको किसिमले छुट्टिने निर्णय क्षमताका के कस्तो प्रभाव पारेको छ भन्ने तालिका ६.३ बाट  थाहा हुन्छ ।

**तालिका ६.३ : विवाहको किसिमले छुट्टिने निर्णय क्षमताका सम्बन्धमा उत्तरदाता**

| विवरण | संख्या | छुट्टिने प्रक्रियामा महिलाको मात्र निर्णय | संख्या |
|---|---|---|---|
| मागि विवाह | २३ | ९ | ३९.१३ |
| प्रेम विवाह | ३७ | २४ | ६४.८६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ६.३ः अनुसार विवाहको किसिम अनुसार परिवारबाट छुट्टिने निर्णय क्षमता फरक रहेको छ । मागि विवाह भएका कुल २३ जना महिलामध्ये ९ जनामा छुट्टिने निर्णय क्षमता रहेको जुन मागि विवाह गरेका कुल संख्याको ३९.१३ प्रतिशत हुन आउछ । प्रेम विवाह गरेका कुल ३७ जना महिलामध्ये २४ जनामा निर्णय क्षमता रहेको जुन कुल प्रेम विवाहित महिलाको ६४.८६ प्रतिशत हुन आउछ ।

अर्न्तवार्ता र अनुसूची अनुसार युवा युवतीको विहे अगाडी नै एकले अर्कोलाई राम्ररी चिन्ने मौका पाउने भएकोले उनिहरुमा राम्रो समझदारी कायम भएकोले प्रेम विवाह गरेका महिलाको हरेक इच्छालाई श्रीमानले सहजै स्विकार गरेको पाइन्छ । यसको ठिक विपरित मागि विवाह भएका दम्मतीहरु बिच एक आपसमा चिनजान गर्ने मौका नपाएकोले एक अर्काको बानीव्यहोरा बुझ्न नसकेकोले एक आपसमा असमझदारी सिर्जना भएको र महिलाको निर्णयलाई स्विकार नगरिएको पाइन्छ ।

## ६.४ पेशा र आर्थिक निर्णय

महिलाको पेशा र अर्थिक निर्णय अन्तरसम्बन्धित हुन्छन् । पेशा अनुसार निर्णय गर्ने क्षमतामा घटबढ रहेको हुन्छ । तालिका बाट कुन पेशामा लागेका महिलाहरुमा निर्णय क्षमता के कस्तो छ भन्ने कुरा तालिका ६.४ बाट थाहा पाउन सकिन्छ ।

## तालिका ६.४ : पेशा र आर्थिक निर्णयका सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | आर्थिक लेनदेनमा महिलाको मात्र निर्णय | प्रतिशत |
|---|---|---|---|
| कृषि | १८ | ८ | ४४.४४ |
| गृहिणी | ९ | २ | २२.२२ |
| व्यापार | ७ | ५ | ७१.७२ |
| सेवा | २ | २ | १००.०० |
| मजदुरी | २३ | ३ | १३.०४ |
| अन्य | १ | ० | ०.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका अनुसार आर्थिक लेनदेनमा महिलाको एकलौटी निर्णय कुल ६० जना महिला मध्ये २० जना महिलामा रहेकोमा सेवा क्षेत्रमा लागेका कुल २ जना महिलामध्ये २ जनामै निर्णय चल्ने गरेको जुन कुल सेवा क्षेत्रमा लागेका महिलाहरुको सत प्रतिशत हुन आउछ । व्यापारमा लागेका कुल ७ जना महिलामध्ये ५ जना महिलाको एकलौटी निर्णय रहेको जुन व्यापारमा रहेका कुल महिलाको७१.७२ प्रतिशत हुन आउछ । कृषि लाई आफ्नो पेशा बनाएका कुल १८ महिलामध्ये ८ जना महिलामा निर्णय क्षमता रहेको जुन कुल संख्याको ४४.४४ प्रतिशत हुन आउछ । गृहिणी पेशा अपनाएका कुल ९ जना महिलामध्ये २ जना महिलामा एकलौटी निर्णय रहेको जुन कुल गृहिणी पेशामा लागेका महिलाको २२.२२ प्रतिशत हुन आउछ । मजदुरी पेशामा लागेका कुल २३ जना महिलामध्ये ३ जनामा निर्णय क्षमता रहेको जुन कुल संख्याको १३.०४ प्रतिशत हुन आउछ । अन्य पेशा अपनाएका महिलाहरुमा निर्णय क्षमता नरहेको पाइन्छ ।

अन्तर्वार्ता र अनुसूची बाट प्राप्त जानकारी अनुसार उत्पादनसिल क्षेत्रमा संलग्न महिलाहरुको घरायसी निर्णय क्षमता बढी र अनुत्पादिन क्षेत्रमा संलग्न महिलाहरुको निर्णय क्षमता कमि रहेको पाइन्छ ।

## ६.५ महिलाको शिक्षा र संघसंस्थाको काममा निर्णय

शिक्षा प्राप्त गरेको व्यक्तिमा नेतृत्वको क्षमताको विकास भएको हुन्छ । शिक्षित व्यक्तिले जीवनका हरेक मोडमा के सही हुन्छ र के गलत हुन्छ भन्ने सर्न्दभमा थाहा हुने भएकाले आफुलाई दोधार हुने प्रवृतिबाट छिटैनै निर्णय गरेका हुन्छन त्यसको ठिक विपरित अशिक्षित महिलाहरुमा त्यसो गर्न कम सक्षम हुन्छन् । फलत निर्णयमा पछि पर्दछन् । परिवारमा महिलाको शिक्षाको स्तरले प्राय सवैजसो घरायसी निर्णयमा प्रभाव पारेको पाइन्छ । तालिका ६.५ बाट महिलाको शिक्षाले संघसंस्थाको काममा को संलग्न हुने भन्ने निर्णय के कस्तो छ भन्ने कुरा थाहा पाउन सकिन्छ ।

### तालिका ६.५: महिलाको शिक्षा र संघसंस्थाको काममा निर्णय सम्बन्धमा उत्तरदाता

| विवरण | संख्या | संघसंस्थामा संलग्न हुने कुरामा निर्णय | प्रतिशत |
|---|---|---|---|
| निरक्षर | २९ | २ | ६.८९ |
| साक्षर | २४ | ३ | १२.५० |
| एस.एल.सी. पास | ६ | ३ | ५०.०० |
| आई.ए. भन्दा माथी | १ | १ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ६.५: अनुसार आई. ए. भन्दा माथि शैक्षिक स्तर भएका कुल १ जना महिलामध्ये १ जनाकै निर्णय रहेको जुन कुल आई.ए.भन्दा माथी शैक्षिक स्तर भएका महिलाको सत प्रतिशत हुन आउछ । एस.एल.सी. पास भएका कुल ६ जना महिलामध्ये ३ जनामा निर्णय क्षमता रहेको जुन कुल संख्याको ५० प्रतिशत हुन आउछ । कुल साक्षर २४ महिलाहरुमध्ये ३ जनामा निर्णय क्षमता रहेको जुन कुल संख्याको १२.५० प्रतिशत हुन आउछ । महिलाहरुको कुल २९ जना निरक्षर महिलामध्ये संघसंस्थामा संलग्न हुने सम्बन्धमा २ जना महिलाको निर्णय रहेको जुन कुल संख्याको ६.८९ प्रतिशत हुन आउछ ।

अर्न्तवार्ता अनुसूची, वैयक्तिक अध्ययन र समूह छलफलबाट प्राप्त भएको जानकारी अनुसार यस वडाका दलित महिलाहरुमा शिक्षा प्राप्त गरेनगरेको आधारबाट पनि भेदभाव गरेको पाइन्छ । पुरुषहरुको शिक्षालाई प्राथमिकता दिईएको तर महिलाको शिक्षालाई भने

त्यती महत्व नदिइएको पाइन्छ । तर विश्व परिवेशमा चलेको नारीवादी आन्दोलनको प्रभावका कारण महिलाहरु पनि नेत्तृत्वको क्षेत्रमा अगाडी बढ्न पाइला चालेको पाइन्छ ।

## ६.६ वैवाहिक स्थिति र घरायसी किनवेच

वैवाहिक स्थिती अनुसार पनि घरायसी सामान किनबेचमा निर्णय क्षमता घटबढ रहेको पाइन्छ । परिवारसँग सगै बसेका महिलाहरुमा सामान किनबेचमा निर्णय क्षमता कम रहेको पाइन्छ भने सानो परिवारमा बसेका महिलाहरुको निर्णय क्षमता बढि भएको पाइन्छ । तालिका ६.६ बाट वैवाहिक स्थितिले घरायसी सामान किनबेचमा पारेको प्रभाव के कस्तो छ भन्ने थाहा पाउन सकिन्छ ।

**तालिका ६.६: वैवाहिक स्थिति र घरायसी किनबेचमा निर्णय क्षमता सम्बन्धमा उत्तरदाता**

| विवरण | संख्या | घरायसी सामानकिनबेच | प्रतिशत |
|---|---|---|---|
| भर्खर विवाह भएको | ६ | १ | १६.६६ |
| सम्बन्ध विच्छेद | १ | १ | १००.०० |
| श्रीमान बिदेश गएका | १८ | २ | ११.११ |
| श्रीमानसँग छुट्टिएर बसेको | ७ | ५ | ७१.४२ |
| विधवा | ४ | १ | २५.०० |
| परिवारसँग बसेको | २४ | १ | ४.१६ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिका ६.६: अनुसार सम्बन्ध विच्छेद भएका कुल १ जना महिलामध्ये १ जनामै घरायसी सामान किनबेचमा निर्णय क्षमता सत प्रतिशत रहेको छ । श्रीमानसँग छुट्टिएर बसेका कुल ७ जना महिलामध्ये ५ जना महिलाको घरायसी सामान किनबेचमा एकलौटी निर्णय रहेको जुन कुल संख्याको ७१.४२ प्रतिसत हुन आउछ । विधवा महिला ४ जना रहेकोमा १ जना महिलामा निर्णय क्षमता नरहेको जुन कुल संख्याको २५ प्रतिशत हुन आउछ । भर्खर विवाह भएका कुल ६ जना महिलाहरुमध्ये १ जना महिलाको घरायसी सामान किनबेचमा निर्णय रहेको जुन कुल संख्याको १६.६६ प्रतिशत हुन आउँछ । श्रीमान बिदेश गएका कुल १८ जना महिलामध्ये २ जनामा निर्णय क्षमता रहेको जुन कुल संख्याको ११.११ प्रतिशत हुन आउछ । परिवारसँग सँगै बसेका कुल २४ जना महिलामध्ये १ जनामा निर्णय क्षमता रहेको जुन कुल संख्याको ४.१६ प्रतिशत हुन आउछ ।

# अध्याय–सात

# सारांश, निश्कर्ष र सुझाव

यस अध्यायमा शोधकार्यबाट आएका तथ्यांकहरुको आधारमा सारांश उल्लेख गरिएको छ । शोधकार्यमा भएको मुख्य प्राप्ती र उद्देश्यका आधारमा निश्कर्ष निकाल्ने र दलित महिलाहरुको निर्णय प्रक्रियालाई बढाउनको लागि शोधकर्ताद्धारा आवश्यक सुझाव उल्लेख गरिएको छ ।

## ७.१ सारांश

नेपालको सन्दर्भमा चर्चा गर्नुपर्दा महिलाहरु पिछडिएको र लैङ्गिक विभेदको चपेटामा परेको स्थिति छ । उनीहरुलाई निर्णय प्रक्रियाको क्षेत्रमा पछि पारिएको स्थिति छ । त्यसमा पनि महिला भित्रको पनि दलित महिलाको स्थिति अझ दयनिय रहेको छ । घरायसी तहमा हुने प्राय सवै आर्थिक निर्णयहरु पुरुषबाट गरिएको स्थिति छ । अन्य जातिको तुलनामा हेर्दा दलित समुदाय पछि परेको छ । त्यसमाथि पनि दलित समुदायका महिलाहरुको अवस्था भने अझ नाजुक रहेको पाइन्छ । दलित समुदायको आर्थिक अवस्था कमजोर हुनाले हली, ज्याला मजदुरी गर्नुपर्ने, आर्थिक उपार्जनको दिगो स्रोत नहुनु, अन्य जातका महिलाहरुले भन्दा दलित महिलाहरुले बढी बच्चा जन्माउनु र स्याहार सुसार गर्नुपर्ने हुनाले घरबाहिरको काममा संलग्न हुन पाएका छैनन् । दलित महिलाहरुको कामको उचित मूल्यांकन नहुदा यथेष्ट पारिश्रमीक पाउन सकेका छैनन् । दलित महिलाहरुले दलित पुरुष सरह काम गर्दा पनि पारिश्रमिक भने पुरुष सरह पाएका छैनन । यस शोधको मुख्य उद्देश्य अर्मला वडा नं ६ का दलित महिलाहरुका अध्ययनको पारिवारिक र आर्थीक अवस्थामा निर्णय क्षमताको पहिचान गर्नु र निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वहरुको खोजी गर्नु रहेको थियो । अनुसन्धानको ढाँचा वर्णनात्मक तथा अन्वेषणात्मक विधि छनोट गरिएको छ । यस अध्ययनमा मात्रात्मक र गुणात्मक तथा प्राथमिक र द्धितिय स्रोतको प्रयोग गरिएको छ । यस अध्ययनमा ६० घरधुरीको सघन गणना गरी ३० जना सासु र ३० जना प्रतिनिधित्व हुनेगरी उद्देश्यमूलक नमूना छनौट गरिएको छ । दलित महिलाहरुको पारिवारिक र आर्थिक अवस्थामा निर्णय क्षमताको पहिचान गरेको छ र निर्णय क्षमतामा प्रभाव पार्ने तत्वहरुको यस सोधकार्यले उजागर गरेको छ । यस अनुसन्धानबाट पत्ता लागेको परिमाणले भविष्यमा

दलित महिलाहरुको घरायसी निर्णय प्रक्रिया सम्बन्धि अनुसन्धान गर्ने व्यक्तिलाई मार्ग देखाउनेछ । यस अध्ययनको सिलसिलामा २०७१ माघ महिनामा स्थलगत सर्वेक्षण गर्ने कार्य गरी दलित महिलाहरुको पारिवारीक तथा आर्थिक निर्णय क्षमतासँग सम्बन्धित तथ्यांक संकलन गर्दा प्राथमिक विधि अर्न्तगत अर्न्तवार्ता अनुसूची, वैयत्तिक अध्ययन र द्धितिय तथ्यांक विधि अर्न्तगत गा.वि.स.ले गरेको विभिन्न सर्वेक्षण, विभिन्न विद्धानहरुबाट प्रकाशित पुस्तक, लेख रचना जस्ता सामाग्री प्रयोग गरियो ।

उत्पादनको प्रकियामा चर्चा गर्नुपर्दा महिलाहरुलाई अनुत्पादनशिल क्षेत्रमा र पुरुषले उत्पादनशिल क्षेत्रमा अधिकार जमाएको देखिन्छ । घरबाहिरको काममा महिलाहरुलाई कम अवसर दिइएको छ ।महिलाहरु शिक्षामा पछि नै परेका छन् । घरायसी निर्णय प्रक्रियामा महिलाहरु पछि परेका छन् । निर्णय क्षमतालाई प्रभाव पार्ने तत्वहरुमा उमेर, शिक्षा, परिवारको किसिम, सन्तानको लिङ्ग, शिक्षा, पेशा, सम्पत्ति, दाइजो आदी रहेका छन् ।

## ➢ मुख्य प्राप्ती

- ❖ उमेरगत आधारमा २१ देखि ३० वर्षका महिलाहरु सवैभन्दा बढी ३३.३३ प्रतिशत रहेका र २० बर्षभन्दा मुनिका महिलाहरु सबैभन्दा कम १३.३३ प्रतिशत रहेका छन् ।
- ❖ शिक्षाको आधारमा निरक्षर सबैभन्दा बढी ४८.३३ प्रतिशत रहेका र आई.ए भन्दा माथि सबैभन्दा कम १.६६ प्रतिशत रहेका छन् ।
- ❖ पेशागत आधारमा मजदुरी पेशा अपनाएका सबैभन्दा बढी ३८.३३ प्रतिशत रहेका र अन्य पेशा अपनाएका सबैभन्दा कम १.६६ प्रतिशत रहेका छन् ।
- ❖ वैवाहिक स्थितिका आधारमा परिवारसँग बसेका सबैभन्दा बढी ४० प्रतिशत र सम्बन्ध विच्छेद भएका सबैभन्दा कम १.६६ प्रतिशत रहेका छन् ।
- ❖ धर्मका आधारमा हिन्दु धर्म मान्ने सबैभन्दा बढी ९३.३३ प्रतिशत र क्रिश्चियन धर्म मान्ने सबैभन्दा कम ६.६६ प्रतिशत रहेका छन् ।
- ❖ विवाहका किसिमका आधारमा प्रेम विवाहमा सबैभन्दा बढी ६१.६६ प्रतिशत र मागी विवाह गरेका सबैभन्दा कम ३८.३४ प्रतिशत रहेका छन् ।
- ❖ मागि विवाहको कममा सहमती भएर विवाह गरेका ३९.१३ प्रतिशत र सहमति नभइकन विवाह गरिएका महिला ६०.८६ प्रतिशत रहेका छन् ।

- विवाहमा दाइजो थोरै ल्याएका सबैभन्दा बढी ५१.६६ प्रतिशत र दाइजो नल्याएको सवैभन्दा कम १० प्रतिशत महिला रहेका छन् ।
- खानपिनमा महिलाको निर्णय क्षमता सन्दर्भमा महिलाको धेरै निर्णय हुने सवैभन्दा बढी ५१.६६ र थोरै मात्र निर्णय हुने सबैभन्दा कम १० प्रतिशत रहेको पाइन्छ ।
- महिलाको नाममा सम्पत्ति रहेको १८.३३ प्रतिशतमा र महिलाको नाममा सम्पत्ति नरहेको ८१.६६ प्रतिशत रहेको छ ।
- खेतीपाती गर्ने निर्णय क्षमता ६१.६६ प्रतिशतमा रहेको र ३८.३३ प्रतिशतमा निर्णय नरहेको छ ।
- बाली बेचबिखनमा निर्णय क्षमता ११.६६ प्रतिशतमा रहेको छ ।
- जन्मको निर्धारणमा महिलाको एकलौटी निर्णय २८.३३ महिलामा र ३१.६६ प्रतिशत महिलामा श्रीमान र श्रीमती दुवैले निर्णय गर्ने गरेको पाइन्छ ।
- परिवार नियोजनका साधनको प्रयोगका आधारमा महिलाको मात्र निणय १८.३३ प्रतिशत र ४३.३३ प्रतिशत महिलामा  दुवैको निर्णय क्षमता रहेको छ ।
- गर्भवती अवस्थामा स्वास्थ्य सेवा ५५ प्रतिशतले स्वास्थ्य जाँच गराएका र ४५ प्रतिशतले नगराएका पाइन्छ ।
- स्वास्थ्य जाँच र निर्णय क्षमतामा महिलाको २८.३३ प्रतिशत र ३१.६६ प्रतिशत महिलामा दम्पत्ती दुवैको सहमतीमा निर्णय  हुने गरेको छ ।
- परिवारको शिक्षामा महिलाको निर्णय क्षमता ३८.३३ प्रतिशत रहेको र २१.६६ प्रतिशत महिलामा दुवैको निर्णय हुने गरेको छ ।
- छुट्टिने प्रक्रियामा महिलाको निर्णय क्षमता ५५ प्रतिशतमा रहेको छ र २१.६६ प्रतिशत महिलामा  दुवैको सहमतिमा निर्णय हुने गरेको छ ।
- आर्थिक लेनदेनमा निर्णय क्षमताका आधारमा महिलाको एकल निर्णय ३३.३३ प्रवितशतमा हुने गरेको र २८.३३ प्रतिशत महिलामा श्रीमान र श्रीमती दुवैको सहमतीमा हुने गरेको पाइन्छ ।
- घर बाहिरको काम गर्ने सन्र्दभमा श्रीमानको स्विकृति ८५ प्रतिशत महिलामा नमिलेको र १५ प्रतिशत महिलामा स्विकृति मिलेको देखिएको छ ।
- छोराछोरीको वैवाहिक कार्यमा १० प्रतिशत महिलाको निर्णय क्षमता रहेको र ८.३३ प्रतिशत महिलामा दुवैको सहमतिमा निर्णय हुने गरेको छ ।

- ❖ संघसंस्थाको काममा १५ प्रतिशत महिलाको संलग्नता रहेको छ ।
- ❖ पेशा छनौटमा ६३.३३ प्रतिशत महिलाको निर्णय क्षमता रहेको छ ।
- ❖ घरायसी सामान वा वस्तुभाऊ किनबेचमा १८.३३ प्रतिशतमा निर्णय क्षमता रहेको र ४६.६६ प्रतिशत महिलामा दुवैको निर्णय क्षमता रहेको छ ।
- ❖ श्रीमानको निर्णय विरुद्धमा २१.६६ प्रतिशत महिला गएका र ७८.३३ प्रतिशत महिला नगएको पाइन्छ ।
- ❖ निर्णयमा प्रभाव पार्ने तत्व सम्बन्धि धारणामा दाइजोमा ७८.३३ प्रतिशत, सम्पत्तीमा ७१.६६ प्रतिशत, लिङ्गमा ७० प्रतिशत, पेशामा ६५ प्रतिशत, परिवारको आकारमा ४५ प्रतिशत, शिक्षामा ३६.६६, उमेरको आधरमा २६.६६ प्रतिशत र विवाहको किसिममा २१.६६ प्रतिशत रहेको छ ।
- ❖ दाइजो थोरै ल्याएकोले महिलाको निर्णय क्षमतामा कमि रहेको र दाइजो बढी ल्याएका महिलाको निर्णय क्षमता बढी रहेको पाइयो ।
- ❖ मागि विवाह गरेका महिलाहरुको निर्णय छुट्टिने क्रममा निर्णय क्षमता बढी रहेको पाइयो । तर प्रेम विवाह गरेको महिलाहरुको निर्णय बढी रहेको पाइयो ।
- ❖ पेशाले आर्थिक निर्णय सम्बन्धमा प्रभाव पारेको देखिन्छ । सेवा क्षेत्रमा लागेका महिलाको निर्णय क्षमता बढी र मजदुरी र अन्य पेशामा लागेका महिलाको निर्णय क्षमता कमि रहेको पाइयो ।
- ❖ शिक्षाले संघसंस्थाको काममा निर्णय क्षमता घटबढ बनाएको पइयो । शिक्षित मलिामा संघसंस्थाको काम गर्ने सन्दर्भमा निर्णय क्षमता बढी र अशिक्षितहरुको कमि रहेको पाइयो ।
- ❖ वैवाहिक स्थितिले घरायसी सामान वा वस्तु किनबेचमा फरक पारेको पाइयो । सम्बन्ध विच्छेद भएर एक्लै बसेका महिलाहरुको निर्णय क्षमता बढी र परिवारसँग सँगै बसेका महिलाहरुको निर्णय क्षमता कमि रहेको पाइयो ।

## ७.२ निष्कर्ष

देशको आधा आकाश ढाकेका महिला त्यसमा पनि दलित महिलाको अवस्था अझ नाजुक र दयनिय रहेको छ । पुरुष प्रदान समाजबाट सिर्जना भएको लैङ्गिक भूमिकामा

महिलाई अनुत्पादनशिल क्षेत्रमा लगाइएको छ र उत्पादनमूलक क्षेत्रमा महिलाको निर्णय क्षमतामा कमि रहेको र अनुत्पादनशिल क्षेत्रमा उनिहरुको निर्णय क्षमता बढी देखिएको छ ।

घरायसी निर्णय प्रक्रियाको सन्दर्भमा प्रेम विवाह गरेका महिलामा, दाइजो बढी ल्याएका र महिलाको नाममा सम्पत्ति भएका महिलाहरुमा निर्णय क्षमता बढी रहेको छ भने मागि विवाह गरेका, दाइजो कम ल्याएका र महिलाको नाममा सम्पत्ति नभएका महिलामा निर्णय क्षमता कमि रहेको छ । परिवारको खानपिनको सम्बन्धमा, कुन बाली लगाउने भन्ने सम्बन्धमा, छोराछोरीको शिक्षामा र छुट्टिने प्रक्रियामा महिलाको निर्णय क्षमता बढी रहेको छ । त्यसैगरी बाली बेचबिखन सम्बन्धमा, जन्मको निर्धारणमा, परिवार नियोजनका साधनको प्रयोगमा, गर्भवती अवस्थामा स्वास्थ्य जाँच सम्बन्धमा, आर्थिक लेनदेनको स्थितिमा, छोराछोरीको विवाहमा, संघसंस्थाको कार्यमा, पेशा छनौटमा र घरायसी सामान किनबेचमा महिलाको निर्णय क्षमतामा कमि रहेको छ ।

निर्णय क्षमतालाई विभिन्न तत्वहरुले प्रभाव पारेको छ । यस्ता तत्वहरुका कारण निर्णय क्षमता घटबढ रहेको पाइन्छ । महिलाको शिक्षा, उमेर, पेशा, सम्पत्ति, सन्तानको लिङ्ग (छोरा वा छोरी), विवाहको किसिम, दाइजो र परिवारको किसिम आदि कारण महिलाको निर्णय क्षमता बढी र कमी हुने गरेको देखिन्छ ।

## ७.३ सुझाव

चेतनाको विकास र आर्थिक संवृद्धि नगरी यस समुदायका दलित महिलाहरुको निर्णय क्षमतामा सुधार ल्याउन संभव नभएकाले सरकारी निकायहरुबाट दलित महिलाहरुको शिक्षाको विकासको लागि विशेष किसिमको अभियान ल्याउनुपर्ने र उनिहरुको आर्थिक विकासको लागि विविध सिपमूलक तालिम दिएमा उनिहरुको शैक्षिक र आर्थिक विकास हुने संभावना देखिन्छ ।

# सन्दर्भ सूची


एङ्गेल्स, १९८६, २८ : परिवार, **निजी स्वामित्व र राज्यको उत्पति**, मस्को : प्रगति प्रकाशन ।

घिमिरे, युवराज(२०६४): **नयाँ नेपालमा दलित महिला,**ललितपुरः दलित महिला संघ ।

चापागाई, बमकला (२००९): **स्याङ्जा जिल्ला श्री कृष्णगण्डकी गा.वि.स.का सार्की जातिको सामाजिक आर्थिक र व्यवसायिक परिवर्तन,,** समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस ।

चौलागाई, तिलकप्रसाद नानीराम पोखरेल, केशवराज सापकोटा (वि.स.२०६०): **लैङ्गिक अध्ययन,** न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीतिपुर, काठमाडौं ।

जोतोभ, १९८५, १३७ : **द मार्क्सिस्ट–लेलिनिट थ्यौरी अफ सोसाइटी,** मस्को : प्रोग्रेस पब्लिशर्श ।

तामाङ्ग, सेरा (२००४): नेपालमा विकासे नारिवाद (लेख): **नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,** सम्पादन : मेरी डेसेन, प्रत्यूष वन्त, सोसल साइन्स वहा ) ।

तुम्बाहाङ्फे, शिवमाया( २०६३): **नेपालमा दलित महिला** ,दलित महिला संघ केन्दिय कार्यालय ।

तुलाचन, सृजना (सन् २०१२) : **जेण्डर रोल इन हाउसहोल्ड लेबल,** अ ग्लिप्स अफ रिसर्च ट्र्याडिसन इन सोसियल साइन्स रिसर्च २०१२ समाजशास्त्र तथा मानवशास्त्र विभाग पृ.क्या.पोखरा ।

थापा, कृष्ण ब. (१९८५):**वीमन एण्ड सोसियत चेञ्ज इन नेपाल,** पब्लीस वाई अम्बिका थापा, काठमाडौं, नेपाल ।

थापा, श्रीबहादुर (२०६६): **तनहुँ जिल्ला किहुँ गा.वि.स. का मुस्लिम महिलाहरुको अवस्था एक अध्ययन,** समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पि काप्लान, (१९७२): **प्राइस्ट एण्ड कोब्लर** लण्डन इष्टर टेस्टबुक ।

बुढाथोकी, भक्तबहादुर (सन्२००८) : **वुमन पार्टिसियसन इन हाउसहोल्ड डिसिजन मेकिङ धादिङ जिल्ला फूलखर्क गाविसको एक अध्ययन,** अप्रकाशित शोधपत्र त्रि.वि. किर्तिपुर ।

विश्वकर्मा,(२०६३,९५) : **नेपाली दलित आन्दोलनको सङ्क्षिप्त इतिहास,** काठमाडौं जनउत्थान प्रतिष्ठान ।

भासिन, कमला, २००३ : **पितृसत्ता के हो** ? काली फर वीमन, न्यू दिल्ली ।

मार्शल, गोरडोन (२००४): **डिक्सनरी अफ सोसिओलोजि,** अक्सफोर्ड यूनिभर्सिटी प्रेस, न्यू दिल्ली ।

मेहता, चेतना (१९९६): **महिला एवं कानुन,** आशिष पब्लिशिङ्ग हाउस पंजावी वाग, नयाँ दिल्ली ।

रीटजर, जर्ज (१९९६): **मोर्डन सोसीओलोजिक थिओरी,** एम.सि. ग्रअ. हिल कम्पनी, न्यू दिल्ली ।

लम्साल, विराट (वि.स.२०६४): **दलित महिलाहरुको घरायसी निर्णयको प्रक्रिया मर्कनछौली गा.वि.स.को एक अध्ययन,** समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

शर्मा, प्रयागराज (१९७७): **नेपाल इन क्राइसीस,** अक्सफोर्ड युनिभर्सिटी ।

शर्मा, भोजराज (२०६५): **स्याङ्जा जिल्ला वाहाकोट गा.वि.स. का दमाई जातिको सामाजिक आर्थिक एक अध्ययन,** समाजशास्त्र/मानवशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बराल, निर्मला (सन् २०१२): **वुमन इन हाउसहोल्ड डिसिजन मेकिङ अ स्ट्डी अफ पुरनचौर भि.डि.सी. कास्की,**अप्रकाशित शोधपत्र मानवशास्त्र/समाजशास्त्र विभाग पृ.ना.क्या. पोखरा

वेनेट, लीन (१९८३): **डेन्जरस वाइफस एण्ड सेक्रेट सिस्कटरस्,** कोलम्बिया यूनिभर्सीटी प्रेस न्यूयोर्क ।

सोब दुर्गा ( २०६३ ): **नेपालमा महिला आन्दोलन र दलित महिला**, ललितपुर दलित महिला संघ के.का.

## अनुसूची – १

# दलित महिला र निर्णय प्रक्रिया

# अर्मला वार्ड नं. ६ को समाजशास्त्रीय अध्ययन

श्रीमान्/श्रीमती ................................................... ज्यू

नमस्कार,

तपाइलाई प्रस्तुत शोधको उत्तरदाताको रुपमा छनोट गरको छौं । तसर्थ तपाइसँग यो अनुसूचीको आधारमा महिलाको घरायसी निर्णय प्रक्रियाका बारेमा केहि तथ्य संकलन गर्ने योजना अनुसार सम्पर्कमा आएकी छु । आफ्नो अनुभव र भोगाइका बारेमा आवश्यक तथ्याङ्कहरु उपलब्ध गराइदिनहुन विनम्रता पूर्वक आग्रह गर्दछु । तपाइले प्रदान गर्नुभएका तथ्याङ्कहरु केवल अनसन्धानको प्रयोजनका लागि हुन र यिनलाई तथ्याङ्क ऐन अनुरुप गोप्य राख्ने प्रतिवद्धता समेत जाहेर गर्दछु ।

धन्यवाद !

कमलज्योती कोईराला
(समाजशास्त्र शोध छात्रा)
पृथ्वीनारायण क्याम्पस, पोखरा

अनुसूची नं. : .......          अन्तवार्ताका मिति : .............

वडा नं. : ............... टोल : ........................          घर नं. : ..

## जनसांख्यिक जानकारी

| क्र.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| १. | उत्तरदाताको नाम | | |
| २. | उमेर | क) २० वर्ष भन्दा कम ख) २१-३० वर्ष<br>ग) ३१-४० वर्ष घ) ४० वर्ष भन्दा माथि | |

| | | | |
|---|---|---|---|
| ३. | शिक्षा | क) निरक्षर ख) साक्षर<br>ग) S.L.C.पास ङ) I.A.भन्दा माथि | |
| ४. | पेशा | क) कृषि ख) गृहिणी ग) व्यापार घ) मजदुरी ङ) सेवा च) वैदेशिक रोजगार छ) अन्य | |
| ५. | धर्म | क) हिन्दु ख) वौद्ध ग) क्रिश्चियन | |
| ६. | वैवाहिक स्थिति | क) भर्खर विवाह भएको ख) सम्बन्ध विच्छेद<br>ग) श्रीमान् विदेश गएको<br>घ) श्रीमानसँग छुट्टिएर बसेको ङ) विधवा<br>च) परिवारसँग बसेको | |
| ७. | परिवारको संरचना | क) एकल ख) संयुक्त | |

**समूह क**

| **क.सं.** | **प्रश्न** | **उत्तर** | **जाने** |
|---|---|---|---|
| ८. | तपाईको विवाह कस्तो प्रकारको विवाह हो ? | क) मागी विवाहख) प्रेम विवाह ग) अन्य | |
| ९. | विवाहको कममा तपाईको सहमति थियो ? | क) सममति थियो ख) सहमति थिएन | |
| १०. | तपाईको विवाहमा कति दाईजो ल्याउनुभएको हो ? | क) थोरै ख) धेरै ग) ठिकै घ) नल्याएको | |
| ११. | पेशा छनौटमा तपाईको निर्णय कति रहन्छ ? | क) थोरै ख) धेरै ग) मध्यम घ) निर्णय नहुनु | |
| १२. | तपाईको श्रीमानको पेशा के हो ? | क) कृषिख) व्यापार ग) मजदुरी | |

| | | | |
|---|---|---|---|
| | | घ) सेवा ङ) वैदेशिक रोजगार<br>च) अन्य | |
| १३. | तपाईको श्रीमानको शिक्षा कति हो ? | क) निरक्षर ख) साक्षर<br>ग) S.L.C.पास ङ) I.A. भन्दा माथि | |
| १४. | तपाईको परिवारको मासिक आम्दानी कति छ ? | क) ५ हजार सम्म ख) १० हजार सम्म<br>ग) १५ हजार सम्म घ) १५ हजार भन्दा माथि | |
| १५. | तपाईको परिवारको आर्थिक निर्णय कसले गर्छ ? | क)श्रीमानले ख)आफैले<br>ग) दुवै मिलेर | |
| १६. | तपाईको परिवारको घर तथा जग्गा छ ? | क) छ<br>ख) छैन ⟶ | १८ |
| १७. | जग्गा भए कति रोपनि छ? | क) १० रोपनी भन्दा कम<br>ख) १०–१५ रोपनी<br>ग) १५–२० रोपनी<br>घ) २० रोपनी भन्दा बढी | |
| १८. | खनजोत र वाली लगाउने विषयमा कस्को निर्णय हुन्छ ? | क)श्रीमान ख)आफैले<br>ग) दुवै मिलेर घ) अन्य | |
| १९. | बाली बेचबिखन सम्बन्धमा कस्को निर्णय हुन्छ ? | क)श्रीमान ख)आफैले<br>ग) दुवै मिलेर घ) अन्य | |
| २० | तपाइँको नाममा घरजग्गा छ ? | क) छ ⟶<br>ख) छैन | २२ |
| २१. | जग्गालाई आफ्नो नाममा परिवर्तन गर्न सक्नुहुन्छ ? | क) सक्छु<br>ख) सक्दिन | |
| २२. | परिवारको खानपिनको प्रक्रियामा तपाईको निर्णय कत्तिको हुन्छ ? | क) थोरै ख) धेरै ग) मध्यम<br>घ) निर्णय नहुनु | |
| २३. | छिमेकी सँग सामान अैंचोपैचो | क) स्वतन्त्र छु | |

| | | | |
|---|---|---|---|
| | सम्बन्धमा तपाई कत्तिको स्वतन्त्र हुनुहुन्छ ? | ख) स्वतन्त्र छैन | |
| २४. | घरमा वस्तुभाउ किन्दा कत्तिको सहभागि हुनुहुन्छ? | क) थोरै ख) धेरै ग) मध्यम<br>घ) सहभागि नहुनु | |
| २५. | परिवारमा जन्मको निर्धारण गर्दा कसको निर्णय रहन्छ ? | क) श्रीमानको<br>खश्रीमतिको<br>ग) दुवैको | |
| २६. | सन्तान जन्माउनको लागी दवाब भयो कि भएन ? | क) दवाब भयो<br>ख) दवाब भएन | |
| २७. | जन्मान्तरमा निर्णय कसको रहन्छ ? | क) श्रीमानको<br>खआफ्नो<br>ग) दुवैको | |
| २८. | परिवार नियोजनका साधन प्रयोग गर्नुभएको छ ? | क) प्रयोग गरिएको<br>ख) प्रयोग नगरिएको → | २९ |
| २९. | परिवार नियोजनका साधन प्रयोगमा कस्को निर्णय रहन्छ ? | क) श्रीमानको<br>ख आफ्नो<br>ग) दुवैको | |
| ३०. | गर्भवती हुदा स्वास्थ्य सेवा लिनुभयोकी भएन ? | क) लिएको हो<br>ख) लिएको होइन → | ३१ |
| ३१. | स्वास्थ्य सेवा लिने निर्णय कस्को हो ? | क) श्रीमानको<br>ख आफ्नो<br>ग) दुवैको<br>घ) अन्य | |
| ३२. | परिवारबाट छुट्टीने प्रक्रियामा कसको निर्णय रहन्छ ? | क) श्रीमानको<br>खश्रीमतिको | |

| | | | |
|---|---|---|---|
| | | ग) दुवैको<br>घ) अन्य | |

| क.सं. | प्रश्न | उत्तर | जाने |
|---|---|---|---|
| ३३. | परिवारमा छोरा र छोरीको शिक्षाको सर्न्दभमा निर्णय कसले गर्दछ ? | क) श्रीमानको<br>खश्रीमतिको<br>ग) दुवैको<br>घ) अन्य | |
| ३४. | परिवारमा छोरा र छोरीको विवाह गर्दा कसको निर्णय कसले गर्दछ ? | क) श्रीमानको<br>खश्रीमतिको<br>ग) दुवैको<br>घ) छोराछोरीको | |
| ३५. | गाउँको संघ संस्थाको काममा कसको बढि संलग्नता रहन्छ ? | क) श्रीमान<br>ख) ससुरा → <br>ग) छोरा<br><br>ग) छोरी<br>च) आफै<br>छ) सासु | ३६ |
| ३६. | महिला सहभागि हुनुहुन्छ भने तपाईको निर्णयलाई कदर गरिन्छ ? | क) गरिन्छ<br>ख) गरिदैन | |
| ३७. | घर बाहिर महिलाले काम गर्न स्विकृति मिल्छ कि मिल्दैन ? | क) स्विकृति मिल्छ<br>ख) स्विकृति मिल्दैन | |
| ३८. | श्रीमानको स्विकृति बेगर काम गरिन्छ कि गरिदैन ? | क) गर्छु<br>ख) गर्दिन → | ३९ |

| | | | |
|---|---|---|---|
| ३९. | श्रीमानको स्विकृति बेगर काम गर्दा तपाईमाथि के हुन्छ ? | क)गालिगलौज<br>ख) कुटपिट<br>ग) दोस्रो विहे गर्ने धम्की<br>घ) पारपाचुके गर्ने धम्की<br>ङ) अनावश्यक दवाब<br>च) परपुरुषसँगको आरोप<br>छ) अन्य | |
| ४०. | छिमेकी सँग बोलचाल गर्न स्वतन्त्र हुनुहुन्छ ? | क) स्वतन्त्र छु<br>ख) स्वतन्त्र छैन | |
| ४१. | गाउँको धार्मिक कार्यमा कसको संलग्नता रहन्छ ? | क) श्रीमानको<br>खश्रीमतिको<br>ग) दुवैको<br>घ) अन्य | २६ |
| ४२. | घरका सामान किनबेचमा सम्झौता कि एकल निर्णय हुन्छ ? | क)श्रीमानको एकल निर्णय हुन्छ<br>ख) आफ्नै एकल निर्णय<br>ग)दुवैको सहमति हुन्छ<br>घ) भन्न चाहन्न | ४३ |
| ४३. | एकल निर्णय हुन्छ भने त्यसलाई स्विकार कि अस्विकार ? | क) स्विकार<br>ख) अस्विकार<br>ग) भन्न चाहन्न | |
| क.स. | **प्रश्न** | **उत्तर** | **जाने** |
| ४४. | शिक्षाले गर्दा निर्णय क्षमतालाई प्रभाव पारेको छ ? | क) छ<br>ख) छैन | |
| ४५. | तपाईको उमेरले निर्णय क्षमतालाई प्रभाव पारेको छ ? | क) छ<br>ख) छैन | |
| ४६. | तपाईको पेशाले निर्णय क्षमतालाई प्रभाव पारेको छ ? | क) छ<br>ख) छैन | |

| | | | |
|---|---|---|---|
| ४७. | तपाईले जन्माएको सन्तानको लिङ्गको कारण निर्णय क्षमतामा प्रभाव परेको छ ? | क) छ<br>ख) छैन | |
| ४८. | दाइजोका कारण निर्णय क्षमतामा प्रभाव परेको छ ? | क) छ<br>ख) छैन | |
| ४९. | परिवारको किसिमको कारणले निर्णय क्षमतामा प्रभाव पारेको छ ? | क) छ<br>ख) छैन | |
| ५०. | सम्पत्तिको कारण निर्णय क्षमतामा प्रभाव पारेको छ ? | क) छ<br>ख) छैन | |
| ५१. | जुन किसिमको विवाह तपाईको भयो के विवाहको किसिमले निर्णय प्रक्रियामा प्रभाव पारेको छ ? | क) छ<br>ख) छैन | |
| ५२. | अन्य केही कारणले प्रभाव पारेको छ ? | .............................. | |

आफ्नो अमूल्य समय दिई प्रश्नावली सूचि भरी सहयोग गरिदिन भएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

# अनुसूची – २

**देउराली आमा समुहका प्रतिनिधिहरुसँग समूह छलफलमा सोधिएका प्रश्नहरु :**

१. दलित महिलाहरुलाई समाजले कुन तरिकाले हेरेको छ ?

२. पारिवारिक निर्णय प्रक्रियामा महिलाको निर्णय क्षमताको स्थिति कस्तो छ ?

३. पारिवारिक निर्णय प्रक्रियामा महिलाको निर्णय प्रक्रियालाई परिवारले कस्तो रुपमा हेर्छ ?

४ महिलाले गर्ने निर्णय प्रक्रिया बिहे अघि र बिहे पछि कस्तो फरक पाउनुहुन्छ ?

५. कुन कुन पक्षमा महिलाको निर्णय प्रक्रिया बढी हुन्छ ?

६. कुन कुन पक्षमा महिलाको निर्णय प्रक्रिया कमजोर रहन्छ ?

७. महिलाको निर्णय परिवारलाई स्विकार हुन्छ कि हुदैन ?

८. निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वहरु के के हुन्छन् जस्तो लाग्छ ?

९. महिलाको निर्णय प्रक्रियामा पुरुषप्रदान समाजको स्थितिले प्रभाव पारेको छ छैन ?

१०. पारिवारिक निर्णय प्रक्रियामा महिलाको निर्णय क्षमता लाई बढाउन के गर्नुपर्छ ?

# अनुसूची – ३

## आमा समूहका प्रतिनिधिहरुसँग भएको छलफलबाट प्राप्त भएको जानकारी

छलफल १ः सम्पूर्ण आमा समुहका प्रतिनिधिहरुलाई भेला गराई १० वटा प्रश्नहरुमा आधारित भएर छलफल गरीएको थियो । जसबाट प्राप्त भएको जानकारी यहाँ उल्लेख गरिएको छ ।

आमा समुहको छलफलमा गरिएका प्रश्नहरुबाट जानकारी भएअनुसार एक त पितृसत्तात्मक परिवेसमा पिल्सिएका महिलाहरुको अवस्था त्यसमा पनि दलित भएकै कारण दोहोरो मारमा परेका दलित महिलाहरुलाई राज्यले अगाडि बढाउनको लागी, आर्थिक रुपले सबल बनाउनको लागि सरकार, राजनीतिक दल, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले विभिन्न प्रयास गरिरहेको भएपनि यसमा दलित मलिाहरुको संलग्नता निकै कमनै रहेको पाइन्छ । रातदिन कठिन परिश्रम गरेर पनि खान नपुग्ने अवस्था दलित महिलाहरुको छ । यिनीहरु एक त साक्षरताबाटनै वञ्चित छन् त्यसमाथीपनि घरधन्दाको काममा मात्र सिमित रहनुपरेकाले उनिहरुको अवस्था सन्तोषजनक देखिएको छैन । नेपालको परिवेशमा महिलाहरुलाई सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि क्षेत्रहरुमा पूरुष सरहको भूमिका निर्वाह गर्न सकेको पाईदैन । आजका दिनहरुमा सरकारले महिला र पूरुषलाई समान अधिकार दिएजस्तो देखिएतापनि परम्परादेखिनै जरो गाडेर बसेको पितृसत्ताको कारण राज्यका तर्फबाट दिएको अधिकार कागलाई बेल पाक्यो हर्ष न विश्मातझैं भएको छ । समाजले हामिलाई मानिसको व्यवहार नगरी पूरुषको काम चलाउने भाडोका रुपमा प्रयोग गरेको आभाष भएको छ । समाजका परम्परा र मूल्य मान्यता पुरुष बाट बनाइएको पाईन्छ फलस्वरुप नारीहरुको यो दुर्दशा भएको हो । पूरुषहरुलाई गर्न मन नलाएका काममा नारी पूरुष बराबर भनि हामीलाई अघि सराएको पाइन्छ ।

दलित महिलाहरुलाई समाजले हेयको दृष्टिले हेरेको पाइयो । जातिय छुवाछुत र भेदभाव कानुनी रुपमा हटेपनि वास्तविक रुपमा अझैपनि जातिय छुवाछुत, भेदभाव र पितृशत्ताले जरो गाडेर बसेको छ । दलित महिलाहरुलाई गाउँतिर बाटोघाटो तथा घरमा ठुला जातका मानिसहरु उनिहरुसँग छोइन्छकी भनेर तर्केर हिड्ने गरेको स्थिति देखिन्छ । धार्मिक स्थल तथा ठुला जातिहरुको घरमा पुजाआजा गर्दा दलित महिलाहरुलाई

नबोलाइएको अवस्था तर अन्य भोज भतेरहरुमा भने भाडा माझ्ने कामको रुपमा बोलाइएको अवस्था देखिन्छ । दलित महिला र ठुला जातका मानिस बिचमा त बिभेद छदैथियो । दलित समुदायबिच पनि एक आपसमा ठुलो जात र सानो जात भन्ने प्रथा झन विभेदपूर्ण र कडाई रहेको अवस्था छ । गाउँको सामाजिक कार्यहरुमा दलित महिलाहरुको सहभागिता भएको तर उनिहरुको निर्णय क्षमता अत्यन्त न्युन रहेको स्थिति छ । उनिहरुको सहभागिता टाउको गन्ने काममा मात्र सिमित रहेको पाइन्छ ।

दलित महिलाहरुको निर्णय क्षमता न्युन भएको पाइयो । आर्थिक कारोबारका विभिन्न पक्षहरु जस्तैं बस्तुभाउ किन्दा र बेच्दा , घरको आर्थिक लेनदेनको कारोबार गर्दा पुरुषको वचश्व रहेको पाइन्छ । त्यसैगरी बच्चा जन्माउने ,कहिले विहे गर्ने, कोसँग विहे गर्ने, र बिहेमा के के दिने वा नदिने सम्पूर्ण निर्णय लिदा महिलाहरुलाई निर्णय नगराई वेवास्ता गरिएको देखियो । जवकी पारिवारीक अनुत्पादनशिल कार्यमा पुरुषहरुले महिलाहरुलाई जोड दिएको पाइयो । एक त दलित समुदायनै आर्थिक रुपमा पछाडी परेको त्यसमा पनि दलित महिलाहरुको आर्थिक अवस्था झन दयनिय रहेको पाइन्छ । प्राय मजदुरी र कृषि पेशा अपनाएका दलित महिलाहरुले आफ्नो अतिरिक्त समयमा केही महिलाहरुले रक्सि पारेर जिविका चलाएको पाइयो । केही महिलाहरु बिहान उठने बित्तिकै वाह्मण जातिको घरमा काममा गई खाना खाई केही माना चामल तथा तरकारी ल्याएर आफ्ना परिवारलाई पालेको दिउसो फेरी मजदुरी गर्न गएको स्थिति छ । पुरुष सरहको काम गर्दा पनि ज्याला भने पुरुषको भन्दा आधा पाउने चलनले गर्दा उनिहरुले जति पसिना बगाएपनि हात मुख जोर्न धौधौ परेको स्थिति छ ।

विवाह अगाडी र विहे पछाडीको निर्णय प्रक्रियाको अवस्थालाई तुलना गर्ने हो भने विहे अगाडीको भन्दा बुहारी भएपछि निर्णय प्रक्रियाबाट बञ्चित भएको अवस्था देखिन्छ । बुहारी भएपछि पारिवारिक बोझ तथा पुरुषबाट शोषण दलित महिलाहरुमा अझ बढी भएको देखिन्छ ।

खेतिपाती गर्दा बाली के लगाउने, खानपिन कसरी र के पकाउने, त्यस्तै छोराछोरीलाई स्याहार सुसार कसरी गर्ने भन्ने जस्ता स–साना अनुत्पादनशील कार्यमा महिलाहरुको निर्णय क्षमता बढी रहेको पाइयो । त्यस्तै आर्थिक कारोबारका सबै पक्षहरुमा महिलाको निर्णय कमजोर रहेको बुझिन्छ ।

कुनैपनि कार्यमा महिलाको निर्णय हुदा उक्त निर्णयलाई पुरुषले सहजै स्विकार नगरेको स्थिति छ भने पुरुषले गरेको निर्णयलाई भने महिलाले अन्धभक्त रुपमा स्विकार गर्नुपरेको स्थिति छ । निर्णय प्रक्रियामा प्रभाव पार्ने तत्वहरुमा शिक्षा, पेशा, लिङ्ग, सम्पत्ती, परिवारको आकार, दाइजो आदि जस्ता पक्ष विशेष जिम्बेवार रहेको देखिन्छ ।

पारिवारिक निर्णय प्रक्रियामा महिलाको निर्णय क्षमतालाई बढाउन उनीहरुलाई जनचेतनामूलक विभिन्न कार्यक्रम सञ्चालन गराउनुपर्ने र त्यसमा सबैको सहभागिता गराउनुपर्ने स्थिति देखिन्छ । आर्थिक पक्षमा दलित महिलाहरु पछि परेकै कारण उनिहरुको निर्णय क्षमतामा पछि परेकाले कानुनी रुपमा रहेको सम्पत्तीको हकलाई व्यवहारीक रुपमा लागु गराउन आवस्यक देखिएको छ र आर्थिक अवस्था परिवारको नाजुक भएकोले बिचमै पढाई छाडेर मेलापात जानुपर्ने भएकाले समग्र दलित समुदायकै आर्थिक विकासलाई मध्यनजर गरी कार्यक्रम अगाडी बढाउनुपर्ने आवस्यकता देखिन्छ ।